Citizens Bank

# १६औं

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७८/७९

# सञ्चालक समिति



**राजन सिंह भण्डारी**
अध्यक्ष



**प्रकाश चन्द्र मैनाली**
सञ्चालक
(सर्वसाधारण तर्फ)



**विजय ध्वज कार्की**
सञ्चालक
(सर्वसाधारण तर्फ)



**सीता कार्की (के.सी.)**
सञ्चालक
(सर्वसाधारण तर्फ)



**प्रबल जंग पाण्डे**
सञ्चालक



**सजन शर्मा**
सञ्चालक



**अनिल ज्ञवाली**
सञ्चालक

**लेखापरीक्षक**
के. के. बुढाथोकी एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स

**राजेन्द्र लाल श्रेष्ठ**
नायव-प्रमुख कार्यकारी अधिकृत/
कम्पनी सचिव/सूचना अधिकारी

# विषय-सूची



| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | १ |
| २. | साधारण सभा सम्बन्धी अन्य जानकारी | २ |
| ३. | प्रोक्सी फाराम | ३ |
| ४. | सोह्रौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन | ५ |
| ५. | कम्पनी ऐन, २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण | १९ |
| ६. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धी विवरण | २५ |
| ७. | लेखापरीक्षकको प्रतिवेदन | २८ |
| ८. | एकीकृत वित्तीय अवस्थाको विवरण (वासलात) | ३३ |
| ९. | एकीकृत नाफा-नोक्सान विवरण | ३४ |
| १०. | एकीकृत अन्य विस्तृत आम्दानीको विवरण | ३५ |
| ११. | एकीकृत नगद प्रवाह विवरण | ३६ |
| १२. | एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण | ३८ |
| १३. | प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू | ४२ |
| १४. | बैंकको वित्तीय विवरणहरूका अनुसूचीहरू | ६२ |
| १५. | नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका, २०७८ को निर्देशन नं २० बुँदा नं ९ सँग सम्बन्धी विवरण | १४० |
| १६. | नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशिका, २०७८ को निर्देशन नं ६ को बुँदा नं १६ (च) सँग सम्बन्धी विस्तृत विवरण | १४० |
| १७. | नेपाल धितोपत्र बोर्डद्वारा जारी सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा २० (४) बमोजिम अनुपालना सम्बन्धी सारांश | १४१ |
| १८. | ऋणपत्र जारी गर्दाको प्रक्षेपित विवरण र लेखापरिक्षण भएको विवरण बीचको तुलना | १४२ |
| १९. | नेपाल राष्ट्र बैंकबाट प्राप्त लाभांश घोषणा र वितरण तथा वित्तीय विवरण प्रकाशन स्वीकृति पत्र | १४५ |
| २०. | नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति पत्रमा उल्लेखित निर्देशनहरू सम्बन्धमा बैंकको प्रतिक्रिया | १४५ |
| २१. | बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको प्रस्तावित संशोधनको तीन महले | १४६ |

# सिटिजन्स फास्ट ट्राक कर्जा

कृषक, युवा तथा महिलाहरूको व्यवसाय संचालनका लागि रू. ५ लाखसम्मको कर्जा ।




कृषि योग्य जग्गा समेत धितोको रुपमा स्वीकार गर्न सकिने ।

Citizens Bank
Narayanhiti Path, Kathmandu
TEL: +977 1 4427842/43/24
EMAIL: info@ctznbank.com
SWIFT: CTZNNPKA
/CTZNbank
/CitizensBankIn1
/citizensbankofficial
**#CTZNprogress**

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

**नारायणहिटी पथ, काठमाण्डौ**

**को**

**सोह्रौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी**

## सूचना

मिति २०७९/०६/१२ गते बसेको सञ्चालक समितिको ४०४ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको सोह्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

### १. सभा हुने मिति, स्थान र समय

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०७९ साल कार्तिक महिना ४ गते, शुक्रबार (तद्अनुसार अक्टोबर २१, २०२२) |
| स्थान | : | अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौ। |
| सभा सुरु हुने समय | : | बिहान ११:०० बजे। |

### २. छलफलका विषयहरु :

*क. साधारण प्रस्तावहरु*

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ९ प्रतिशतका दरले हुन आउने रु. १,२७,८०,८७,६६०.५१ बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१(ङ) र दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा आ.व. २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

*ख. विशेष प्रस्तावहरु*

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

२. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने।

   (क) साबिक सिर्जना फाइनान्सलाई प्राप्ति गरे पश्चात साबिक पूँजी संरचना ५१:४९ परिवर्तन भई कायम भएको पूँजी संरचना ५१.०७ :४८.९३ (संस्थापक शेयरधनीहरुले धारण गरेको जम्मा शेयर : साधारण शेयरधनीहरुले धारण गरेको जम्मा शेयर) बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

*ग. विविध*

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०७९/०६/२८ गते १ दिन बैंकको शेयरधनी दर्ता किताब बन्द रहनेछ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०७९/०६/२७ गतेसम्म कारोबार भई म्याद भित्र यस बैंकको शेयर रजिष्ट्रार सि.बि.आई.एल. क्यापिटल लिमिटेड, बाटुलेघर, डिल्लीबजार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र नगद लाभांश पाउने छन्।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका विहान ९:०० बजे देखि खुल्ला गरिने छ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०७९/०७/०२ गते बिहान ११:०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथ, दरवारमार्गमा दर्ता गराई सक्नु पर्नेछ। बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी)लाई मान्यता दिइयोस् भन्ने छुट्टैपत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानि पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ। प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६. बुँदा नं. १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित लाभांश रकमको हकदार हुनेछन्।

७. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन्।

८. नाबालक शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

९. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाण्डौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोलाजस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

**पुनश्चः** कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीको मुख्य कार्यालय नारायणहिटी पथ, काठमाण्डौं तथा यस बैंकको शेयर रजिष्ट्रार सि.बि.आई.एल. क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौमा उपस्थित भई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ। संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website:www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ।

सञ्चालक समितिको आज्ञाले,<br>
कम्पनी सचिव

# प्रतिनिधि (प्रोक्सी) फारम

**श्री सञ्चालक समिति**
**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**
**नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौं ।**

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

......................... जिल्ला ............................ म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. वडा नं. ............. बस्ने म/हामी ..............................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७९ साल कार्तिक ०४ गते शुक्रबार का दिन हुने १६ (सोह्र) औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ............................. जिल्ला ............................ म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. वडा नं....... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................................................... डिम्याट खाता नं. ......................... परिचय नं. .................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रोक्सी लिनेको दस्तखत :

निवेदक

दस्तखत :
नाम, थरः
ठेगानाः
डिम्याट खाता नं.ः
शेयरधनी परिचय नंः
संस्थापक शेयर कित्ताः
साधारण शेयर कित्ताः
जम्मा शेयर कित्ताः
मितिः

---

## प्रवेश–पत्र

शेयरधनीको नाम .................................... डिम्याट खाता नं. ...................... शेयरधनी परिचय नं. ..........................
शेयरधनीको सही ................................... शेयर संख्या .........................

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको मिति २०७९ साल कार्तिक ०४ गते शुक्रबार का दिन हुने सोह्रौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

............................
शेयरधनीको हस्ताक्षर

............................
कम्पनी सचिव

**द्रष्टव्य** : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै केन्द्रिय कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एकभन्दा बढि प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## सञ्चालक समितिको वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०७८/७९

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका १६औं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु । यस अवसरमा म २०७९ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरू समेतको आर्थिक वर्ष २०७८/७९ को एकीकृत वासलात, एकीकृत नाफा-नोक्सान हिसाब, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरू सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु । यस सम्मानित सभामा म सञ्चालक समितिको तर्फबाट आर्थिक तथा बैंकिङ्ग क्षेत्रको परिसूचक प्रस्तुत गर्दै बैंकको गत आर्थिक वर्षको कार्यको समीक्षा तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## १. आर्थिक तथा बैकिङ्ग क्षेत्रका परिसूचकहरू

### कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ५.८४ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ४.२५ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन २.३० प्रतिशत, उद्योग क्षेत्रको १०.१९ प्रतिशत तथा सेवा क्षेत्रको ५.९३ प्रतिशत वृद्धि रहने अनुमान छ । अघिल्लो वर्ष कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन क्रमशः २.८५ प्रतिशत, ४.५१ प्रतिशत र ४.१९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १४.२९ प्रतिशत, सेवा क्षेत्रको उत्पादन ६१.७६ प्रतिशत र कृषि क्षेत्रको उत्पादन २३.९५ रहेको छ । अघिल्लो वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १३.६९ प्रतिशत, सेवा क्षेत्रको उत्पादन ६१.४१ प्रतिशत र कृषि क्षेत्रको उत्पादन २४.९० प्रतिशत रहेको थियो ।

### वैदेशिक व्यापार

आर्थिक वर्ष २०७८/७९ मा कुल वस्तु निर्यात ४१.७ प्रतिशतले वृद्धि भई रु. २०० अर्ब ३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ४४.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा भारततर्फ ४५.९ प्रतिशत र अन्य मुलुकतर्फ ३०.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ २०.४ प्रतिशतले निर्यातमा कमी आएको छ । वस्तुगत आधारमा समीक्षा वर्षमा पाम तेल, उनी गलैंचा धागो (पोलिस्टर तथा अन्य), जिकं शिट, जुस लगायतका वस्तुहरूको निर्यात बढेको छ भने अलैंची, चिया, औषधी (आर्युवेदिक), तार लगायतका वस्तुको निर्यात घटेको छ ।

समीक्षा वर्ष २०७८/७९ मा कुल वस्तु आयात २४.७ प्रतिशतले वृद्धि भई रु. १९२० अर्व ४५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात २८.७ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा भारतबाट भएको आयात २३.५ प्रतिशत, चीनबाट भएको आयात १३.२ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ३६.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा वस्तुगत आधारमा  पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, स्पंज आइरन, सुन लगायतका वस्तुको आयात बढेको छ भने एम.एस. विलेट, सिमेन्ट, धान तथा चामल, दाल, मेडिकल उपकरण लगायतका वस्तुको आयात घटेको छ ।

समीक्षा वर्ष २०७८/७९ मा कुल वस्तु व्यापार घाटा २३.० प्रतिशतले वृद्धि भई रु.१७२० अर्ब ४२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा २७.३ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात १०.४ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो ।

### चालु खाता, शोधनान्तर तथा विप्रेषणको स्थिति

आर्थिक वर्ष २०७८/७९ मा चालु खाता रु.६२३ अर्ब ३३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्ष चालु खाता रु.३३३ अर्ब ६७ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष रु.२ अर्ब ८४ करोडले घाटामा रहेको चालु खाता समीक्षा वर्षमा ५ अर्ब १७ करोडले घाटामा रहेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा पुँजीगत ट्रान्सफर ३४.५ प्रतिशतले कमी आई रु.९ अर्ब ९९ करोड पुगेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४.९ प्रतिशतले वृद्धि भई रु.१८ अर्ब ५६ करोड कायम भएको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रु. १५ अर्ब २६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१९ अर्ब ५१ करोड रहेको थियो।

आर्थिक वर्ष २०७८/७९ मा शोधनान्तर स्थिति रु.२५५ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.१ अर्ब २३ करोडले बचतमा रहेको थियो।

आर्थिक वर्ष २०७८/७९ मा विप्रेषण आप्रवाह ४.८ प्रतिशतले वृद्धि भई रु.१००७ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ९.८ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.२ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ८.२ प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई ३,५४,६६० पुगेको छ। अघिल्लो वर्ष यस्तो संख्या ६२.८ प्रतिशतले घटेको थियो। त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा वर्षमा १९८.५ प्रतिशतले वृद्धि भई २,८२,४५३ पुगेको छ। अघिल्लो वर्ष यस्तो संख्या ४६.८ प्रतिशतले घटेको थियो।

**ब्याजदर**

२०७८ आषाढमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ४.५५ प्रतिशत रहेकोमा २०७९ आषाढमा १०.६६ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ आषाढमा ४.१२ प्रतिशत रहेकोमा २०७९ आषाढमा ६.८८ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुको औसत आधार दर २०७८ आषाढमा ६.८६ प्रतिशत रहेकोमा २०७९ आषाढमा ९.५४ प्रतिशत कायम भएको छ। २०७९ आषाढमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ७.४१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.६२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्ता दरहरु क्रमशः ४.६५ प्रतिशत र ८.४३ प्रतिशत रहेका थिए।

**निक्षेप परिचालन**

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप २१.४ प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.९ प्रतिशत, २७.६ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः १०.४ प्रतिशत, ३४.२ प्रतिशत र ४७ प्रतिशत रहेको थियो।

**कर्जा तथा सापट**

आर्थिक वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा २७.३ प्रतिशतले बढेको थियो। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह १२.७ प्रतिशतले, वित्त कम्पनीहरूको कर्जा प्रवाह २९.८ प्रतिशतले बढेको छ र विकास बैंकहरूको कर्जा प्रवाह १३.९ प्रतिशतले बढेको छ।

समीक्षा वर्ष २०७८/७९ मा कृषि क्षेत्रतर्फको कर्जा १९.७ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.७ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा १३.३ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ८.७ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६६.४ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु)को धितोमा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६६.१ प्रतिशत र १२.७ प्रतिशत रहेको थियो।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा २८.४ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १३.३ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १५.२ प्रतिशतले र रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) १७.५ प्रतिशतले बढेको छ भने ट्रष्ट रिसिट (आयात) कर्जा ६१.९ प्रतिशतले, मार्जिन प्रकृति कर्जा २४.३ प्रतिशतले र हायर पर्चेज कर्जा २.२ प्रतिशतले घटेको छ।

**विश्व अर्थतन्त्रको प्रभावका सन्दर्भमा**

गत केही समय यता रुस र युक्रेनबीच जारी युद्धको कारण विश्वव्यापी रुपमा आर्थिक गतिविधिहरु प्रभावित भएका छन् । पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा उल्लेख्य वृद्धि भएको छ । विश्व व्यापार गतिविधि तथा पुँजी प्रवाह प्रभावित भएको छ । यसले गर्दा कोभिडबाट प्रभावित भई पुनरुत्थान हुन लागेको विश्व अर्थतन्त्रमा चुनौती थपिएको छ ।

विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको छ । नेपालको सन्दर्भमा पनि मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र लगानीयोग्य साधनमा आएको संकुचनका कारण अर्थतन्त्रको पुनरुत्थानसँगै उच्च आर्थिक वृद्धिदर हासिल गर्ने दिशामा चुनौती सिर्जना भएको छ ।

## २. विगत वर्षको बैंकको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) बमोजिमको सर्वमान्य लेखाको सिद्धान्तका आधारमा तयार गरिएको छ । समीक्षा अवधि र अघिल्लो आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण अनुसार यस बैंकको वित्तीय स्थितिको तुलनात्मक अवस्था देहाय बमोजिम रहेको छ :

(रु. हजारमा)

| अनुपातहरू | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७७/७८ | वृद्धि/(ह्रास) |
|---|---|---|---|
| पूँजी कोषको पर्याप्तता | १२.६९% | १३.७०% | -१.०१% |
| **वासलात** | **आर्थिक वर्ष २०७८/७९** | **आर्थिक वर्ष २०७७/७८** | **वृद्धि/(ह्रास)** |
| कुल सम्पत्ति | १९४,४१२,६५० | १६८,३२९,०५० | १५.५०% |
| निक्षेप | १५५,१४०,०४५ | १४३,००३,४१३ | ८.४९% |
| कर्जा सापटीहरू | १३५,७७६,१३० | १२३,६२६,८८४ | ९.८३% |
| लगानीहरू - धितोपत्र तथा शेयरहरू | २९,०२३,६१६ | २२,७९७,५१५ | २७.३१% |
| जगेडा तथा कोषहरू | ६,२०८,३१५ | ६,३११,०९९ | -१.६३% |
| **नाफा - नोक्सान हिसाब** | **आर्थिक वर्ष २०७८/७९** | **आर्थिक वर्ष २०७७/७८** | **वृद्धि/(ह्रास)** |
| खुद ब्याज आम्दानी | ४,९९३,४९० | ३,६५०,३९८ | ३६.७९% |
| गैह्र ब्याज आम्दानी | १,५२२,९५० | १,५२७,३७९ | -०.२९% |
| सञ्चालन खर्च | ३,१३१,४२३ | २,१९८,०३७ | ४२.४६% |
| सञ्चालन मुनाफा | २,७०९,२५३ | २,४५५,२६६ | १०.३४% |
| खुद मुनाफा | २,००५,६११ | १,८०४,३४१ | ११.१५% |

**पूँजी संरचना :** आ.व २०७७/७८ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. १२ अर्ब ५७ करोड ६९ लाख २३ हजार १ सय १५ कायम रहेकोमा बोनस शेयर निष्काशन बापत रु. १ अर्ब ६२ करोड ४० लाख ५० हजार ८ सय ९१ थप गरि यस आ.व २०७८/७९ को अन्त्यमा बैंकको चुक्ता पूँजी रु. १४ अर्ब २० करोड ०९ लाख ७४ हजार ६ कायम रहेको छ ।

**पूँजी कोष पर्याप्तता :** आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा पूँजी कोष अनुपात १३.७० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ को अन्त्यमा उक्त अनुपात १२.६९ प्रतिशत रहेको छ।

**कुल सम्पत्ति :** आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा कुल सम्पत्ति रु. १६८ अर्ब ३२ करोड ९० लाख ५० हजार रहेकोमा आ.व. २०७८/७९ को अन्त्यमा १५.५० प्रतिशतले वृद्धि भई रु. १९४ अर्ब ४१ करोड २६ लाख ५० हजार पुगेको छ।




**निक्षेप संकलन :** आ.व.२०७७/७८ मा बैंकले कुल रु. १४३ अर्ब ३४ लाख १३ हजार निक्षेप परिचालन गरेकोमा आ.व.२०७८/७९ मा ८.४९ प्रतिशतले वृद्धि भई रु. १५५ अर्ब १४ करोड ४५ हजार पुगेको छ, जसमध्ये ग्राहकहरूको निक्षेप रु. १५२ अर्ब ८० करोड १४ लाख ९० हजार रहेको छ भने बैंक तथा वित्तीय संस्थाको निक्षेप रु. २ अर्ब ३३ करोड ८५ लाख ५४ हजार रहेको छ। बैंकको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ४.८७ प्रतिशत, बचत निक्षेपको अंश २५.०८ प्रतिशत, मुद्दती निक्षेपको अंश ६३.४३ प्रतिशत, मागेको बखत तिर्नुपर्ने निक्षेपको अंश ६.१० प्रतिशत र बाँकी अन्य निक्षेप रहेको छ।




**कर्जा र सापटीहरू :** कर्जा र सापटीहरूतर्फ बैंकले आ.व.२०७७/७८ मा रु. १२३ अर्ब ६२ करोड ६८ लाख ८४ हजार प्रवाह गरेकोमा आ.व. २०७८/७९ मा ९.८३ प्रतिशतले वृद्धि भई रु. १३५ अर्ब ७७ करोड ६१ लाख ३० हजार पुगेको छ ,जसमध्ये रु. १३२ अर्ब ४३ करोड २७ लाख ४७ हजार ग्राहकहरूलाई र रु. ३ अर्ब ३४ करोड ३३ लाख ८३ हजार बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा प्रवाह गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा गरिएको कुल कर्जा सापटी मध्ये रियल स्टेट क्षेत्रमा ३.५८ प्रतिशत, हाउसिङ्ग क्षेत्रमा ६.६४ प्रतिशत, मार्जिन लेन्डिङ्गमा ३.०० प्रतिशत, अधिविकर्ष कर्जामा १४.२१ प्रतिशत तथा अन्य कर्जामा ७२.५७ प्रतिशत लगानी रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा गरिएको कुल कर्जा लगानी मध्ये बैंकले प्राथमिकता प्राप्त क्षेत्रमा २९.०४ प्रतिशत लगानी गरेको छ, जसमध्ये कृषि क्षेत्रमा १२.१६ प्रतिशत लगानी रहेको छ। बैंकले आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्त सम्ममा हाइड्रोपावर प्रोजेक्टका लागि स्वीकृत कुल सीमा रु. १९ अर्ब २६ करोड ५० लाख मध्ये रु. ८ अर्ब १२ करोड २० लाख कर्जा प्रवाह गरी जल विद्युत क्षेत्रको विकासमा योगदान पुर्‍याएको छ। यस बैंकले करीव ४८७.७४ मेगावाट क्षमताका विभिन्न जलविद्युत आयोजनाहरूमा कर्जा लगानी गरेको छ। त्यसैगरी बैंकले आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तसम्ममा ६,१६८ वटा साना तथा मझौला कर्जा शीर्षक अन्तर्गत कुल रु. २२ अर्ब ४२ करोड ८१ लाख लगानी गरेको छ भने कृषि तथा साना व्यवसायलाई लक्षित ९,३५२ वटा फास्ट ट्र्याक लोन कर्जा शीर्षक अन्तर्गत कुल कर्जा रु. ५ अर्ब ६४ करोड ४३ लाख र कृषि तथा उद्यम कर्जामा रु. १५ अर्ब ४३ करोड २८ लाख तथा कृषि ऋणपत्र तर्फ रु. ६६ करोड ९० लाख सहित बैंकले कृषि क्षेत्रमा रु. १६ अर्ब १० करोड १८ लाख लगानी गरेको छ।




साथै बैंकले कृषि व्यवसायलाई थप योगदान पुर्‍याउने उद्देश्यले One Zone One Product को नीति अवलम्बन गरे अनुसार १,५२७ वटा कर्जा लगानीमा रु. १ अर्ब ६० करोड ८१ लाख कर्जा लगानी गरेको छ। त्यसै गरी बैंकले यस आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकद्वारा जारी भएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०७६" अन्तर्गतका विभिन्न क्षेत्रमा कुल ३,८४८ ऋणीहरुलाई रु. ४ अर्ब ८३ करोड ८० लाख कर्जा लगानी गरेको छ।




**कुल लगानी :** आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तसम्ममा बैंकले रु. २९ अर्ब २ करोड ३६ लाख १६ हजार लगानी गरेको छ। उक्त लगानीमध्ये नेपाल सरकारको ट्रेजरी बिल्स, विकास बण्ड र कृषि बण्डमा कुल रु. २७ अर्ब ७५ करोड १८ लाख ९० हजार अर्थात् कुल लगानीको ९५.६२ प्रतिशत लगानी रहेको छ भने संगठित संस्थाहरूको शेयरमा रु. ४० करोड १५ लाख ३५ हजार अर्थात् कुल लगानीको १.३८ प्रतिशत रहेको छ। बैंकको सहायक कम्पनीमा कुल रु. १६ करोड ७२ लाख ४ हजार लगानी रहेको छ भने सम्बद्ध कम्पनीमा रु. ३७ करोड ५६ लाख लगानी रहेको छ।







**खुद ब्याज आम्दानी :** आ.व. २०७७/७८ मा बैंकको खुद ब्याज आम्दानी रु. ३ अर्ब ६५ करोड ३ लाख ९८ हजार रहेकोमा आ.व. २०७८/७९ मा ३६.७९ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ९९ करोड ३४ लाख ९० हजार पुगेको छ।

**गैह्र ब्याज आम्दानी :** आ.व. २०७७/७८ मा बैंकको गैह्र ब्याज आम्दानी रु. १ अर्ब ५२ करोड ७३ लाख ७९ हजार रहेकोमा आ.व.२०७८/७९ मा ०.२९ प्रतिशतले कम भई रु. १ अर्ब ५२ करोड २९ लाख ५० हजार पुगेको छ।

**सञ्चालन खर्च :** आ.व.२०७७/७८ मा बैंकको कुल सञ्चालन खर्च रु. २ अर्ब १९ करोड ८० लाख ३७ हजार रहेकोमा आ.व. २०७८/७९ मा शाखा संजाल वृद्धि, घर भाडा, बीमाशुल्क, स्टेशनरी, सुरक्षा खर्च, इन्टरनेट जडान, पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि जस्ता खर्चहरुले कुल सञ्चालन खर्च ४२.४६ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब १३ करोड १४ लाख २३ हजार पुगेको छ।



**सञ्चालन मुनाफा :** आ.व. २०७७/७८ मा बैंकको सञ्चालन मुनाफा ६३.५९ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ४५ करोड ५२ लाख ६६ हजार रहेकोमा आ.व.२०७८/७९ मा १०.३४ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ७० करोड ९२ लाख ५३ हजार पुगेको छ।

**खुद मुनाफा :** आ.व. २०७७/७८ मा बैंकको खुद मुनाफा मा ५०.५४ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ८० करोड ४३ लाख ४१ हजार रहेकोमा आ.व. २०७८/७९ मा ११.१५ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ५६ लाख ११ हजार पुगेको छ। आ.व. २०७८/७९ मा बैंकिङ्ग क्षेत्रमा आएको तरलता अभावले बैंकको व्यवसायमा देखापरेको चुनौतिको केहि प्रभाव बैंकको खुद मुनाफामा परेको देखिन्छ।

## ३. सहायक कम्पनी सि.बि.आइ.एल. क्यापिटल लिमिटेडको कारोवारको सिंहावलोकन

बैंकको सहायक कम्पनी सि.बि.आई.एल.क्यापिटल लिमिटेडमा यस बैंकको ५८.६० प्रतिशत लगानी अर्थात कुल रु. २० करोड पूँजीमा बैंकको रु. ११ करोड ७२ लाख ४ हजार लगानी रहेको छ। उक्त कम्पनीको मुख्य उद्देश्य - निष्काशन तथा बिक्री प्रबन्धकको सेवा प्रदान गर्ने, लगानी व्यवस्थापन सेवा प्रदान गर्ने, सामूहिक लगानी कोष सेवा सञ्चालन गर्ने, शेयर रजिष्ट्रार सेवा प्रदान गर्ने, आदि रहेका छन्। आ.व. २०७८/७९ मा सि.बि.आई.एल. क्यापिटल लिमिटेडको खुद घाटा रु. ५४ लाख ५१ हजार रहेको छ। पूँजी बजार नेप्से परिसूचक घटेसँगै क्यापिटलको आम्दानीमा प्रतिकुल असर परि संस्था घाटामा गएको छ।

त्यसैगरी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडद्वारा प्रवर्धन गरिएको सि.वि.आई.एल क्यापिटल लिमिटेडद्वारा व्यवस्थापन गरिएको सिटिजन्स म्युचुअल फण्ड १ तथा सिटिजन्स म्युचुअल फण्ड २ मा बैंकको रु. १५/१५ करोड गरि कुल रु. ३० करोड लगानी रहेको छ। यस आ.व. २०७८/७९ मा सिटिजन्स म्युचुअल फण्ड अर्न्तगत सञ्चालित सिटिजन्स म्युचुअल फण्ड १ तथा सिटिजन्स म्युचुअल फण्ड २ को अन्तिम प्रति इकाई मूल्य रु. ९.१४ तथा रु. ९.९३ रहेको छ।

## ४. सहायक कम्पनी सि.बि.आइ.एल. सेक्यूरिटिज लिमिटेडको कारोवारको सिंहावलोकन

बैंकको सहायक कम्पनी सि.बि.आई.एल. सेक्यूरिटिज लिमिटेडमा यस बैंकको शत् प्रतिशत लगानी अर्थात कुल रु. ५ करोड लगानी रहेको छ। उक्त कम्पनीको मुख्य उद्देश्य - धितोपत्र खरीद तथा विक्रीको सेवा प्रदान गर्ने, निक्षेप सदस्यको सेवा प्रदान गर्ने आदि रहेका छन्। सि.बि.आइ.एल.सेक्यूरिटिज लिमिटेड हाल नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट धितोपत्र कारोवार सञ्चालनको स्वीकृति लिने प्रकृयामा रहेको छ। आ.व. २०७८/७९ मा सि.बि.आई.एल.सेक्यूरिटिज लिमिटेडको खुद मुनाफा रु. ३३ लाख ३२ हजार रहेको छ।

## ५. शाखा सञ्जालमा विस्तार

नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको पालना गर्दै बैंकको व्यवसाय वृद्धि गर्ने नीति अनुरूप बैंकको उपस्थिति नभएको स्थानहरुमा व्यवसाय विस्तार गर्न आ.व.२०७८/७९ मा प्रदेश नं. ३ को काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिकामा ठुलो भऱ्याङ्ग शाखा, कागेश्वरी मनहरा नगरपालिकामा थली शाखा, बुढानिलकण्ठ नगरपालिकामा बुढानिलकण्ठ शाखा तथा भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिकामा सुर्यविनायक शाखा विस्तार गरी बैंकको कुल शाखा संख्या १७८ पुगेको छ।

## ६. सूचना प्रविधि

बैंकले आफ्ना सेवा सुविधालाई सरल, सहज र सुरक्षित रुपमा ग्राहक समक्ष पुऱ्याउनको लागि बजारमा उपलब्ध नविनतम प्रविधिको प्रयोगलाई प्राथामिकतामा राखेको छ। बैंकिङ्ग सेवालाई भर पर्दो र गुणस्तरिय बनाउनको लागि Infosys ले विकास गरेको विश्वकै उत्कृष्ट १० बैंकिङ्ग सफ्टवेयरमा पर्ने Finacle Core Banking System प्रयोग गर्दै आएको छ र समय-समयमा ग्राहकको आवश्यकता र सुरक्षालाई मध्यनजर गरि अद्यावधिक गर्दै आएको छ। बैंकले आफ्नो आन्तरिक प्रयोजनको लागि सूचना व्यवस्थापन प्रणाली (MIS) मा थप विवरणहरु समावेश गरि विभिन्न report हरुको प्रयोग गर्दै आएको छ। बैंकले Digitization मार्फत ग्राहकलाई दिने सेवा सुविधाका साथै आन्तरिक कार्यप्रणालीलाई स्वचालित बनाउने अभियानमा लागिपरेको छ र सो कार्यका लागि सफ्टवेयर तथा हार्डवेयरमा थप लगानी गरि सुरक्षा प्रणालीलाई थप मजबुत गर्दै अघि बढि रहेको छ। साथै, बैंकले सूचना प्रविधिको विकाससँगै बैंकिङ्ग क्षेत्रमा देखा पर्ने सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्दै आफ्नो सेवा सुविधाको गुणस्तरमा सुधार गर्दै लैजाने नीति लिएको छ।

## ७. डिजिटल बैंकिङ्ग

यस बैंकले डिजिटल बैंकिङ्गलाई प्राथमिकतामा राख्दै आएको छ। बैंकले आफ्ना सम्पूर्ण सेवा सुविधालाई क्रमिक रुपमा डिजिटल रुपान्तरण गर्न, विभिन्न योजना बनाई कार्यान्वयन गर्दै आईरहेको छ।

E-cash (चेक बिनै काउन्टरबाट पैसा निकाल्ने प्रविधि), E voucher (कागज बिहीन भौचर प्रविधि), Cardless withdrawal (कार्ड बिनानै ATM बाट पैसा निकाल्ने प्रविधि) जस्ता डिजिटल प्रविधिमुलक सेवा प्रदान गर्दै आएको बैंकले थप डिजिटल बैंकिङ्ग सुविधाहरु यस वर्ष देखि शुरु गरेको छ।

बैंकले आफ्ना ग्राहकहरुलाई बैंकसम्म नआई मोबाईल तथा वेवसाइटका माध्यमबाटै कार्ड, मोबाइल बैंकिङ्ग, डिम्याट, QR आदि सम्बन्धी बिभिन्न सेवाहरु प्राप्त होस भन्ने उद्देश्यले Smart Services Portal को सुरुवात गरेको छ। यो सेवाको सुरुवात सँगै ग्राहकहरुले नयाँ कार्ड, मोबाइल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्गको अनुरोध गर्न, रिपिन अनुरोध गर्न, कार्ड/मोबाइल बैंकिङ्ग ब्लक अनुरोध, रिप्लेस अनुरोध, मेरो शेयर रजिष्ट्रेशन तथा नविकरण र CRN No. को बिवरण हेर्ने सुबिधाका साथै विभिन्न सेवा सम्बन्धी गुनासो तथा प्रतिक्रिया प्रदान गर्न सक्नुहुन्छ।

बैंकका ग्राहकहरुको बैंकका सेवा सम्बन्धमा जिज्ञासा तथा समस्याको छिटो भन्दा छिटो सामाधान होस् भन्ने उद्धेश्यले ग्राहक सहायता केन्द्र (Customer Support Center) समेत स्थापना गरेको छ। यसबाट ग्राहकहरुले बैंकका शाखामा उपस्थित नभई ग्राहक सेवा प्रतिनिधिहरुसँग फोन तथा इमेलका माध्यमबाट सम्पर्क गरी आफ्ना जिज्ञासा तथा समस्याको सामाधान प्राप्त गर्न सक्नुहुन्छ।

बैंकले यसै बर्ष देखि नागरिक एप मार्फत अनलाईन खाता खोल्न सक्ने सुबिधाको समेत सुरुवात गरेको छ। साथै बैंकले आफ्नो दरबारमार्ग स्थित मुख्य कार्यालयबाट KIOSK सेवाको प्रारम्भ गरेको छ। यो सेवाको सुरुवात भएसँगै ग्राहकहरुले बैंक कर्मचारीहरुको सहयोग बिना नै चेक क्लियरिङ गर्न, खाताको विवरण हेर्न, स्टेटमेन्ट प्रिन्ट गर्न तथा बैंक सम्बन्धी विभिन्न जानकारीहरु प्राप्त गर्न सक्नुहुन्छ।

बैंकले यसै बर्ष मोबाइल बैंकिङ्ग एप प्रयोग गरि रेमिटेन्स सेवाको समेत सुरुवात गरेको छ। अब बैंकका ग्राहकहरुले नेपालभरि आन्तरिक विप्रेषण पठाउन तथा प्राप्त गर्न साथै विदेशबाट पठाएको पैसा सिटिजन्स मोबाइल बैंकिङ्ग एप प्रयोग गरी देशको जुनसुकै स्थानमा सुरक्षित एवं सुलभ ढंगबाट प्राप्त गर्न सक्नुहुन्छ।

## ८. कार्ड व्यवसाय

यस बैंकले आफ्ना ग्राहकहरूको सुविधालाई ध्यानमा राख्दै ATM तथा POS सेवा प्रदान गर्दै आइरहेको छ। यसै सन्दर्भमा बैंकले आर्थिक वर्ष २०७८/७९ मा थप ७ वटा ATM जडान गरेको छ। यससँगै बैंकको कुल ATM संख्या १३० र कुल POS संख्या ४४१ पुगेको छ। साथै कार्ड सेवा बिस्तार गर्ने क्रममा यस आर्थिक बर्षको अन्तसम्म बैंकको कुल डेबिट कार्डको संख्या २५८,७२७ वटा, क्रेडिट कार्डको संख्या ५,७७० वटा तथा प्रिपेड कार्डको संख्या १,०२८ वटा पुगेको छ।

बैंकले यसै वर्षदेखि कार्ड प्रिन्टिङ्ग (Card Personalization Service) को सुरुवात गरेको छ । त्यसै गरी बैंकले आफ्ना ग्राहकहरुको लागि Cardless CashWithdraw सुविधाको सुरुवात गरेको छ। यो प्रविधि सरल एवं सहज हुनुका साथै आफूसँग कार्ड नभएको अवस्थामा समेत ATM बाट पैसा निकाल्न सकिने सुविधा रहेको छ।

## ९. विप्रेषण कारोवार

बैंकले आफ्नै विप्रेषण सेवा सिटिजन्स रेमिट मार्फत विश्वका विभिन्न मुलुकहरूबाट अन्तर्राष्ट्रिय एवं स्वदेशमा आन्तरिक विप्रेषण कारोवार गर्दै आइरहेको छ।

बैंकले कुल १ करोड ६१ लाख १४ हजार १ सय १३ अमेरिकी डलर बरावरको विप्रेषण भित्र्याई रु. ३ करोड ३१ लाख ५३ हजार ९ सय ८ बराबरको आम्दानी गरेको छ।

अन्तर्राष्ट्रिय विप्रेषण सेवा अर्न्तगत बैंकले विभिन्न रेमिटेन्स कम्पनी र बैंकहरूसँग सहकार्य सम्झौता गरी हाल यूएइ, कतार, यूरोप, अमेरिका, भारत, अस्ट्रेलिया, सिङ्गापूर, टर्की, हङकङ्ग लगायत मुलुकहरूबाट विप्रेषण भित्र्याउँदै आइरहेको छ।

बैंकले आन्तरिक विप्रेषण सेवालाई डिजिटलाइज गरि सिटिजन्स मोबाइल एपबाट सिटिजन्स रेमिट पठाउन वा प्राप्त गर्न सकिने सुविधा थप गरेको छ। साथै, विश्वका विभिन्न मुलुकहरूबाट पठाएको विप्रेषण रकम बैंकका सम्पूर्ण शाखाहरू र देश भित्र छरिएर रहेका १२ हजार भन्दा बढी सहायक प्रतिनिधिहरूबाट सहज रुपमा भुक्तानी गर्न सकिन्छ।

आगामी दिनहरूमा विप्रेषण कारोवारलाई अझ प्रभावकारी बनाउँदै लैजाने क्रममा बैंकले विदेश तथा स्वदेशमा रहेका विभिन्न बैंक र रेमिटेन्स कम्पनीहरूसँग थप सम्झौताहरू गरी विप्रेषण कारोवार विस्तार गर्ने रणनीति लिएको छ।

## १०.अन्य बैंकिङ्ग सुविधा विस्तार

यस बैंकले आ.व.२०७८/७९ मा बर्दिया जिल्लाको जोगीगाउँ र ओराली बजार, नवलपरासी (पूर्व) जिल्लाको त्रिभुवनटार, नवलपरासी (पश्चिम) जिल्लाको जर्गाहा र भटौलिया बजार, दाङ जिल्लाको मुर्कुटी, नुवाकोट जिल्लाको मदानपुर, महोत्तरी जिल्लाको पडौल, ललितपुर जिल्लाको सुबाने, रुकुम पूर्व जिल्लाको महत र चुनवाङ, उदयपुर जिल्लाको तोरीबारी र धनुषा जिल्लाको रमदैया भवाडीमा गरी १३ वटा थप शाखारहित बैंकिङ्ग सेवा विस्तार गरी हालसम्म बैंकले ९७ वटा शाखारहित बैंकिङ्ग ईकाइहरूबाट शाखारहित बैंकिङ्ग सेवाप्रदान गर्दै आइरहेको छ। शाखारहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी जस्ता उपयोगी सेवा लगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरू उपलब्ध गराउँदै आइरहेको छ।

यसैगरी बैंक र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण बीच भूकम्पबाट क्षति भएका निजि आवास पुनर्निर्माणका लागि अनुदान रकम वितरण गर्ने सम्झौता अनुसार यस बैंकले ७ जिल्ला (दोलखा, काभ्रे, मकवानपुर, भोजपुर, म्याग्दी, काठमाण्डौ र सिन्धुली)का १० शाखाहरूबाट (मनहरि, चरिकोट, बेनी, हेटौंडा, भोजपुर, हरिहरपुरगढि, कीर्तिपुर, थापाथली, सिन्धुली र बनेपा) अनुदान रकम वितरण गर्न थालेको छ। नेपाल सरकारलाई अनुदान रकम वितरणमा सहयोग पुऱ्याउने उद्देश्य अनुरुप हाल सम्म ११,८३५ सेवाग्राहीलाई विभिन्न किस्तामा रकम वितरण गरिएको छ।

## ११. संस्थागत सामाजिक उत्तरदायित्व

नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन तथा नेपालको दिगो विकास लक्ष्यलाई आत्मसात् गर्दै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत आफ्नो स्थापनाकाल देखि नै सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसैको निरन्तरता स्वरूप आ.व. २०७८/७९ मा बैंकले स्वास्थ्यमा करिब रू. ५० लाख ८ हजार, संस्कृतिको जगेर्नाका निम्ति करिब रू. ४ लाख ८४ हजार, वित्तीय साक्षरताका निम्ति रू. ४ लाख २७ हजार र अन्य विविध क्षेत्रहरुमा रू. ३१ लाख ३५ हजार गरी विभिन्न संघ संस्थाहरूलाई बैंकले कुल रु. ९१ लाख २६ हजारको आर्थिक सहयोग उपलब्ध गराएको छ।

## १२. मानव संसाधन

जनशक्ति व्यवस्थापन गर्न वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा नायब प्रमुख कार्यकारी अधिकृतहरु, प्रमुख प्रशासकीय अधिकृत र जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिव रहेको पदपूर्ति समिति गठन गरिएको छ।

२०७९ आषाढ मसान्त सम्ममा बैंकमा कुल १,७५८ जना कर्मचारीहरु कार्यरत रहेका छन्। समीक्षा वर्षमा २७३ जना नयाँ कर्मचारीको नियुक्ति तथा १७९ जना कर्मचारीहरु बैंकको सेवाबाट अलग भएका छन्। कुल कर्मचारी मध्ये ७७५ जना (४४.०८ प्रतिशत) महिला कर्मचारीहरू रहेका छन्। ग्राहकवर्गलाई सर्वसुलभ तथा छिटोभन्दा छिटो समयमा सेवा उपलब्ध गराई व्यावसायिक उद्देश्य प्राप्ति गर्न बैंकको जनशक्तिको दक्षता वृद्धिका लागि प्रायः सबै कर्मचारी समावेश हुने गरि विभिन्न शीर्षकहरूमा स्वदेशका विज्ञहरुद्वारा तालिम प्रदान गरिएको छ। जनशक्तिको दक्षता अभिवृद्धि का लागि कुल रु.१ करोड १ लाख ५६ हजार ८ सय खर्च गरिएको छ। साथै आगामी वर्षमा समेत आवश्यक तालिमहरू प्रदान गर्ने नीति बैंकले लिएको छ।

## १३. सरकारी राजस्वमा योगदान

आ.व. २०७८/७९ मा बैंकले अग्रिम आयकर बापत रु. ९१ करोड र विभिन्न भुक्तानीमा कर कट्टी गरे बापत रु. ८३ करोड ३७ लाख ८८ हजार गरी कुल रु. १ अर्ब ७४ करोड ३७ लाख ८८ हजार ठूला करदाता कार्यालयमा दाखिला गरेको छ।

## १४. आन्तरिक नियन्त्रण प्रणाली

बैंकिङ्ग व्यवसायमा निहित कर्जा, बजार तथा सञ्चालन लगायतका जोखिमहरूलाई दृष्टिगत गरी बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने नीति लिएको छ। यस सम्बन्धमा बैंकिङ्ग कारोवारका सबै क्षेत्रमा आवश्यक नीति, नियमहरू बनाई कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी बैंकका कामकारवाहीहरू प्रचलित कानून बमोजिम भए गरेको छ/छैन त्यसको यकिन गर्ने उद्देश्यले बैंकमा एउटा स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरी त्यस विभागलाई सञ्चालक समिति अन्तर्गतको लेखापरीक्षण समिति मातहत राखिएको छ। बैंकिङ्ग कारोवारहरूमा निहित जोखिमहरूलाई निरन्तर रुपमा अनुगमन गरी सञ्चालक समितिलाई उपयुक्त राय सुझाव दिनका लागि सञ्चालक समितिको जवाफदेहीतामा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिले त्यस सम्बन्धमा प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ। साथै, कर्जामा निहित जोखिमलाई न्यूनीकरण गर्न छुट्टै कर्जा जोखिम विभाग गठन गरी सञ्चालनमा ल्याइएको छ। त्यस्तै बैंकमा रहेका सम्पूर्ण ग्राहकको जोखिम स्तर निर्धारण गर्ने तथा अन्य अनुपालनको क्रममा देखिने कमिकमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरि त्यस अन्तर्गत सम्पत्ति शुद्धीकरण विभाग सञ्चालनमा रहेको छ।

साथै विभिन्न विभागहरूसँग सम्बन्धित कार्य सञ्चालनलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू जारी गरी लागू गरिएको छ। निर्णय प्रकृयालाई छिटो-छरितो तथा चुस्त बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), जोखिम र आम्दानीको (Risk and Return) दृष्टिकोणबाट वासलात व्यवस्थापन गर्ने, ब्याजदर तथा तरलता जोखिमको रणनीतिक व्यवस्थापन गर्न व्यवस्थापन तहका पदाधिकारीहरू सम्मिलित सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCO), बैंकको दैनिक काम कारवाही, लगानी, सञ्चालन तथा रणनीतिक योजनाको कार्यान्वयनका लागि चाहिने सूचना तथा प्रविधि प्रणालीको विकास गर्ने, समयानुसार अद्यावधिक गर्ने र अग्रसर भई काम गर्न बैंकका पदाधिकारीहरू सम्मिलित IT Steering Committee, सञ्चालन जोखिम न्यूनिकरणका लागि बैंकको दैनिक काम-कारबाहीमा अन्तर-विभागीय समन्वय स्थापित गर्ने तथा आवधिक अनुगमन गरी सुधारात्मक व्यवस्था गर्न नायव कार्यकारी प्रमुख अधिकृत जोखिमको संयोजकत्वमा विभागीय प्रमुखहरू सम्मिलित सञ्चालन जोखिम व्यवस्थापन समिति र बैंकको दैनिक काम - कारबाहीका लागि चाहिने Logistics को व्यवस्था गर्न बोलपत्रको आव्हान गर्न, Logistics खरिदका लागि प्रमुख कार्यकारी अधिकृतलाई सिफारिस गर्ने र बोलपत्र कबोल गर्ने जस्ता कामका लागि खरिद समिति लगायतका समितिहरू क्रियाशील रहेका छन्।

## १५. संस्थागत सुशासन तथा अनुपालन :

संस्थागत सुशासन तथा अनुपालन (Corporate Governance and Compliance) को स्तरलाई उच्चतम राख्ने विषयमा बैंकले सदैव महत्व दिँदै आएको र आगामी दिनहरुमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनको अवस्थालाई थप सवल तथा सुदृढ बनाउँदै जाने तर्फ बैंक प्रतिबद्ध रहेको छ। संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्दै बैंकको उद्देश्य र नीति अनुरुप आन्तरिक संरचना तयार पार्नुका साथै सम्पूर्ण कर्मचारी तथा सञ्चालकहरुले पालना गर्नुपर्ने आचरणको सम्बन्धमा आवश्यक आचार संहिताको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ। बैंकको नीति, कार्यक्रम तथा बजेट, लेखाप्रणाली, निक्षेप परिचालन तथा कर्जा प्रवाह, बैंकको लगानी, बैंकले प्रदान गर्ने वित्तीय सेवाको मूल्य निर्धारण, खरीद तथा निर्माण कार्य, मानव संसाधन व्यवस्थापन लगायतका बैंकले सम्पादन गर्ने अन्य कार्यहरुका सन्दर्भमा स्थापित प्रणाली तथा बैंकिङ्ग क्षेत्रमा गरिने असल अभ्यास अवलम्वन गर्ने संस्कृति समेत विद्यमान रहेको छ। जवाफदेहिता तथा उत्तरदायित्व अन्तर्गत बैंकले आफ्ना उद्देश्यहरु हासिल गर्न सम्पादन गरेका कार्यहरु प्रति नेपाल सरकार, नियामक निकाय, नागरिक समाज, शेयरधनी, निक्षेपकर्ता, ऋणी, बैंकका सेवाग्राही, बैंकका साहु लगायतका सरोकारवाला प्रति जवाफदेही तथा उत्तरदायि हुने असल अभ्यास गरिएको छ।

बैंकको नीति तथा कार्यक्रम एवम् वजेट निर्माण, निर्णय प्रकृया, श्रोत परिचालन लगायतका व्यवसायिक क्रियाकलापमा विभिन्न तहको सहभागिता गराई कार्यान्वयन पक्षमा अपनत्वको भावना विकास गर्नुका साथै वित्तीय अनुसाशन, नैतिकता सहितको नेतृत्व, विश्वासको वातावरण, सिमान्तकृत तथा अल्पसंख्यकका साथै लैंगिक विभेद रहित सशक्तिकरण, समान अवसर तथा परिणाममुखी प्रणाली प्रति बैंक सञ्चालक समिति एवम् व्यवस्थापन अनुशासित तथा प्रतिवद्ध रहेको छ। सञ्चालक समिति तथा बैंकका सबै कार्यहरू पारदर्शी रूपमा सञ्चालन गरी संस्थागत सुशासनलाई सुदृढ गर्दै लैजान बैंक सदैव क्रियाशील रही आएको छ। साथै बैंकमा अनुपालनको अवस्था अनुगमन र विश्लेषण गर्ने र उपयुक्त समाधान गर्न छुट्टै अनुपालन विभाग पनि सञ्चालनमा रहेको छ। नेपाल राष्ट्र बैंक एवं अन्य सम्बद्ध नियामक निकायहरूबाट समय-समयमा जारी भएका नियमन एवं निर्देशनलाई बैंकले कार्यान्वयन गर्दै आएको साथै आगामी दिनहरूमा समेत पूर्ण रुपमा कार्यान्वयन गरिने छ।

## १६. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण

समीक्षा वर्षमा सञ्चालक समितिका सदस्य श्री प्रकाश चन्द्र मैनालीज्यू र श्री विजय ध्वज कार्कीज्यू यस बैंकको कार्त्तिक १६,२०७८ गते सम्पन्न भएको पन्ध्रौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूह "ख"को तर्फबाट सञ्चालक पदमा पुनःनिर्वाचित हुनुभएको छ।

## १७. व्यवस्थापनमा भएको हेरफेर र त्यसको कारण

समीक्षा वर्षमा व्यवस्थापनमा निमित्त नायव प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत श्री सुमीत बाबु खत्रीलाई मिति २०७८/०४/०१ गते बाट वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पदमा पदोन्नति गरिएको छ। यसै गरि श्री पारस कुमार काफ्ले तथा श्री राजेन्द्र लाल श्रेष्ठलाई मिति २०७८/०४/०१ गते बाट क्रमशः नायव प्रमुख कार्यकारी अधिकृत- सञ्चालन तथा नायव प्रमुख कार्यकारी अधिकृत- जोखिम तथा अनुपालन पदमा पदोन्नति गरिएको छ। त्यसैगरि मिति २०७८/०४/०१ गते बाटै श्री सुमन मुलेपतिलाई प्रमुख कर्जा अधिकृत, श्री नारायण राज अधिकारीलाई प्रमुख प्रशासकिय अधिकृत र श्री अमित खनाललाई प्रमुख जोखिम अधिकृतको जिम्मेवारी दिईएको छ भने मिति २०७८/०८/२६ गते बाट श्री रवि कुमार रौनियारलाई प्रमुख सञ्चालन अधिकृतको जिम्मेवारी दिईएको छ।

## १८. अन्य समितिहरू

नेपाल राष्ट्र बैंकको निर्देशन नं ६/०७८(७)(१)(क) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र २७ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीतामा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गरेको छ।

त्यसैगरी बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २६ र नेपाल राष्ट्र बैंकको इ.प्रा. निर्देशन न. ६/०७८ (७)(१)(ख) बमोजिम नीति पुनरावलोकन उप-समिति, मर्जर तथा एक्विजिसन उप–समिति, बजेट उप–समिति, भवन/जग्गा खरिद उप–समिति, डिजिटल रुपान्तरण उप-समिति गठन/पुनर्गठन गरेकोमा हाल नीति पुनरावलोकन उप-समिति र डिजिटल रुपान्तरण उप-समिति को कार्यादेश र समयावधि समाप्त भएको हुँदा उक्त उप–समितिहरु विघटन गरिएको छ।

### लेखापरीक्षण समिति

लेखापरीक्षण समितिमा मिति २०७८ श्रावण १ देखि मिति २०७८ पौष १ सम्म सञ्चालक श्रीमती सीता कार्की (के.सी) संयोजक, सञ्चालक श्री सजन शर्मा सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिवमा रहेको थियो भने २०७८ पौष २ मा लेखापरीक्षण समिति पुनर्गठन भई सञ्चालक श्री अनिल ज्ञवाली संयोजक, सञ्चालक श्रीमती सीता कार्की (के.सी) सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिवमा रहेका छन्। सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी बैंकको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ।

लेखापरीक्षण समितिको बैंठक आ.व. २०७८/७९ मा १४ पटक बसेको छ र बैठक भत्ता बापत रु. २४२,०००/–भुक्तानी गरिएको छ। उक्त बैंठकहरूमा प्रचलित कानून बमोजिम बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरूको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, बैंकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थपरक बनाउन व्यवस्थापनलाई सहयोग गर्ने, बैंकको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरू अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने, बैंकको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने कार्यहरू समितिले सम्पन्न गरेको छ।

### जोखिम व्यवस्थापन समिति

जोखिम व्यवस्थापन समितिमा मिति २०७८/०९/०४ पश्चात सञ्चालक श्री प्रबलजंग पाण्डे संयोजक, सञ्चालक श्री प्रकाश चन्द्र मैनाली र सञ्चालक श्री अनिल ज्ञवाली तथा प्रमुख सञ्चालन अधिकृत सदस्य छन् भने प्रमुख जोखिम अधिकृत सदस्य सचिवमा रहेका छन्।

लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहने र समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्ने व्यवस्था रहेको छ। यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ।

आ.व. २०७८/७९ मा जोखिम व्यवस्थापन समितिको बैंठक ५ पटक बसेको छ र बैठक भत्ता वापत रु.१५४,०००/–भुक्तानी गरिएको छ। बैंकलाई असर पार्न सक्ने जोखिमहरूलाई पत्ता लगाई त्यसको उचित व्यवस्थापन गर्न बैंकको जोखिम व्यवस्थापन समिति क्रियाशील रहेको छ। समितिले जोखिम व्यवस्थापनको सन्दर्भमा कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, अनुपालन जोखिम, IT जोखिम र अन्य जोखिमलाई न्यूनीकरण गर्नमा विशेष ध्यान दिने गरेको छ। कर्जा जोखिम व्यवस्थापनका निम्ति बैंकमा जोखिम व्यवस्थापन समिति अन्तर्गत रहने गरी कर्जा जोखिम इकाई रहने व्यवस्था गरिएको छ।

जोखिम व्यवस्थापन समितिमा त्रैमासिक प्रतिवेदन उपर छलफल गर्ने गरिएको छ जसमा त्रैमासिक रुपमा पेश हुने विभिन्न प्रतिवेदनहरू जस्तै ICAAP सम्बन्धी त्रैमासिक प्रतिवेदन, ALCO Minutes को सूक्ष्म रूपमा अध्ययन तथा छलफल गर्ने गरिएको छ। बैंकको जोखिम बहन गर्ने क्षमताको समितिमा विस्तृत छलफल गर्ने गरिएको, अनुपालनको विद्यमान अवस्थाको विश्लेषण, विभिन्न नीति तथा कार्यविधिमा समयसापेक्ष रूपमा परिमार्जन तथा थपघट गर्ने लगायत अन्य जोखिम सम्बन्धि विषयमा छलफल गरी समितिलाई जोखिम न्यूनिकरण र व्यवस्थापन गर्न आवश्यक सुझावहरु सिफारिस गर्ने गरेको छ।

**कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति**

कर्मचारी व्यवस्थापन र सेवा सुविधा समितिमा सञ्चालक श्री विजय ध्वज कार्की संयोजक, सदस्यमा सञ्चालक श्री अनिल ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत, वित्त विभागका विभागीय प्रमुख र जनशक्ति व्यवस्थापन विभागका विभागीय प्रमुख सदस्य सचिवमा रहेका छन् र सो समितिमा मिति २०७८ पौष ४ देखि लागु हुने गरि संयोजक श्री सजन शर्मा र सञ्चालक सदस्यमा श्री प्रकाश चन्द्र मैनाली रहने गरि पुर्नगठन गरिएको छ। यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रहेको छ।

आ.व. २०७८/७९ मा कर्मचारी सेवा सुविधा समितिको बैठक ४ पटक बसेको र बैठक भत्ता वापत रु. ८८,०००/– भुक्तानी गरिएको छ। समितिले कर्मचारी सेवा सुविधाहरू समीक्षा गरी Human Resource Management Policy साथै कर्मचारीहरुको तलब तथा भत्ता पुनरावलोकन गरेको छ। त्यसैगरि समितिले कर्मचारीहरुको घर कर्जा, तलब भत्ता पेश्की सुबिधा, दीर्घ सेवा सम्मान पदक जस्ता विभिन्न सुविधाहरु को समीक्षा गरि संशोधन गरेको छ। आ.व. २०७९/८० का लागि आवश्यक कर्मचारीहरूको दरबन्दी सिफारिस, शाखाहरुको वर्गीकरण पुनरावलोकन तथा बैंकको अन्य नीतिहरू समेत पुनरावलोकन गर्ने कार्य समेत सम्पन्न गरेको छ।

**सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति**

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा मिति २०७८ पौष ४ गते सम्म सञ्चालक श्री सजन शर्मा संयोजक, सञ्चालक श्री सीता कार्की (के.सी)–सदस्य, प्रमुख जोखिम अधिकृत र प्रमुख अनुपालन विभाग–सदस्य र प्रमुख अनुपालन अधिकृत–सदस्य सचिव रहेको र मिति २०७८ पौष ४ गते पछि सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिमा सञ्चालक श्री विजय ध्वज कार्की संयोजक, सञ्चालक श्री सीता कार्की (के.सी)–सदस्य, प्रमुख जोखिम अधिकृत र प्रमुख अनुपालन विभाग सदस्य र एकीकृत निर्देशन नं. १९ को बुँदा नं १८ बमोजिम नियुक्त कार्यान्वयन अधिकारी सदस्य सचिव रहेका छन्। यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रहेको छ।

आ.व २०७८/७९ मा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको बैठक ७ पटक बसेको छ र बैठक भत्ता वापत रु. १५४,०००/– भुक्तानी गरिएको छ। समितिले बैंकको AML/CFT सँग सम्बन्धित समग्र अनुपालनको अवस्थाको विश्लेषण गर्ने, बैंकमा रहेका सम्पूर्ण ग्राहकको AML/CFT को जोखिम व्यवस्थापन प्रतिवेदनमा छलफल तथा विश्लेषण गर्ने, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन, एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन तथा अन्य अनुपालनको क्रममा देखिएका कमीकमजोरीको उपयुक्त तरिकाले अनुगमन तथा समाधान गर्न आवश्यक सुधारहरुको विस्तृत विवरण सञ्चालक समितिमा पेश गरेको छ। साथै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापका सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट गरिएको स्थलगत निरीक्षणको अन्तिम प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको उपर छलफल तथा पूर्ण कार्यान्वयनको समिक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नुपर्ने पक्षहरुको छलफल गरि विस्तृत विवरण समेत सञ्चालक समितिमा पेश गरेको छ।

**मर्जर तथा प्राप्ति (एक्विजिसन) उप-समिति**

बैंकले नेपाल राष्ट्र बैंकबाट जारी गरिएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने मर्जर तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली २०७३ को दफा ५ (३ख) का प्रावधानहरूको अधीनमा रही कार्य गर्न गैह्र कार्यकारी सञ्चालकको संयोजकत्वमा मर्जर तथा प्राप्ति (एक्विजिसन) उप-समिति गठन गरेको छ। मर्जर तथा प्राप्ति (एक्विजिसन) उप-समितिमा सञ्चालक श्री प्रवलजंङ्ग पाण्डे संयोजक, सदस्यहरूमा सञ्चालक श्री प्रकाश चन्द्र मैनाली, सञ्चालक श्री विजय ध्वज कार्की, सञ्चालक श्री सजन शर्मा र प्रमुख कार्यकारी अधिकृत सदस्य सचिव रहेका छन्।

आ.व. २०७८/७९ मा मर्जर तथा एक्विजिसन समिति बैठक ३ पटक बसेको र बैठक भत्ता बापत रु. १३२,०००/– भुक्तानी गरिएको थियो। उपसमितिले मर्जर तथा एक्विजिसनको निमित्त उपयुक्त बैंक तथा वित्तीय संस्था पहिचान गर्ने लगायतका कार्य सम्पन्न गरेको थियो भने बैंकको मर्जर तथा एक्विजिसनको रणनीतिक योजना तय गरी Terms of reference समेत तयार गरी लागू गरेको थियो। मर्जर तथा प्राप्तिलाई रणनीतिक योजनाको रुपमा लिई शाखा संजाल वृद्धि, व्यक्तिगत निक्षेप वृद्धि गर्ने तथा समग्र व्यवसाय वृद्धि गर्ने उद्देश्यले "क" वर्गका वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ति सम्बन्धी छलफल समेत अघि बढाएको थियो।

**बजेट उप-समिति**

बजेट उप-समितिमा सञ्चालक श्री सजन शर्मा संयोजक, सदस्यहरूमा सञ्चालक श्री प्रकाश चन्द्र मैनाली, सञ्चालक श्री विजय ध्वज कार्की र प्रमुख कार्यकारी अधिकृत सदस्य सचिव रहेका छन्।

आ.व. २०७८/७९ मा बजेट उप-समितिको बैठक १ पटक बसेको थियो र बैठक भत्ता बापत रु. ३३,०००/– भुक्तानी गरिएको छ। बजेट उप-समितिले आ.व. २०७९/८० को बजेट, कार्यक्रम तथा नीति स्वीकृतिकालागि सञ्चालक समिति समक्ष सिफारिस गरेको थियो। बजेट उप-समिति को निर्धारित कार्यादेश समाप्त भएको हुँदा उक्त उप–समिति हाल विघटन गरिएको छ।

**डिजिटल रुपान्तरण उप–समिति (Digital Transformation Committee)**

डिजिटल रुपान्तरण उप-समितिमा सञ्चालक श्री सजन शर्माको संयोजक, सदस्यमा सञ्चालक श्री अनिल ज्ञवाली रहेका थिए।

बैंकको डिजिटल रुपान्तरणलाई दिशा निर्देशन गर्न गठित डिजिटल रुपान्तरण उपसमितिको बैठक आ.व. २०७८/७९ मा दुई पटक बसेको थियो र बैठक भत्ता बापत रु. ४४,०००/- भुक्तान गरिएको थियो। उपसमितिले बैंकको कल सेन्टर सञ्चालन, IT सम्बन्धी जोखिम व्यवस्थापन लगायतका विभिन्न प्रविधिहरुको जानकारी लिनुका साथै बैंकको डिजिटल रुपान्तरणको लागि आवश्यक निर्देशनहरु दिएको थियो। उपसमितिले बैंकको डिजिटल रुपान्तरणको लागि छुटै संरचना बनाइ कार्यान्वयन गर्न निर्देशन दिए संगै बैंकले छुट्टै डिजिटल बैंकिङ्ग डिपार्टमेन्ट खडा गरी कार्य गर्दै आइरहेको छ।

## १९. बैंकको कारोवारलाई असर पार्ने मुख्य कारकहरू

बैंकको कारोवारलाई असर पार्न सक्ने विभिन्न किसिमका जोखिमहरूलाई तल प्रस्तुत गरिएको छ :

१. देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू।
२. राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने सम्भावित जोखिमहरू।
३. नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू।
४. विदेशी विनिमय कारोवार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू।
५. तरलतामा हुने उतार चढावका कारणले निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तन तथा लगानी योग्य तरलताको अभावबाट व्यवसाय वृद्धिमा आउन सक्ने जोखिमहरू।
६. निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू।
७. यथा समयमा कर्जा असुली नभई उत्पन्न हुने जोखिमहरू।
८. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैरकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने सम्भावित जोखिमहरू।
९. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू।

१०. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू।

११. वैकल्पिक लगानी क्षेत्रको अभाव।

१२. विप्रेषण आयमा आउन सक्ने उतार चढावबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परी सिर्जना हुनसक्ने जोखिमहरू।

१३. देशको राजनीतिक अस्थिरताले पर्न सक्ने असरहरू।

१४. तीब्र बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू।

१५. सम्पत्ति शुद्धीकरणलाई रोक्नका लागि देशमा केन्द्रीकृत तथ्याङ्कहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुन सक्ने जोखिम।

१६. आम्दानीको स्रोत साँघुरिएको बेला पूँजी सम्बन्धी मापदण्ड कायम गरी लगानीकर्तालाई निरन्तर उच्च प्रतिफल प्रदान गरिरहने सम्बन्धी चुनौती।

१७. सूचना प्रविधिको विकास सँगै जोडिएका सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू।

## २०. लेखापरीक्षकको नियुक्ति

बैंकको आर्थिक वर्ष २०७८/७९ का हरहिसाबहरू लेखापरीक्षण गर्न पन्ध्रौं वार्षिक साधारण सभाबाट नियुक्ति गरिएका श्री के.के. बुढाथोकी एण्ड एसोसिएट्स चार्टड एकाउन्टेन्ट्सबाट लेखापरीक्षण सम्पन्न भयो। आर्थिक वर्ष २०७९/८० को हरहिसाबहरू लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरीक्षकको नियुक्त गरिने छ।

## २१. भावी कार्यक्रम तथा योजनाहरू

यस बैंकको भावी कार्यक्रम तथा योजनाहरू निम्नानुसार रहेका छन् :

१. निक्षेपको औसत ब्याजदरमा कमी ल्याउने किसिमले निक्षेपका नयाँ योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने र व्यक्तिगत निक्षेपकर्ताहरूको आधार वृद्धि गर्दै संस्थागत निक्षेपतर्फको निर्भरता कम गर्दै लैजाने।

२. मर्जर तथा प्राप्तिलाई रणनीतिक योजनाको रुपमा लिई शाखा संजाल वृद्धि, व्यक्तिगत निक्षेप वृद्धि गर्ने तथा समग्र व्यवसाय वृद्धि गर्ने।

३. गैह्र कोषमा आधारित आम्दानी श्रृजना हुने कारोवारमा केन्द्रीत भई गैह्र कोषमा आधारित कारोवार वृद्धि गर्ने।

४. कर्जाको गुणस्तर सुधार गर्ने र कर्जा विस्तार गर्दा कृषि, उर्जा, पर्यटन लगायत साना तथा घरेलु उद्योगतर्फ लगानी वृद्धि गर्ने।

५. बैंकको आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनलाई अझ बढी सुदृढ गर्ने।

६. विज्ञापन तथा व्यापार प्रवर्द्धन कार्यक्रमद्वारा बैंकले आफ्नो Brand विस्तार गरी व्यापार बढाउँदै जाने।

७. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत् विभिन्न थप कार्यक्रमहरू सञ्चालन गर्ने र बैंकलाई समाजको जिम्मेवार संस्थाको रुपमा परिचित गराउँदै बैंकको Brand लाई थप सबल बनाउने।

८. बैंकले व्यापारको लागि नयाँ क्षेत्रहरूको पहिचान गर्ने, विदेशी विनिमय बजार तथा ब्याजदर उतारचढावलाई अझ राम्रोसंग व्यवस्थापन गरी बैंकको नाफामा सकारात्मक असर पार्न बैंकले अनुसन्धान तथा विश्लेषण गरी तद्नुरुप आवश्यक कार्ययोजना विकास गरी लागू गर्ने।

९. कर्मचारीहरूको दक्षता अभिवृद्धि को लागि नियमित रुपमा तालिम दिई मानव संसाधनको विकास गर्ने।

१०. बैंकले संस्थागत सुशासनलाई थप सबल बनाउँदै लाने।

११. बैंकको जोखिम व्यवस्थापनलाई थप सुदृढीकरण गर्दै लैजाने।

१२. बैंकले सहायक कम्पनीहरूको कारोवारको आकार वृद्धिका लागि विशेष ध्यान दिने।

१३. उत्पादनमूलक क्षेत्रमा कर्जा लगानी वृद्धि गर्न विशेष ध्यान दिने।

१४. आधुनिक प्रविधि तथा सफ्टवेयर प्रयोग गरी प्रत्यक्ष रुपमा ग्राहक बैंक समक्ष प्रस्तुत हुनु नपर्ने गरी बैकिङ्ग सुविधा प्रदान गर्ने।

१५. डिजिटल बैंकिङ्गको क्षेत्रमा विकसित नविनतम प्रविधिलाई यस क्षेत्रमा बढ्दो जोखिमको पक्षलाई समेत विचार गरी आवश्यकता अनुसार लागू गर्ने र बैंकको आन्तरिक प्रणाली लगायत सेवा सुविधालाई यथासम्भव डिजिटल माध्यममा परिणत गर्ने।

## २२. लेखापरीक्षण, वासलात र अन्य विवरण

२०७९ आषाढ मसान्तको बैंक तथा सहायक कम्पनीहरू समेतको आ.व. २०७८/७९ को एकीकृत वासलात, एकीकृत नाफा-नोक्सान हिसाब, एकीकृत नाफा नोक्सान बाँडफाँड हिसाब, एकीकृत नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरू र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रूपमा राखिएको छ।

**वितरण योग्य मुनाफा**

आर्थिक वर्ष २०७८/७९ मा रु. २ अर्ब ५६ लाख ११ हजार खुद नाफा भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम खुद नाफाको २० प्रतिशत अर्थात रु. ४० करोड ११ लाख २२ हजार साधारण जगेडा कोषमा छुट्याइएको छ। यसै गरी सोही ऐनको दफा ४५ बमोजिम विदेशी मुद्राको विनिमय दरमा परिवर्तन भएको कारण यस वर्ष नोक्सानी भएको हुँदा सटही घटबढ कोषमा छुट्याउनु पर्ने रकम छुट्याइएको छैन। यसको अतिरिक्त नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम यस आ.व. मा बैंकले आफ्नो खुद नाफाको १ प्रतिशत रकम रु. २ करोड ५६ हजार संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याइएको छ भने गत वर्ष संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरे बराबरको रकम रु. ९१ लाख २६ हजार सोही कोषबाट वितरण योग्य मुनाफामा फिर्ता गरिएको छ। बैंकले जारी गरेको बण्ड फिर्ता गर्नको निम्ति पूँजी फिर्ता जगेडा कोषमा रु. २७ करोड ७७ लाख ७७ हजार छुट्याएको छ। यसै गरी बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्मचारी क्षमता अभिवृद्धि कोष अन्तर्गत रु. १ करोड १२ लाख ७५ हजार विनियोजन गरेको छ भने नियमनकारी कोषमा पाकेको तर प्राप्त भई नसकेको ब्याज रकममा आयकर तथा कर्मचारी बोनस कट्टा गरी बाँकी रहेको रकम जम्मा गर्नुपर्नेमा यस वर्षको समायोजन बापत रु. ६ करोड ९५ लाख ३७ हजार नियमनकारी कोषमा विनियोजन गरेको छ। साथै, गैह्र बैकिङ्ग सम्पत्तिको निमित्त जम्मा गरिएको नियमनकारी कोष रकममा समेत यस वर्षको समायोजन अनुसार रु. ४ करोड २५ लाख २४ हजार नियमनकारी कोषमा विनियोजन गरेको छ भने बिमाङ्किक लाभको निमित्त जम्मा गरिएको नियमनकारी कोषबाट रु. ३४ लाख ७८ हजार सञ्चित मुनाफामा फिर्ता गरिएको छ। यसै गरी, नाफा नोक्सान मार्फत उचित मोलमा मापन गरिएका व्यापारीक सम्पत्तिको प्राप्त भई नसकेको यस वर्षको घाटा रकमको ६३ प्रतिशतले हुने रु. ९ करोड ७९ लाख ६१ हजार विगत वर्षहरुमा प्राप्त भई नसकेको व्यापारिक सम्पत्तिको नाफाको निमित्त विनियोजन गरिएको नियमनकारी कोषबाट सञ्चित मुनाफामा फिर्ता गरिएको छ।

बैंकले गत आर्थिक वर्षको सञ्चित नाफा रु. ३ करोड ५५ लाख ७८ हजार र यस वर्षको अन्त्यमा कायम भएको वितरण योग्य मुनाफा रु. १ अर्ब २९ करोड ३८ लाख ८३ हजार समेत गरि कुल वितरण योग्य मुनाफा रु. १ अर्ब ३२ करोड ९४ लाख ६२ हजार सहितको रकमबाट नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ।

## २३. कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरणहरूलाई यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची "क" मा राखिएको छ ।

## २४. धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बद्ध विवरण यसै प्रतिवेदनको अंगको रुपमा अनुसूची "ख" मा राखिएको छ ।

**धन्यवाद ज्ञापन**

यस बैंकको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहकवर्ग तथा नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंकप्रति सञ्चालक समितिको तर्फबाट म हार्दिक आभार प्रकट गर्दछु। बैंकको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरू र अन्य सहयोगीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै बैंकका गतिविधिहरूलाई सकारात्मक रूपमा जनसमक्ष पुऱ्याइदिने संचारजगत र प्रत्यक्ष अप्रत्यक्ष रूपमा बैंकलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरूप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु।

मितिः २०७९/०६/१२

**सञ्चालक समितिको तर्फबाट**
**राजन सिंह भण्डारी**
**अध्यक्ष**

अनुसूची "क"

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन,**

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट बैंकको कारोबारलाई कुनै असर परेको भए सो असर,**

विदेशी विनिमय कारोबार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू।

कोभिड १९ को कारण अन्तर्राष्ट्रिय रुपमा आर्थिक गतिविधिमा आएको सुस्तता ठिक हुन नपाउँदै यूरोपमा देखा परेको द्वन्दका कारण कच्चा तेल तथा खाद्य पदार्थको मूल्यमा अत्याधिक बढोत्तरी हुन गएको छ। यसबाट नेपाल जस्ता विकासशिल देशको मुद्राको अवमूल्यन हुन गई वस्तु तथा सेवाको आयातको लागत बढ्न गएको छ। यसबाट वैदेशिक मुद्रा सञ्चितिमा कमि आई आर्थिक क्रियाकलापमा समेत गंभिर असर परि बैंकको व्यापार व्यवसायमा पनि कमि आएको छ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा,**

चालु आर्थिक वर्षको प्रतिवेदन मिति २०७९ श्रावण २४ सम्म बैंकको निक्षेप रु. ४ अर्ब ३१ करोडले कमि भई कुल निक्षेप रु. १ खर्ब ५० अर्ब ८२ करोड परिचालन गरेको छ भने कर्जा तथा सापटी तर्फ रु. ७ करोडले वृद्धि भई कुल कर्जा तथा सापटी रु. १ खर्ब ३५ अर्ब ८५ करोड प्रवाह गरेको छ।

यस बैंकको भावी कार्यक्रम तथा योजनाहरु सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

**(घ) बैंकको औद्योगिक वा व्यावसायिक सम्बन्ध,**

बैंकको औद्योगिक एवम् व्यवसायिक सम्बन्ध भएका सबै सरोकारवालाहरुसँग सुमधुर व्यवसायिक सम्बन्ध कायम रहेको छ। भावी दिनहरुमा अझ बढी सुमधुर व्यवसायिक सम्बन्ध बिस्तार गर्दै लगिने छ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण,**

समीक्षा वर्षमा सञ्चालक समितिका सदस्य श्री प्रकाश चन्द्र मैनालीज्यू र श्री विजय ध्वज कार्कीज्यू यस बैंकको कार्तिक १६,२०७८ गते सम्पन्न भएको पन्ध्रौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूह "ख"को तर्फबाट सञ्चालक पदमा पुनः निर्वाचित हुनुभएको छ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू,**

१. विभिन्न कारणले बढेको मुद्रास्फीतिका कारण ।
२. राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने सम्भावित जोखिमहरू।
३. नेपाल सरकार र नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक सम्बन्धी नीतिमा परिवर्तन गर्दा सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू।
४. विदेशी विनिमय कारोवार गर्दा विनिमयदरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरू।
५. तरलतामा हुने उतार चढावका कारणले निक्षेप तथा कर्जा लगानीको ब्याजदरमा हुने परिवर्तन तथा लगानी योग्य तरलताको अभावबाट व्यवसाय वृद्धिमा आउन सक्ने चुनौती तथा जोखिमहरू।
६. निक्षेप संकलन, लगानी, तथा कर्जा सापटीको दायरा साँघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरू।
७. यथा समयमा कर्जा असुली नभई उत्पन्न हुन सक्ने जोखिमहरू।

८. प्रतीतपत्र र जमानतपत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरू प्रदान गर्दा हुन सक्ने सम्भावित जोखिमहरू।

९. अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरू।

१०. पूँजीबजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू।

११. वैकल्पिक लगानी क्षेत्रको अभाव।

१२. विप्रेषण आयमा आउन सक्ने उतार चढावबाट अर्थ व्यवस्थामा नकारात्मक प्रभाव परी सिर्जना हुनसक्ने जोखिमहरू।

१३. देशको राजनीतिक अस्थिरताले पर्न सक्ने असरहरू।

१४. तीव्र बैंकिङ्ग प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू।

१५. सम्पत्ति शुद्धीकरणलाई रोक्नका लागि देशमा केन्द्रीकृत तथ्याङ्कहरू तथा पर्याप्त प्रविधिहरूको अभावका कारण हुन सक्ने जोखिम।

१६. आम्दानीको स्रोत साँघुरिएको बेला लगानीकर्तालाई निरन्तर उच्च प्रतिफल प्रदान गरिरहने सम्बन्धी चुनौती।

१७. सूचना प्रविधिको विकास सँगै जोडिएका सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू।

(छ) **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया,**

सारभुत कैफियत नरहेको।

(ज) **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम,**

आ.व २०७८/७९ को वितरण योग्य मुनाफाबाट २०७९ आषाढ मसान्तको चुक्ता पुँजी रु. १४,२००,९७४,००६/- को ९ प्रतिशतले हुने रु. १,२७८,०८७,६६०.५१ नगद लाभांश (लाभांश कर समेत) दिने प्रस्ताव गरिएको छ।

(झ) **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी बैंकले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण,**

बैंकले गत वर्ष कुनै पनि शेयर जफत गरेको छैन।

(ञ) **विगत आर्थिक वर्षमा बैंक र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन,**

बैंक तथा बैंकको सहायक कम्पनीको रुपमा स्थापित सि.वि.आई.एल क्यापिटल लिमिटेड र सि.वि.आई.एल सेक्यूरिटिज लिमिटेड समेतको कारोवारको प्रगति र सो आर्थिक वर्षान्तमा रहेको स्थिति संलग्न एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाव र एकीकृत नगद प्रवाह विवरणले यथार्थ चित्रण गरेको छ। साथै सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदनमा बैंक र सहायक कम्पनीहरुको कार्यसम्पादन समीक्षा समावेश गरिएको छ।

(ट) **बैंक तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा बैंकको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन,**

यस बैंकको आर्थिक वर्ष २०७८/७९ मा रु. ११ करोड ७२ लाख ४ हजार २ सय लगानी रहेको सहायक कम्पनी सि.वि.आई.एल क्यापिटल लिमिटेड र रु. ५ करोड लगानी रहेको सहायक कम्पनी सि.वि.आई.एल सेक्यूरिटिज लिमिटेडले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र कारोवारहरुमा आएको परिवर्तन संलग्न एकीकृत वासलात, एकीकृत नाफा नोक्सान हिसाव, एकीकृत नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी विवरणहरुले प्रष्ट पारेका छन्।

(ठ) **विगत आर्थिक वर्षमा बैंकको आधारभूत शेयरधनीहरुले बैंकलाई उपलब्ध गराएको जानकारी,**

यस्तो कुनै जानकारी प्राप्त भएको छैन।

**(ड) विगत आर्थिक वर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट बैंकले प्राप्त गरेको जानकारी**

| क्र.सं. | पद | नाम | शेयर समूह | जम्मा कित्ता |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजन सिंह भण्डारी<br>(प्रतिनिधि चन्द्र इन्भेष्टमेन्ट प्रा. लि.) | संस्थापक | ४०४,८९९.३० (संस्थापक)<br>११८,९०२.९६ (साधारण) |
| २ | सञ्चालक | श्री प्रकाश चन्द्र मैनाली | सर्वसाधारण | ९७०.८१ |
| ३ | सञ्चालक | श्री विजय ध्वज कार्की | सर्वसाधारण | २६२.८८ |
| ४ | सञ्चालक | श्रीमती सीता कार्की (के.सी.) | सर्वसाधारण | ५,७८८.४० |
| ५ | सञ्चालक | श्री प्रवल जंग पाण्डे | संस्थापक | २,१७८.९८ |
| ६ | सञ्चालक | श्री सजन शर्मा | संस्थापक | ६८,१८९.२५ (संस्थापक)<br>१.०५ (साधारण) |
| ७ | स्वतन्त्र सञ्चालक | श्री अनिल ज्ञवाली | स्वतन्त्र सञ्चालक | - |

बैंकका सञ्चालक तथा पदाधिकारीहरु बैंकको शेयर कारोबारमा संलग्न भएको जानकारी प्राप्त भएको छैन ।

**(ढ) विगत आर्थिक वर्षमा बैंकसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा,**

यस्तो कुनै जानकारी बैंकलाई प्राप्त भएको छैन ।

**ण) बैंकले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत बैंकले भुक्तानी गरेको रकम,**

बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरण,**

बैंकले आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत देहाय बमोजिमको व्यवस्था गरेको छः

(क) सञ्चालन प्रक्रिया तर्फ आर्थिक विनियमावली, कर्मचारी विनियमावली, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, निर्देशिका तथा आवश्यक कार्य निर्देशिकाहरू तयार गरी प्रचलनमा ल्याएको छ ।

(ख) स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग गठन गरिएको छ ।

(ग) लेखापरीक्षण समितिले आन्तरिक नियन्त्रण प्रक्रियाको नियमित अनुगमन गर्ने गरेको छ ।

(घ) संस्थागत सुशासनको लागि हर सम्भव निरन्तर प्रयत्नहरु जारी राखेको छ ।

(ङ) कर्जा जोखिम न्यूनिकरणको लागि व्यवसायमा प्रत्यक्ष संलग्न नहुने गरी कर्जा जोखिम व्यवस्थापन विभाग रहेको छ ।

(च) सञ्चालन तथा AML/CFT जोखिम न्यूनिकरणको निमित्त जोखिम व्यवस्थापन समिति तथा AML/CFT समितिलाई उत्तरदायि हुने गरी जोखिम व्यवस्थापन तथा AML/CFT अनुपालना विभाग गठन गरिएको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण,**

| क्र.सं. | शीर्षक | रकम रु. |
|---|---|---|
| १ | कर्मचारी खर्च | १,७८५,४३२,२४८।- |
| २ | कार्यालय सञ्चालन खर्च | १,२१६,९५४,३२३।- |

(द) **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण,**

**(१) लेखापरीक्षण समिति**

| | |
|---|---|
| सञ्चालक श्रीमती सीता कार्की (के. सी.) | संयोजक |
| सञ्चालक श्री सजन शर्मा | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग श्री रामधन श्रेष्ठ | सदस्य सचिव |

मिति २०७८ पौष ४ गते सम्म माथि उल्लेखित लेखा परीक्षण समिति रहेकोमा त्यस पश्चात सो समितिलाई निम्नानुसार पुनर्गठन गरिएको:

| | |
|---|---|
| सञ्चालक श्री अनिल ज्ञवाली | संयोजक |
| सञ्चालक श्रीमती सीता कार्की (के. सी.) | सदस्य |
| प्रमुख आन्तरिक लेखापरीक्षण विभाग श्री रामधन श्रेष्ठ | सदस्य सचिव |

(२) लेखापरीक्षण समितिका सदस्यलाई बैठक भत्ता बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा प्रदान गर्ने गरिएको छैन ।

(३) आ.व. २०७८/७९ मा चौध (१४)पटक लेखापरीक्षण समितिको बैठक बसेको थियो ।

(४) समितिले प्रचलित कानून बमोजिम बैंकको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरू उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरूको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरूको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, बैंकको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थपरक बनाउन व्यवस्थापनलाई सहयोग गर्ने, बैंकको कामकारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरू अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने, बैंकको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने जस्ता कार्यहरु सम्पन्न गरेको छ ।

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले बैंकलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा,**

नभएको ।

(न) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,**

| क्र.सं. | विवरण | सञ्चालक रु. | प्रमुख कार्यकारी अधिकृत रु. | अन्य कार्यकारी पदाधिकारी रु. |
|---|---|---|---|---|
| १ | बैठकभत्ता | २,५४१,०००* | - | - |
| २ | पारिश्रमीक तथा भत्ता | | | |
| | क. तलब | - | ८,४००,००० | १३,४००,८२० |
| | ख. भत्ता | - | ६,०००,००० | ११,९४३,८०५ |
| | ग.दशैंभत्ता | - | ९५०,००० | १,८१३,१३५ |
| | घ. सञ्चयकोष योगदान | - | ८४०,००० | १,३३१,३९४ |
| | ङ. विदा वापतको भुक्तानी | | १,२२६,६६७ | १,९६४,००३ |
| | च. अन्य | | २१४,१०९ | २,१३४,६५६ |
| | **कुल पारिश्रमीक तथा भत्ता** | | **१७,६३०,७७६** | **३२,५८७,८१३** |

| क्र.सं. | विवरण | सञ्चालक रु. | प्रमुख कार्यकारी अधिकृत रु. | अन्य कार्यकारी पदाधिकारी रु. |
|---|---|---|---|---|
| | **(-) आयकर कट्टि** | | ८,१९१,८५६ | १२,२०८,८९० |
| | **खुद पारिश्रमिक तथा भत्ता** | | ९,४३८,९२० | २०,३७८,९२३ |
| ३. | बोनस तथा कल्याणकारी कोषबाट प्राप्त | - | प्रचलित बोनस ऐन अनुसार | |
| ४. | टेलिफोन/मोबाइल | १६८,००० | बैंकसँग भएको करार अनुसार | कर्मचारी सेवा विनियमावली अनुसार |
| ५. | इन्धन | ४७६,९९४ | | |
| ६. | पत्रपत्रिका | २५२,००० | | |
| ७. | सवारी साधन सुविधा | छैन | छ | छ |
| ८. | आवास सुविधा | छैन | बैंकसँग भएको करार अनुसार आवास कर्जा प्रदान गरिएको छ । | बैंकसँग भएको करार अनुसार आवास कर्जा प्रदान गरिएको छ । |
| ९. | बीमा | छैन | छ | छ |

*उपरोक्त रकममा विभिन्न उपसमितिको बैठक भत्ता रु. ९०२,०००।- समेत समावेश भएको छ।

**टिप्पणीः**

(क) प्रमुख कार्यकारी अधिकृतलाई चालक, इन्धन र मर्मतसंभार सहित सवारी साधनको व्यवस्था गरिएको छ। त्यसै गरि नायव प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत र अन्य कार्यकारी तहका कर्मचारीहरुलाई नियमानुसार इन्धन सहित सवारी साधन सुविधा उपलब्ध गराइएको छ।

(ख) प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका सम्पूर्ण कर्मचारीहरूलाई बैंकको कर्मचारी विनियमावली अनुसार दुर्घटना बीमा, औषधोपचार बीमाको व्यवस्था गरिएको छ। साथै निजका आश्रित परिवारका लागि समेत औषधोपचार बीमा गरिएको छ।

(ग) प्रमुख कार्यकारी अधिकृत लगायत कार्यकारी तहका सम्पूर्ण अधिकृतहरूलाई बैंकको कर्मचारी विनियमावली अनुसार मोबाईल फोन वापतको खर्च तथा अन्य सुविधा प्रदान गरिएको छ।

(घ) बैंकका अध्यक्षलाई कार्यालय प्रयोजनको लागि सवारी साधन सुविधा प्रदान गरिएको छ।

(प) **शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम,**

२०७९ आषाढ मसान्त सम्ममा लाभांस घोषणा गरिएको तर शेयरधनीहरुले लिन बाँकी रहेको विवरण निम्न बमोजिम रहेको छ :

| क्र.सं. | आर्थिक वर्ष | रकम रु. |
|---|---|---|
| १ | आर्थिक वर्ष ०६५/०६६ को | २५९,६९० |
| २ | आर्थिक वर्ष ०६६/०६७ को | ५०९,४०८ |
| ३ | आर्थिक वर्ष ०६७/०६८ को | ७०३,५३८ |
| ४ | आर्थिक वर्ष ०६८/०६९ को | १,६४९,२२७ |
| ५ | आर्थिक वर्ष ०६९/०७० को | २,३०९,५६२ |
| ६ | आर्थिक वर्ष ०७०/०७१ को | २,७७१,३८८ |
| ७ | आर्थिक वर्ष ०७१/०७२ को | १,२४१,२१८ |
| ८ | आर्थिक वर्ष ०७३/०७४ को | १८,४०७,७७१ |
| ९ | आर्थिक वर्ष ०७४/०७५ को | ७,५२१,२७९ |

| क्र.सं. | आर्थिक वर्ष | रकम रु. |
|---|---|---|
| १० | आर्थिक वर्ष ०७५/०७६ को | ४९,८७८,३७१ |
| ११ | आर्थिक वर्ष ०७६/०७७ को | १८,७७३,७७८ |
| १२ | आर्थिक वर्ष ०७७/०७८ को | ३६,४०५,६६४ |
| १३ | आर्थिक वर्ष ०६६/०६७ (साविकको नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लि.) को | १४९,३४० |
| १४ | आर्थिक वर्ष ०६७/०६८ (साविकको नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स लि.) को | ३१,३२४ |
| १५ | आर्थिक वर्ष ०६०/०६१ र ०६१/०६२ (साविकको पिपल्स फाइनान्स लि.) को | १२,४७० |
| १६ | आर्थिक वर्ष ०६६/०६७ (साविकको पिपल्स फाइनान्स लि.) को | १९,२३६ |
| १७ | आर्थिक वर्ष ०६३/०६४ (साविककको प्रिमियर फाईनान्स लि.) को | ६७,१२० |
| १८ | आर्थिक वर्ष ०६६/०६७ (साविककको प्रिमियर फाईनान्स लि.) को | ७४२,६९३ |
| १९ | साविकको तिनाउ मिसन विकास बैंक लि. को | ५,५०५,४५१ |
| २० | साविकको सहयोगी विकास बैंक लि. को | ७,२५५,०२७ |
| २१ | साविकको सिर्जना फाईनान्स लि. को | १,२४०,७४७ |

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण,**

नभएको ।

(ब) **दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण,**

सम्बद्ध कम्पनी बीच भएको कारोवारको विवरण बैंकको वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीहरु अन्तर्गतको बुँदा नं. ५.७ मा उल्लेख गरिएका छन् ।

(भ) **यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा,**

नभएको ।

(म) **अन्य आवश्यक कुराहरु ।**

नभएको ।

अनूसुची "ख"

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धी विवरण

१. **सञ्चालक समितिको प्रतिवेदन**

वार्षिक प्रतिवेदन अन्तर्गत छुट्टै प्रतिवेदनको रुपमा राखिएको ।

२. **लेखापरीक्षकको प्रतिवेदन**

वार्षिक प्रतिवेदन अन्तर्गत छुट्टै प्रतिवेदनको रुपमा राखिएको ।

३. **लेखापरीक्षण भएको वित्तीय विवरण**

वार्षिक प्रतिवेदन अन्तर्गत छुट्टै विवरण राखिएको ।

४. **कानुनी कारवाही सम्बन्धी विवरण**

(क) **यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :**

यस अवधिमा बैंकको तर्फबाट ३ थान मुद्दा दायर भएको तथा बैंकको विरुद्धमा ३२ थान मुद्दा दायर भएको छ ।

(ख) **बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :**

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :**

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

५. **संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः**

देशको धितोपत्र बजारमा संगठित संस्थाहरुको शेयर कारोवारमा देखिएको उच्च उतार चढावका कारण यस बैंकको शेयर कारोवारमा गत वर्षको तुलनामा केहि कमी देखिएको छ ।

(ख) **गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य साथै कुल कारोवार शेयर संख्या र कारोवार दिनः**

गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य साथै कुल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण देहाय बमोजिम रहेको छ ः

| विवरण | २०७८ आश्विन मसान्त | २०७८ पौष मसान्त | २०७८ चैत्र मसान्त | २०७९ आषाढ मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य (रु.) | ४४४ | ३१० | ३१७ | २६३.३० |
| न्यूनतम मूल्य (रु.) | ३१२ | २५५ | २५५.८० | १९४ |
| अन्तिम मूल्य (रु.) | ३१८ | ३०२.५० | २५८.२० | २०२.५० |
| कुल कारोवार शेयर संख्या | १३,४५४,४२० | ४,२३१,७६५ | २,९०८,४६४ | १,८७३,५४३ |
| कुल कारोवार दिन | ५७ | ५९ | ५८ | ६४ |

## ६. समस्या तथा चुनौती

### (क) आन्तरिक समस्या तथा चुनौती

बैंकको सञ्चालन खर्च वृद्धि हुँदै जानु, निक्षेप तथा सापटीमा ब्याजदरको वृद्धि, ब्याजदर अन्तरलाई यथावत राख्ने लगायत आयमा विविधिकरण ल्याउनु, निष्कृय कर्जा बढ्नु, उपयुक्त लगानीका क्षेत्र पहिचान गर्नु तथा शाखाहरुको वृद्धि सँगसँगै सञ्चालन जोखिम व्यवस्थापन चुनौतिपूर्ण हुनु जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकको दिगो रुपमा मुनाफा वृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

### (ख) बाह्य समस्या तथा चुनौती

कोरोना महामारीको कारण सुस्ताएका आर्थिक गतिविधि सामान्य नहुँदै पूर्वी युरोपमा देखा परेको द्वन्दका कारण भएको मुद्रास्फीतिको फलस्वरुप समग्र विश्वको अर्थतन्त्रमा मन्दिको खतरा देखा परेको छ। यसबाट मुद्रा बजारमा ऐतिहासिक रुपमा अमेरिकि डलरको मूल्यमा आएको वृद्धिका कारण आयात महंगो हुन गई वैदेशिक मुद्रा सञ्चितिमा झन दवाव परेको छ। यहि तत्थ्यहरुलाई मध्यनजर गर्दै सरकारले हाल आएर आयातलाई नियन्त्रण गर्ने नीति लिएको छ। यसबाट अत्यावश्यक वस्तुको मूल्यमा भएको वृद्धिले उपभोक्ताको वास्तविक क्रय क्षमता घट्न गएको र अत्यावश्यक बाहेकका बस्तुको आयातमा भएको नियन्त्रणका कारण समग्र आर्थिक क्रियाकलापहरुमा सुस्तता आएको छ। यसै गरि कोभिड १९ बाट अर्थतन्त्रमा परेको असरलाई कम गर्न सरकार तथा नेपाल राष्ट्र बैंकबाट प्रदान गरिएका सहुलियतहरु अन्त्य भएको हुँदा सोको वास्तविक असरहरु आगामी दिनमा आउन सक्ने अनुमान छ। यस्ता कारणहरुबाट कर्जाको किस्ता तथा पाकेको ब्याज असुलिमा गम्भिर असर पर्न गई थप कर्जा नोक्सानी व्यवस्था बढ्न जाने हुँदा त्यस्ता असरहरुलाई कम गर्न चुनौतिपुर्ण रहेको छ। यस्ता चुनौतीहरु रहेको अवस्थामा बैंकिङ्ग क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुनु, बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको कमी हुनु, स्रोत परिचालनमा कमी हुनु, सूचना प्रविधिका क्षेत्रमा देखा परेका नयाँ किसिमका चुनौतीहरु, तरलता अभावका कारण लगानीकर्ताको मनोबलमा कमी आउनु, सरकारी विकास खर्च कम हुनु लगायत प्रमुख बाह्य समस्या हुन्। यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोवार दिगो रुपमा विस्तार गरी सम्पत्तिको गुणस्तर कायम राखि लगानीकर्तालाई उचित प्रतिफल दिने कार्य चुनौतीपूर्ण रहेको छ।

### (ग) रणनीति

बैंकले ग्रामीण तथा दुर्गम क्षेत्र र बैंकिङ्ग सेवाबाट वञ्चित व्यक्ति तथा संघसंस्थालाई बैंकको दायरामा ल्याई निक्षेप परिचालन बढाउनुका साथै बैंकका अन्य सेवाहरुको सन्तुलित रुपमा बजारीकरण गर्दै व्यवसाय विस्तारमा लाग्ने, आधुनिक प्रविधि तथा सफ्टवेयर प्रयोग गरी प्रत्यक्ष रुपमा ग्राहक बैंक समक्ष प्रस्तुत हुन नपर्ने गरी बैंकिङ्ग सुविधा प्रदान गर्ने, समय सापेक्ष प्रविधिमा आधारित नयाँ सेवाहरुको विकास गर्ने, विभिन्न व्यवसायिक संघ-संस्था लगायत व्यक्तिगत ग्राहकहरुसँगको सम्बन्ध सुमधुर बनाउनका लागि छिटो एवं छरितो तवरले ग्राहकमुखी सेवाहरु उपलब्ध गराउने, बैंकको समग्र जोखिम व्यवस्थापनको आधारभूत पक्षहरुलाई मजबुत बनाई उल्लिखित चुनौतीको समाधान गर्ने र बैंकको आन्तरिक कार्य प्रणालीमा खर्च मितव्ययिता अपनाई निर्धारित लक्ष्य प्राप्त गर्ने रणनीति अवलम्बन गरेको छ। साथै बैंकले निष्कृय कर्जा तथा पाकेको ब्याज तथा कर्जाको भाका नाघेका ऋणीहरुको उचित व्यवस्थापन गरी वितरणयोग्य मुनाफा वृद्धि गर्ने नीति पनि लिएको छ।

## ७. संस्थागत सुशासन :

(क) संस्थागत सुशासन अभिवृद्धिको लागि बैंकले आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन तथा व्यवस्थित गर्न अनुपालन विभाग तथा सुशासन इकाईको व्यवस्था गरिएको तथा लेखापरीक्षक तथा नियमनकारी निकायबाट दिइएका सुझाव तथा निर्देशनहरु व्यवस्थापन मार्फत कार्यान्वयन गराउन सदैव क्रियाशील रहेको छ।

(ख) बैंकको समग्र जोखिम व्यवस्थापन कार्यलाई मजबुत पार्न, वर्तमान परिप्रेक्ष्यमा समग्र बजारमा देखापरेको IT Risk विश्लेषण गरि व्यवस्थापन गर्न, सञ्चालन जोखिम कम गर्न तथा आन्तरिक प्रक्रियाहरुलाई व्यवस्थित गर्न जोखिम व्यवस्थापन समिति गठन गरिएको छ। बैंकको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता जस्ता कुराहरु भए नभएको बारे समिक्षा गरि आवश्यक राय सुझाव दिन लेखा परीक्षण समिति गठन गरिएको छ। बैंकको समग्र अनुपालनका अवस्था विश्लेषण गर्न, ग्राहकको जोखिम स्तर निर्धारण

गरि देखा परेका कमीकमजोरीको समाधान गर्न उपयुक्त निर्देशन दिने कार्य गर्न सम्पत्ति शुद्धिकरण निवारण समितिको गठन गरिएको छ । कर्जा जोखिमको अनुगमन तथा विश्लेषणलाई जोखिम व्यवस्थापन समिति अन्तर्गत रहने गरी छुट्टै विभागबाट हेर्ने व्यवस्था मिलाई बजार व्यवस्थापनको कार्यबाट छुट्टयाइएको छ । साथै विभिन्न विभागहरुसँग सम्बन्धित कार्य सञ्चालनलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु जारी गरी लागू गरिएको छ । निर्णय प्रक्रियालाई छिटो-छरितो तथा चुस्त बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), सम्पत्ति दायित्व व्यवस्थापन समिति (ALCO), IT Steering Committee लगायतका विभिन्न समितिहरु क्रियाशील रहेका छन् ।

(ग) बैंक सञ्चालक समिति तथा व्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा संस्थागत सुशासन प्रति सदैव सजग तथा प्रतिवद्ध रहेको छ ।

KK BUDHATHOKI & ASSOCIATES
Chartered Accountants

Shital Niwas, Maharajgunj-3
Tel: 01-4003004, 4003005
E-mail: keshab@kkbudhathoki.com.np
URL: www.kkbudhathoki.com.np

# INDEPENDENT AUDITOR'S REPORT TO THE SHAREHOLDERS OF CITIZENS BANK INTERNATIONAL LIMITED

## Opinion

We have audited the accompanying separate financial statements of the Citizens Bank International Ltd (the "Bank") and the Consolidated Financial Statements of the Bank and its subsidiaries (the "Group"), which comprise the consolidated and separate statement of financial position as at Ashad 32, 2079 (July 16, 2022), and the consolidated and separate statement of profit or loss, consolidated and separate statement of comprehensive income, consolidated and separate statement of changes in equity and consolidated and separate statement of cash flows for the year then ended, and a summary of significant accounting policies and notes to the consolidated and separate financial statement.

In our opinion, the accompanying consolidated financial statements of the Group and the separate financial statements of the Bank give a true and fair view of the consolidated financial position of the Group and the separate financial position of the Bank as at Ashad 32, 2079 and their consolidated and separate financial performance and their consolidated and separate cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs) as explained in note 2.1.

## Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the audit of the Consolidated and separate Financial Statements section of our report. We are independent of the Group and the Bank in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants, and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of the Code of Ethics for professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

## Emphasis of Matter

We draw attention to the attached Notes No. 5.8 forming part of the consolidated and separate financial statements on merger and acquisition where the Bank had acquired Tinau Mission Development Bank Limited and Srijana Finance Limited in the previous fiscal year 2077/78, and it had accounted such acquired assets at book value instead of fair value at acquisition date as per applicable NFRS 3: Business Combination and carve-out issued by ICAN for the same. Therefore, audit report of the previous year 2077/78 was also qualified on this matter. Now, the Bank has adjusted this matter in current year 2078/79 as per the recent Explanatory Note on Accounting for Business Combination issued by ICAN.

Our opinion on the consolidated and separate financial statements is not modified in respect of the above matter.

## Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the consolidated and separate financial statements of the current period. These matters were addressed in the context of our audit of the consolidated and separate financial statements as a whole, and in forming our audit opinion thereon, and we do not provide a separate opinion on these matters. Our assessed key audit matters and how we addressed them are outlined below:

## a. *Interest Income*

The post impact of Covid-19 in current year 2078/79 led Nepalese Economy into credit crunch and alarming foreign currency reserves situation due to low remittance and high imports. This has drained out the lending capacity of most of the Banks as drastic increase of demand of the loans and deposit costs. Consequently, average lending rate and deposit rate has increased substantially than ever before. Thus, increase in the interest income and lack of investible fund of the Bank has triggered us to consider it as Key Audit Matter.

The Bank has increased its interest income to Loans and advance to 10.74% in current year 2078/79 from 8% in previous year. In other way, Loans and advance has increased by 10.46%, whereas interest income has increased by 47.31%. The abrupt increase is mainly due to interest income of portfolio of acquired Tinau Mission Development Bank Limited and Srijana Finance Limited in previous year 2077/78. The Bank has recognized interest income of Rs. 15.967 billion during the period of 1st Shrawan 2078 to 32nd Ashad 2079.

Our audit approach consisted testing of the design and operating effectiveness of the internal controls and substantive testing as under;

- ❖ Evaluating the design of internal controls relating to recognition of interest income.
- ❖ Reviewing the files of borrowers containing credit appraisal and other substantiating documents selected on sample basis and assessing the assigned premium.
- ❖ Test checking of interest application, recalculating of interest as per the bank statement of the selected top borrowers.
- ❖ Performing relevant analytical procedures.
- ❖ Test checking of interest application, levying of management fee and other charges etc.
- ❖ Assessed the materiality of provisional amount in respect of reversal, if any.

## b. *Measurement of provision for loans and advances*

The process of estimating the provision for loans and advances associated with credit risk is significant and complex. The materiality of the reported amounts for the loans and advances (and impairment allowance thereof), adverse impact of COVID-19 in the financial performance of borrowers deteriorated their repaying capacity increasing risk of credit default, NRB directions to meet the COVID-19 crisis, involvement of complex calculations underpinned our basis for considering it as Key Audit Matter.

As per carve out on para 5.5 of NFRS 9 , the Bank has assessed at the end of reporting period whether there is any objective evidence that a financial assets or group of financial assets measured at amortized cost is impaired, and in case of such evidence existed, it has measured impairment loss on such financial assets as the difference between the asset's carrying amount and the present value of estimated future cash flows discounted at the asset's original effective interest rate. Further, as per the carve out on para 5.5 of NFRS 9, the Bank has assessed and measured impairment loss on loans and advances as the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and amount derived as per para 5 of Carve out on para 5.5 of NFRS 9 issued by ICAN . As at Ashad 32, 2079, 67.63% of total assets of the Group consisted of loans and advances amounting Rs.131.276 billion (Note 4.7), impairment allowance for the year then ended of Rs.3.513 billion (Note 4.7.4) being higher of impairment as per NFRS is Rs.1.450 billion and impairment loss as per norms of NRB is 3.513 billion. Significant estimates and assumptions used by the management in such calculations, their sensitivity and the basis for impairment allowance are disclosed in Notes 3.4.7 and 5.11.

Our audit approach consisted testing of the design and operating effectiveness of the internal controls and substantive testing as under;

- Evaluating the design of internal controls relating to implementation of circulars/ directives issued by NRB and also internal policies and procedure of the Bank.
- Examining all the large and other advances on a sample basis including review of valuation reports of the independent valuators as provided by the Bank's management.
- Reviewing the files of borrowers containing credit appraisal and other substantiating documents selected on sample basis and assessing the assigned risk premium and appropriate action taken commensurate with the operation of such accounts.
- Relying on the audit reports of the other statutory auditors.
- Performing relevant analytical procedures.
- Test checking of interest application, levying of management fee and other charges etc.

***c. Information Technology (IT) systems and controls over financial reporting***

The entire preparation of financial statements is highly dependent on CBS and other supporting software and hardware controls. Adequate and appropriate IT controls are required to ensure that IT application process data are as expected, appropriate user access and changes are made in an appropriate manner. Such controls ensure mitigating the expected risk of erroneous output data. Audit outcome is dependent on the extant IT controls and systems, and accordingly the above areas are determined to be as key audit matter.

We have carried out our audit procedures with Nepal Standards on Auditing guidelines towards implementation of IT policies and procedures followed by the Bank in order to effectively monitor, control, and evaluate the IT applications and controls to ensure effective implementation of such policies and procedures. We have also relied on the report issued by the IS Auditor and obtained necessary inputs from IS experts wherever necessary.

## Other Information

Management is responsible for the other information. The other information comprises the information included in the annual report, but does not include the consolidated and separate financial statements and our auditor's report thereon. The annual report is expected to be made available for our review after the date of this auditor's report.

Our opinion on the consolidated and separate financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the consolidated and separate financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, we will consider whether the other information is materially inconsistent with the consolidated and separate financial statements or our knowledge obtained in the audit, or otherwise appears to be materially misstated.

When we read the annual report, if we conclude that there is a material misstatement therein, we are required to request management and those charged with governance to correct the material misstatement.

***Responsibilities of the Management and Those Charged with Governance for the Consolidated Financial Statements***

Management is responsible for the preparation and fair presentation of the consolidated financial statements of the Group and also separate financial statement of the Bank that give true and fair view in accordance with Nepal Financial Reporting Standards (NFRSs), and for such internal control as management determines is necessary to enable the preparation of consolidated and separate financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the consolidated and separate financial statements, management is responsible for assessing the Group's and the Bank's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Group and the Bank or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Group's and the Bank's financial reporting process.

### Auditor's Responsibilities for the Audit of the Consolidated Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the consolidated and separate financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these consolidated and separate financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the consolidated and separate financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Group's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Group's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated and separate financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Group to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the consolidated and separate financial statements, including the disclosures, and whether the consolidated and separate financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Group to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision and performance of the group audit. We remain solely responsible for our audit opinion.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

### Other Matters

We did not audit the financial statements and other financial information of two subsidiaries included in the consolidated financial statements of the Group, where financial statement of CBIL Capital Limited reflects total assets of Rs 484.298 million as at Ashad 32, 2079, and total revenue, total net profit after tax, and net cash inflows of Rs 36.490 million, (Rs 5.451 million), and (Rs 70.251 million) for the year ended on that date respectively, and financial statements of CBIL Securities Limited reflects total assets of Rs. 60.142 million as at Ashad 32, 2079, and total revenue, total net profit after tax, and net cash inflows of Rs. 4.798 million, Rs. 3.332 million and Rs. 3.649 million respectively for the year ended on that date, as considered in the consolidated financial statements. These financial statements and other financial information have been audited by other auditors whose reports have been furnished to us by the management and our opinion on the financial statements in so far as it relates to the accounts and disclosures included in respect of these subsidiaries, are based solely on the report of the other auditor.

Our opinion on the consolidated financial statements is not modified in respect of the above matter.

### Report on Other Legal and Regulatory Requirements

On the basis of our examination, we would like to further report that:

i. We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose for our audit.

ii. The accounts and records of the Group and the Bank has been maintained as required by law.

iii. Consolidated and separate financial statements are in agreement with the books of account maintained by the Group and the Bank.

iv. The capital fund, risk bearing fund and the provision for possible impairment of asset of the Bank are adequate as per the Directives issued by Nepal Rastra Bank.

v. In our opinion and to the best of our information and according to the explanation given to us, the Board of Directors, the representative or any employee of the Group and the Bank has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the Group and the Bank deliberately or acted in a manner that would jeopardized the interest and security of the Group and the Bank.

vi. The operations of the Group and the Bank were within its jurisdiction.

vii. The Group and the Bank has not acted in a manner to jeopardize the interest and security of the depositors and investors,

viii. The Bank has a centralized core accounting system and details received from branches of the Bank though the statements are independently not audited, were adequate for the purpose of our audit, and

ix. We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book of accounts.

Date: Ashwin 6, 2079
Place: Maharajgunj, Kathmandu

CA. Keshab Kumar Budhathoki
Proprietor
Chartered Accountants
UDIN:220922CA004370Min3

K.K. BUDHATHOKI & ASSOCIATES * CHARTERED ACCOUNTANTS *

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## एकीकृत वित्तीय अवस्थाको विवरण

## २०७९ साल आषाढ मसान्तको (जुलाई १६, २०२२)

रकम रु. मा

| विवरण | नोट | समूह | | बैंक | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **सम्पत्ति** | | | | | |
| नगद तथा नगद समान | ४.१ | १७,८९३,१०९,३६६ | ११,५६९,८२३,७२६ | १७,८९२,७४१,२७० | ११,५६३,०४१,७२० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | ४,२६६,५०८,०५३ | ३,७९६,४८७,७९७ | ४,२६६,५०८,०५३ | ३,७९६,४८७,७९७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको लगानी मौज्दात | ४.३ | १,२३३,६३१,४५७ | २,८७४,८७४,८११ | १,२३३,६३१,४५७ | २,८७४,८७४,८११ |
| व्युत्पन्न (Derivative) वित्तीय उपकरण | ४.४ | २,६५९,०८९ | ४७,००७,४९८ | २,६५९,०८९ | ४७,००७,४९८ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४.५ | ५४०,७४०,४४० | ७५९,७१०,९९४ | ३२७,३४०,३७९ | ५९६,८८८,९३७ |
| बैंक तथा वित्तीय संस्थालाई कर्जा तथा सापटी | ४.६ | ३,२९९,९१९,६०२ | ३,२४७,१६६,९५३ | ३,२९९,९१९,६०२ | ३,२४७,१६६,९५३ |
| ग्राहकलाई कर्जा तथा सापटी | ४.७ | १३१,२७६,८२७,०७९ | ११८,९१२,०४२,२८८ | १३१,३४४,३२७,०७९ | ११८,९१२,०४२,२८८ |
| लगानी सुरक्षणपत्र | ४.८ | २८,१८९,३६६,८४९ | २२,०६३,३६२,९५६ | २८,१५३,४२५,९६८ | २२,०१७,४२२,०७५ |
| चालु कर सम्पत्ति | ४.९ | ३४६,७०६,६४८ | २९०,०७१,५७५ | ३४८,१४०,७०४ | २८८,४५७,६३३ |
| सहायक कम्पनीमा लगानी | ४.१० | - | - | १६७,२०४,२०० | १६७,२०४,२०० |
| सम्बद्ध कम्पनीमा लगानी | ४.११ | १६५,४३४,७८७ | २०,८६५,३८१ | ३७५,६४५,४९१ | १६,०००,००० |
| लगानी जायजेथा (Investment Property) | ४.१२ | २०८,६४५,८७१ | १४१,१४६,४५४ | २०८,६४५,८७१ | १४१,१४६,४५४ |
| जायजेथा तथा उपकरण संयन्त्र | ४.१३ | ३,७११,४७२,३१२ | २,८८४,१५५,०८८ | ३,७०४,२०७,३२८ | २,८८०,२०४,०८४ |
| ख्याती र अमूर्त सम्पत्ति | ४.१४ | १९७,५५५,५१६ | ८४,६४४,७३१ | १९६,८४०,१८८ | ८३,५६२,२९० |
| स्थगन कर सम्पत्ति | ४.१५ | १६,४८५,९४४ | - | - | - |
| अन्य सम्पत्तिहरु | ४.१६ | २,७६३,९०४,६६५ | १,५७०,९९०,१२५ | २,८९१,४१३,८३६ | १,६९७,५४३,६७६ |
| **कुल सम्पत्ति** | | **१९४,११२,९६७,६७८** | **१६८,२६२,३५०,३७७** | **१९४,४१२,६५०,५१५** | **१६८,३२९,०५०,४१६** |
| **दायित्व** | | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ४.१७ | ४,०६३,०५४,७८५ | २,७६५,००१,९५४ | ४,०६३,०५४,७८५ | २,७६५,००१,९५४ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१८ | ११,०७०,२५०,८६८ | १,२०५,५५८,८२४ | ११,०७०,२५०,८६८ | १,२०५,५५८,८२४ |
| व्युत्पन्न (Derivative) वित्तीय उपकरण | ४.१९ | - | - | - | - |
| ग्राहकको निक्षेप दायित्व | ४.२० | १५२,५२५,९२५,९१३ | १४०,३६२,०७९,३१७ | १५२,८०१,४९०,३७१ | १४०,६३८,४११,४८४ |
| तिर्न बाँकी कर्जा सापटी | ४.२१ | ४५,५००,००० | - | - | - |
| चालु कर दायित्व | ४.९ | - | - | - | - |
| व्यवस्थाहरु | ४.२२ | ५,३०६,६२६ | ५,३०६,६२६ | ५,३०६,६२६ | ५,३०६,६२६ |
| स्थगन कर दायित्व | ४.१५ | - | २२२,३६७,६५१ | ६३,३०८,९३४ | २१७,४८६,२९० |
| अन्य दायित्वहरु | ४.२३ | ३,५३५,३४८,०२७ | २,१६२,४१६,०६६ | ३,५२२,०७४,७९२ | २,१३३,१८१,२६९ |
| निष्काशन गरिएको ऋणपत्र | ४.२४ | २,४७७,८७५,४८० | २,४७६,०८२,२६१ | २,४७७,८७५,४८० | २,४७६,०८२,२६१ |
| सहायक आवधिक दायित्वहरु | ४.२५ | - | - | - | - |
| **कुल दायित्व** | | **१७३,७२३,२६१,६९९** | **१४९,१९८,८१२,६९९** | **१७४,००३,३६१,८५६** | **१४९,४४१,०२८,७०८** |
| **पूँजी (Equity)** | | | | | |
| शेयर पूँजी | ४.२६ | १४,२००,९७४,००६ | १२,५७६,९२३,११५ | १४,२००,९७४,००६ | १२,५७६,९२३,११५ |
| शेयर प्रिमियम | | - | - | - | - |
| सञ्चित मुनाफा | | १,३७८,१२३,१५३ | १,४७६,२०५,७७५ | १,३२९,४६२,००३ | १,४२२,७७७,३१० |
| जगेडा तथा कोषहरु | ४.२७ | ४,७२२,८९७,६५५ | ४,८९९,८९१,०९२ | ४,८७८,८५२,६५० | ४,८८८,३२१,२८३ |
| **शेयरधनीहरुको कुल पूँजी** | | **२०,३०१,९९४,८१४** | **१८,९५३,०१९,९८२** | **२०,४०९,२८८,६५९** | **१८,८८८,०२१,७०८** |
| गैह्र नियन्त्रित स्वार्थ | | ८७,७११,१६५ | ११०,५१७,६९६ | - | - |
| **कुल पूँजी** | | **२०,३८९,७०५,९७९** | **१९,०६३,५३७,६७८** | **२०,४०९,२८८,६५९** | **१८,८८८,०२१,७०८** |
| **कुल दायित्व तथा पूँजी** | | **१९४,११२,९६७,६७८** | **१६८,२६२,३५०,३७७** | **१९४,४१२,६५०,५१५** | **१६८,३२९,०५०,४१६** |
| | | | | | |
| **सम्भावित दायित्व तथा प्रतिवद्धता** | ४.२८ | **८८,६९१,७१९,४४०** | **८५,११२,६३२,५८६** | **८८,६६६,७१९,४४०** | **८५,०८७,६३२,५८६** |
| **प्रति शेयर खुद सम्पत्ति** | | **१४२.९६** | **१५०.७०** | **१४३.७२** | **१५०.१८** |

(प्रमेश राज कायस्थ)
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी.)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(अनिल ज्ञवाली)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन अनुसार

सि. ए. केशब कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७९/०६/०६
स्थान : नारायणहिटी पथ, काठमाडौं

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## एकीकृत नाफा नोक्सान विवरण

### २०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको (जुलाई १६, २०२१ देखि जुलाई १६, २०२२ सम्म)

रकम रु. मा

| विवरण | नोट | समूह | | बैंक | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| ब्याज आम्दानी | ४.२९ | १५,९७२,४०१,८०४ | १०,८४२,९८३,८१४ | १५,९६७,६४८,०३५ | १०,८३९,५३४,३५३ |
| ब्याज खर्च | ४.३० | (१०,९५९,०७९,९९३) | (७,१७४,८६४,१२६) | (१०,९७४,१५८,०५२) | (७,१८९,१३६,२०९) |
| **खुद ब्याज आम्दानी** | | **५,०१३,३२१,८११** | **३,६६८,११९,६८८** | **४,९९३,४८९,९८३** | **३,६५०,३९८,१४४** |
| शुल्क तथा कमिशन आम्दानी | ४.३१ | १,०३३,६५५,३३१ | ८६१,४९०,९४४ | ९९८,१०२,४८२ | ८२५,३७०,४१० |
| शुल्क तथा कमिशन खर्च | ४.३२ | (१३१,२१६,४२३) | (७८,०४६,२७१) | (१२९,०३६,०६१) | (७३,३६०,६५८) |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | **९०२,४३८,९०८** | **७८३,४४४,६७३** | **८६९,०६६,४२१** | **७५२,००९,७५२** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **५,९१५,७६०,७१९** | **४,४५१,५६४,३६१** | **५,८६२,५५६,४०४** | **४,४०२,४०७,८९६** |
| खुद व्यापारिक आम्दानी | ४.३३ | १९४,९५९,३५७ | ४८३,३३७,७१६ | २२४,२७६,४४९ | ४१८,४६५,५३२ |
| अन्य सञ्चालन आम्दानी | ४.३४ | २०१,३५९,१०९ | १५६,३९३,७८२ | १७७,२२६,७०० | १५३,१०५,३०६ |
| **कुल सञ्चालन आम्दानी** | | **६,३१२,०७९,१८५** | **५,०९१,२९५,८५९** | **६,२६४,०५९,५५३** | **४,९७३,९७८,७३४** |
| कर्जा सम्पत्ति तथा अन्य नोक्सानीहरुको क्षय (खर्च)/फिर्ता | ४.३५ | (५५२,४२०,४५०) | (३९४,०३६,०२२) | (५५२,४२०,४५०) | (३९४,०३६,०२२) |
| **खुद सञ्चालन आम्दानी** | | **५,७५९,६५८,७३५** | **४,६९७,२५९,८३७** | **५,७११,६३९,१०३** | **४,५७९,९४२,७१२** |
| **सञ्चालन खर्चहरु** | | | | | |
| कर्मचारी खर्चहरु | ४.३६ | (१,७९६,०३८,२७२) | (१,२४७,८३३,६४९) | (१,७८५,४३२,२४८) | (१,२२९,७५३,२६२) |
| अन्य सञ्चालन खर्चहरु | ४.३७ | (८०५,३७३,६९४) | (६५०,२१९,३४८) | (८०३,८५४,२४६) | (६५०,०४५,९३७) |
| ह्रासकट्टी तथा परिशोधन | ४.३८ | (४१५,७६९,२४०) | (२४६,७८२,२८३) | (४१३,१००,०७७) | (२४४,८७७,२८७) |
| **सञ्चालन नाफा** | | **२,७४२,४७७,५२९** | **२,५५२,४२४,५५७** | **२,७०९,२५२,५३२** | **२,४५५,२६६,२२६** |
| गैह्र सञ्चालन आम्दानी | ४.३९ | ११५,९१९,०८९ | १२१,७७४,५१८ | १२३,३४३,९३६ | १३०,४३७,६७० |
| गैह्र सञ्चालन खर्च | ४.४० | - | - | - | - |
| **आयकर अघिको नाफा** | | **२,८५८,३९६,६१८** | **२,६७४,१९९,०७५** | **२,८३२,५९६,४६८** | **२,५८५,७०३,८९६** |
| आयकर खर्च | ४.४१ | | | | |
| चालु कर | | (९०६,९८२,००३) | (७९९,६३२,९५०) | (८९०,२३६,४२९) | (७८०,३०१,८९१) |
| स्थगन कर | | ७६,१२०,६५९ | (६,६५३,८२०) | ६३,२५०,७५७ | (१,०६०,९३९) |
| **यस अवधिको नाफा/(नोक्सान)** | | **२,०२७,५३५,२७४** | **१,८६७,९१२,३०५** | **२,००५,६१०,७९६** | **१,८०४,३४१,०६६** |
| | | | | | |
| **नाफा बाँडफाँड:** | | | | | |
| बैंकका शेयरधनीहरुको | | २,०२९,७९२,२१० | १,८४४,२११,४५३ | २,००५,६१०,७९६ | १,८०४,३४१,०६६ |
| गैर नियन्त्रित स्वार्थको | | (२,२५६,९३७) | २३,७००,८५२ | | |
| **यस अवधिको नाफा** | | **२,०२७,५३५,२७४** | **१,८६७,९१२,३०५** | **२,००५,६१०,७९६** | **१,८०४,३४१,०६६** |
| | | | | | |
| **प्रति शेयर आम्दानी** | | | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | | १४.२८ | १७.९६ | १४.१२ | १७.३५ |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | १४.२८ | १७.९६ | १४.१२ | १७.३५ |

(प्रमेश राज कायस्थ)
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी.)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(अनिल ज्ञवाली)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन अनुसार

मिति : २०७९/०६/०६
स्थान : नारायणहिटी पथ, काठमाडौं

सि. ए. केशब कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## एकीकृत अन्य विस्तृत आम्दानीको विवरण

### २०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको (जुलाई १६, २०२१ देखि जुलाई १६, २०२२ सम्म)

रकम रु. मा

| विवरण | नोट | समूह | | बैंक | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **यस अवधिको नाफा/(नोक्सान)** | | २,०२७,५३५,२७४ | १,८६७,९१२,३०५ | २,००५,६१०,७९६ | १,८०४,३४१,०६६ |
| **अन्य विस्तृत आम्दानी** | | | | | |
| **क) नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण नहुने शीर्षकहरुः** | | | | | |
| उचित मोल (FairValue) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | | (१५४,१०७,८६६) | ५५८,७२५,८१२ | (३३६,८२०,१५२) | ५५८,७२५,८१२ |
| पुनर्मूल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | | | | | |
| परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/(नोक्सान) (Actuarial Gain/(Loss) on defined benefit plans) | | ४,७३४,०४७ | २२,७७७,४९९ | ४,९६८,६७४ | २२,८९४,४६७ |
| माथि उल्लिखित शिर्षकहरुको आयकर | | ४४,८१२,१४६ | (१७४,४५०,९९३) | ९९,५५५,४४३ | (१७४,४८६,०८४) |
| **नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण नहुने शीर्षकहरुको खुद अन्य विस्तृत आम्दानी** | | (१०४,५६१,६७३) | ४०७,०५२,३१८ | (२३२,२९६,०३५) | ४०७,१३४,१९६ |
| **ख) नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण हुन सक्ने शीर्षकहरुः** | | | | | |
| नगद प्रवाहको हेजिंगबाट (Cash flow hedge) भएको नाफा/(नोक्सान) | | | | | |
| विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा सिर्जित सटही नाफा/(नोक्सान) | | | | | |
| माथि उल्लिखित शिर्षकहरुको आयकर | | | | | |
| नाफा/(नोक्सान) हिसाबमा पुनर्वर्गीकरण हुन सक्ने शीर्षकहरुको अन्य विस्तृत आम्दानी | | | | | |
| **ग) इक्विटी विधिबाट लेखाङ्कन गरिएको सम्बद्ध कम्पनिको अन्य विस्तृत आम्दानीको हिस्सा** | | | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | (१०४,५६१,६७३) | ४०७,०५२,३१८ | (२३२,२९६,०३५) | ४०७,१३४,१९६ |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | १,९२२,९७३,६०१ | २,२७४,९६४,६२३ | १,७७३,३१४,७६१ | २,२११,४७५,२६२ |
| | | | | | |
| **कुल विस्तृत आम्दानीको बाँडफाँड** | | | | | |
| बैंकका शेयरधनीहरुको | | १,९२५,२३०,५३७ | २,२५१,२६३,७७१ | १,७७३,३१४,७६१ | २,२११,४७५,२६२ |
| गैह्र नियन्त्रित स्वार्थको | | (२,२५६,९३६) | २३,७००,८५२ | - | - |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | १,९२२,९७३,६०१ | २,२७४,९६४,६२३ | १,७७३,३१४,७६१ | २,२११,४७५,२६२ |

| | | | | |
|---|---|---|---|---|
| (प्रमेश राज कायस्थ)<br>प्रमुख वित्त अधिकृत | (गणेश राज पोखरेल)<br>प्रमुख कार्यकारी अधिकृत | (राजन सिंह भण्डारी)<br>अध्यक्ष | (प्रकाश चन्द्र मैनाली)<br>सञ्चालक | (विजय ध्वज कार्की)<br>सञ्चालक |
| (सीता कार्की के. सी.)<br>सञ्चालक | (प्रबल जंग पाण्डे)<br>सञ्चालक | (सजन शर्मा)<br>सञ्चालक | (अनिल ज्ञवाली)<br>सञ्चालक | हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार |

मिति : २०७९/०६/०६
स्थान : नारायणहिटी पथ, काठमाडौं

सि. ए. केशब कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## एकीकृत नगद प्रवाह विवरण

### २०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको (जुलाई १६, २०२१ देखि जुलाई १६, २०२२ सम्म)

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | | |
| ब्याज प्राप्ति | १४,६६३,७८६,१७२ | ९,६७०,८०९,४८३ | १४,६६३,८३१,२१८ | ९,६७०,९६८,७२३ |
| शुल्क तथा अन्य आम्दानी प्राप्ति | १,०५८,३३७,२४५ | ८७३,७६५,२६४ | १,०२३,८०१,२७६ | ८३७,६५८,७५५ |
| लाभांश प्राप्ति | ९६,२९८,३५८ | - | ९६,२९८,३५८ | - |
| अन्य सञ्चालन कारोवारबाट प्राप्ति | ४२२,२२७,८०८ | ४५०,५०५,५०८ | ४३२,००८,०७८ | ४१८,८४४,७४६ |
| ब्याज भुक्तानी | (१०,६७१,२७१,१२४) | (६,८५५,८२२,८१६) | (१०,६९३,१७२,६८४) | (६,८७०,०९४,८९९) |
| कमिशन तथा शुल्क भुक्तानी | (१२९,०३६,०६१) | (७३,३६०,६५८) | (१२९,०३६,०६१) | (७३,३६०,६५८) |
| कर्मचारीहरुलाई गरिएको नगद भुक्तानी | (१,६६०,९६६,७५८) | (९९५,१६७,५२७) | (१,६५०,१२६,१०७) | (९७६,९६२,१७३) |
| अन्य खर्चको भुक्तानी | (८००,६१३,९१५) | (६४६,७९४,२९३) | (७९८,०१८,८९०) | (६४२,९५०,५३१) |
| **सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **२,९७८,७६१,७२५** | **२,४२३,९३४,९६२** | **२,९४५,५८५,१८८** | **२,३६४,१०३,९६४** |
| **सञ्चालन सम्वन्धि सम्पत्तिमा कमी/(वृद्धि)** | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा | (४७०,०२०,२५६) | ३,१७७,७८१,५९३ | (४७०,०२०,२५६) | ३,१७७,७८१,५९३ |
| बैंक तथा वित्तीय संस्थाहरुमा गरिएको लगानिमा (Placement) | १,६४१,२४३,३५४ | (२,५७२,१९२,८८६) | १,६४१,२४३,३५४ | (२,५७२,१९२,८८६) |
| अन्य व्यापारिक सम्पत्तिमा | १२०,४५४,२२१ | (४४५,४७२,१४४) | ११०,४५४,२२१ | (४५५,४७२,१४४) |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा | (५२,७५२,६४९) | २०,३५०,६६२,३१५ | (५२,७५२,६४९) | २०,३५०,६६२,३१५ |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटीमा | (१३,१५३,६१८,८६३) | (४०,२५७,६३५,५१२) | (१३,२२१,११८,८६३) | (४०,२५७,६३५,५१२) |
| अन्य सम्पत्तिमा | (१,०४८,४७८,०११) | (१६,३४४,९५४) | (१,०४९,६०३,९९३) | (१६५,३८१,४६४) |
| **सञ्चालन सम्बन्धि दायित्वमा (कमी)/वृद्धि** | | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने बाँकी रकममा | १,२९८,०५२,८३१ | (१,३३२,२०४,८५१) | १,२९८,०५२,८३१ | (१,३३२,२०४,८५१) |
| नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकममा | ९,८६४,६९२,०४४ | ४७५,९७३,७४२ | ९,८६४,६९२,०४४ | ४७५,९७३,७४२ |
| ग्राहकको निक्षेपमा | १२,१६३,८४६,५७९ | २६,१४७,३७८,०३१ | १२,१६३,०७८,८८७ | २६,११२,३२७,१९१ |
| ऋण सापटीमा | ४५,५००,००० | - | - | - |
| अन्य दायित्वमा | १,३१६,२३९,८३३ | २६,१८६,८७८ | १,३३१,४६५,८१४ | १६१,८२६,११७ |
| **आयकर अघिको कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **१४,७०३,९२०,८०८** | **७,९७८,०६७,१७२** | **१४,५६१,०७६,५७८** | **७,८५९,७८८,०६४** |
| आयकर भुक्तानी | (९७२,५२५,८१८) | (८८४,२३०,५५३) | (९५८,५४८,३३८) | (८७६,३९६,८८८) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **१३,७३१,३९४,९९०** | **७,०९३,८३६,६१९** | **१३,६०२,५२८,२४०** | **६,९८३,३९१,१७७** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | | | |
| धितोपत्र लगानी खरिद | (६,८८९,७१५,९२७) | (८,८७१,५२०,५९८) | (६,७२९,९६३,१२९) | (८,६८५,७०४,५२२) |
| धितोपत्र लगानी बिक्रिबाट प्राप्ति | ६९,०१८,५१५ | ८९,५२९,१४१ | - | - |
| जायजेथा र उपकरणको खरिद | (१,२२०,२२४,४८२) | (१३७,३७३,९९८) | (१,२१४,६०८,४२२) | (१३७,२८५,९१२) |
| जायजेथा र उपकरणको बिक्रिबाट प्राप्ति | ५२,५७८,५०० | १५,४९९,२५३ | ५२,५७८,५०० | १५,४९९,२५३ |
| अमूर्त सम्पत्तिको खरिद | (२५,९४३,४९०) | (३३,७३१,७०१) | (२५,९४३,४९०) | (३३,३८१,४०१) |
| अमूर्त सम्पत्तिको बिक्रिबाट प्राप्ति | - | - | - | - |
| लगानी जायजेथाको खरिद | - | - | - | - |
| लगानी जायजेथाको विक्रीबाट प्राप्ति | ४१,३४९,२८३ | १७३,१०८,६०१ | ४१,३४९,२८३ | १७३,१०८,६०१ |
| ब्याज प्राप्ति | १,११०,९५९,८३७ | ७९१,०५०,४५२ | १,१०६,१६०,२६४ | ७८७,४४४,४३३ |
| लाभांश प्राप्ति | १६२,६०१,०९० | ५८,१४४,६७९ | १४९,४०६,४८० | ५३,८९५,३८१ |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद प्रवाह** | **(६,६९९,३७६,६७४)** | **(७,९१५,२९४,१७१)** | **(६,६२१,०२०,५१४)** | **(७,८२६,४२४,१६७)** |

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ति | - | - | - | - |
| ऋणपत्रको भुक्तानी | - | (५००,०००,०००) | - | (५००,०००,०००) |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ति (Subordinated liabilities) | - | - | - | - |
| असुरक्षित दायित्वमा भएको भुक्तानी (Subordinated liabilities) | - | - | - | - |
| शेयर निष्काशनबाट प्राप्ति | - | - | - | - |
| लाभांश भुक्तानी | (४४४,८५६,१२१) | (२७६,७१६,०००) | (३९४,८५६,१२१) | (२५६,७१६,०००) |
| ब्याज भुक्तानी | (२६३,७७५,५५५) | (२७७,४४१,७८१) | (२५६,९५२,०५५) | (२७७,४४१,७८१) |
| अन्य प्राप्ति/भुक्तानी | (१०१,०००) | (८१,३२६,४९४) | - | (८१,३२६,४९४) |
| **नगद प्रवाहमा भएको खुद घट/बढ** | **(७०८,७३२,६७६)** | **(१,१३५,४८४,२७५)** | **(६५१,८०८,१७६)** | **(१,११५,४८४,२७५)** |
| **नगद तथा नगद समानको खुद घट/बढ** | **६,३२३,२८५,६४०** | **(१,९५६,९४१,८२७)** | **६,३२९,६९९,५५०** | **(१,९५८,५१७,२६५)** |
| प्राप्तिबाट (Acquisiton) प्राप्त भएको नगद तथा नगद समान | - | २,६७९,५८६,०५५ | | २,६७९,५८६,०५५ |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | ११,५६९,८२३,७२६ | १०,८४७,१७९,४९८ | ११,५६३,०४१,७२० | १०,८४१,९७२,९३० |
| नगद तथा नगद समानको विनिमय दरमा भएको फरकबाट | - | - | | |
| **नगद तथा नगद समानको आषाढ २०७९ को अन्तिम मौज्दात** | **१७,८९३,१०९,३६६** | **११,५६९,८२३,७२६** | **१७,८९२,७४१,२७०** | **११,५६३,०४१,७२०** |

(प्रमेश राज कायस्थ)
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी.)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(अनिल ज्ञवाली)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न
प्रतिवेदन अनुसार

मिति : २०७९/०६/०६
स्थान : नारायणहिटी पथ, काठमाडौं

सि. ए. केशब कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण

## २०७८ श्रावण १ गते देखि २०७९ आषाढ ३२ गते सम्मको (जुलाई १६, २०२१ देखि जुलाई १६, २०२२ सम्म)

रकम रु. मा

| विवरण | समूह | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैह्र नियन्त्रित स्वार्थ | कुल इक्विटी |
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियामक जगेडा कोष | उचित मोल (Fair value) कोष | पुनर्मूल्याङ्कन कोष | सञ्चित मुनाफा | अन्य जगेडा कोष | कुल रकम | | |
| **श्रावण १, २०७७ सालको मौज्दात** | **९,०८९,८१७,२९०** | **४,१२४,४०२** | **१,८८५,८०३,०६६** | **५८,९०७,३१६** | **४५१,९८२,५०८** | **११५,३१३,८०३** | **३८७,७५९,६३६** | **९६२,८१०,३४७** | **४९८,१२७,४२०** | **१३,४५४,६४५,७८५** | **९५,१५१,०१७** | **१३,५४९,७९६,७८२** |
| **गत वर्षको समायोजनहरु** | - | - | - | - | - | - | - | (२०,५९१,५४०) | - | (२०,५९१,५४०) | - | (२०,५९१,५४०) |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| यस वर्षको नाफा | - | - | - | - | - | - | - | १,८४४,२११,४५३ | - | १,८४४,२११,४५३ | २३,७००,८५३ | १,८६७,९१२,३०५ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | **३९१,१०८,०६९** | - | **(४७,९८२)** | **१६,०२६,१२७** | **४०७,०८६,२१४** | **(३३,८९६)** | **४०७,०५२,३१८** |
| उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान | - | - | - | - | - | ३९१,१०८,०६९ | - | - | - | ३९१,१०८,०६९ | - | ३९१,१०८,०६९ |
| पुनर्मूल्याङ्कनबाट भएका नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | | - |
| परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | १६,०२६,१२७ | १६,०२६,१२७ | - | १६,०२६,१२७ |
| नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | | - |
| विदेशी सञ्चालनको वित्तीय सम्पत्तिका रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | **३९१,१०८,०६९** | - | **१,८४४,१६३,४७१** | **१६,०२६,१२७** | **२,२५१,२९७,६६६** | **२३,६६६,९५७** | **२,२७४,९६४,६२३** |
| जगेडा कोषमा सारिएको रकम | - | - | ३६६,५९३,३४७ | १६,०५०,७२१ | (१५३,६३७,८१७) | - | - | (५०५,७६२,७७८) | २७६,७५६,५२६ | - | - | - |
| जगेडा कोषबाट निकालिएको रकम | - | - | - | - | ६१,८४७,६७१ | (७०,४११,७४९) | - | ८,५६४,०७८ | - | - | - | - |
| **इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | | | |
| प्राप्त गरिएको संस्थाबाट सारिएको - तिनाउ मिसन डेभलपमेण्ट लिमिटेड | १,८४५,०३८,२४० | - | २१७,२५६,३०० | - | ७७,६६२,७४६ | ९,६१२,९४६ | - | २५,५५९,३६८ | ७७,२८६,२६१ | २,२५२,४१५,८६१ | | २,२५२,४१५,८६१ |
| प्राप्त गरिएको संस्थाबाट सारिएको - सिर्जना फाइनान्स लिमिटेड | ९१४,८८२,२०२ | - | १६७,०८९,२८० | - | २२,२७७,९०० | ६९,४८३,८२६ | - | ७८,०८८,६४७ | ५१,७५४,२१९ | १,३०३,५७६,०७३ | - | १,३०३,५७६,०७३ |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरणः | | | | | | | | | | | | |
| बोनस शेयर निष्काशन | ७२७,१८५,३८३ | (४,१२४,४०२) | - | - | (९०,८७९,३८४) | - | - | (६३२,१८१,५९८) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (२८४,४१४,९३९) | - | (२८४,४१४,९३९) | (८,२७९,५८०) | (२९२,६९४,५१९) |
| अन्य | - | - | - | - | - | - | - | (२९,३०१) | (३,८७९,६४५) | (३,९०८,९४६) | (२०,६९९) | (३,९२९,६४५) |
| **कुल योगदान तथा वितरण** | **३,४८७,१०५,८२५** | **(४,१२४,४०२)** | **३८४,३४५,५८०** | - | **९,०६१,२६२** | **७९,०९६,७७२** | - | **(८१२,९७७,८२३)** | **१२५,१६०,८३५** | **३,२६७,६६८,०४९** | **(८,३००,२७९)** | **३,२५९,३६७,७७०** |
| **आषाढ २०७८ को अन्तिम मौज्दात** | **१२,५७६,९२३,११५** | - | **२,६३६,७४१,९९३** | **७४,९५८,०३७** | **३६९,२५३,६२४** | **५१५,१०६,८९५** | **३८७,७५९,६३६** | **१,४७६,२०५,७७५** | **९१६,०७०,९०८** | **१८,९५३,०१९,९८१** | **११०,५१७,६९६** | **१९,०६३,५३७,६७७** |

| विवरण | समूह | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैह्र नियन्त्रित स्वार्थ | कुल इक्विटी |
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियामक जगेडा कोष | उचित मोल (Fair Value) कोष | पुनर्मूल्याङ्कन कोष | सञ्चित मुनाफा | अन्य जगेडा कोष | कुल रकम | | |
| **श्रावण १, २०७८ सालको मौज्दात** | **१२,५७६,९२३,११५** | **-** | **२,६३६,७४१,९९३** | **७४,९५८,०३७** | **३६९,२५३,६२४** | **५१५,१०६,८९५** | **३८७,७५९,६३६** | **१,४७६,२०५,७७५** | **९१६,०७०,९०८** | **१८,९५३,०१९,९८१** | **११०,५१७,६९६** | **१९,०६३,५३७,६७७** |
| **गत वर्षको समायोजनहरु** | **-** | **-** | **-** | **-** | **-** | **-** | **२०,१३३,९५८** | **१२०,७०६** | **११५,९५४,३०५** | **१३६,२०८,९६९** | **-** | **१३६,२०८,९६९** |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| यस वर्षको नाफा | - | - | - | - | - | - | | २,०२९,७९२,२१० | - | २,०२९,७९२,२१० | (२,२५६,९३७) | २,०२७,५३५,२७३ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | **-** | **-** | **-** | **-** | **-** | **(१०७,८७५,५०६)** | | **(९६,२४७)** | **३,४७८,०७२** | **(१०४,४९३,६८२)** | **(६७,९९१)** | **(१०४,५६१,६७३)** |
| उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान | - | - | - | - | - | (१०७,८७५,५०६) | - | - | - | (१०७,८७५,५०६) | | (१०७,८७५,५०६) |
| पुनर्मूल्याङ्कनबाट भएका नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | | - |
| परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/नोक्सान | - | - | - | - | - | - | - | (९६,२४७) | ३,४७८,०७२ | ३,३८१,८२४ | (६७,९९१) | ३,३१३,८३३ |
| नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | | - |
| विदेशी सञ्चालनको वित्तीय सम्पत्तिका रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | **-** | **-** | **-** | **-** | **-** | **(१०७,८७५,५०६)** | **-** | **२,०२९,६९५,९६३** | **३,४७८,०७२** | **१,९२५,२९८,५२८** | **(२,३२४,९२९)** | **१,९२२,९७३,६००** |
| जगेडा कोषमा सारिएको रकम | - | - | ४०१,१२२,१५९ | - | ११२,०६१,९७९ | - | - | (८१३,१६६,९४४) | २९९,९८२,८०५ | - | | - |
| जगेडा कोषबाट निकालिएको रकम | - | - | - | - | (१०१,४३९,४४०) | - | - | १०१,४३९,४४० | - | - | | - |
| **इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोबार** | | | | | | | | | | | | |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरणः | | | | | | | | | | | | |
| बोनस शेयर निष्काशन | १,६२४,०५०,८९१ | - | - | - | - | - | - | (९९९,०२२,६०३) | (६२५,०२८,२८८) | - | | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (४१७,५५७,८५७) | - | (४१७,५५७,८५७) | (२०,६९८,९५०) | (४३८,२५६,८०७) |
| अन्य | - | - | - | - | - | (२९५,२८२,४८१) | - | ४०८,६७३ | (१०१,०००) | (२९४,९७४,८०७) | २१७,३४८ | (२९४,७५७,४६०) |
| **कुल योगदान तथा वितरण** | **१,६२४,०५०,८९१** | **-** | **-** | **-** | **-** | **(२९५,२८२,४८१)** | **-** | **(१,४१६,१७१,७८७)** | **(६२५,१२९,२८८)** | **(७१२,५३२,६६५)** | **(२०,४८१,६०२)** | **(७३३,०१४,२६७)** |
| **आषाढ २०७९ को अन्तिम मौज्दात** | **१४,२००,९७४,००६** | **-** | **३,०३७,८६४,१५२** | **७४,९५८,०३७** | **३७९,८७६,१६३** | **१११,९४८,९०८** | **४०७,८९३,५९४** | **१,३७८,१२३,१५३** | **७१०,३५६,८०२** | **२०,३०१,९९४,८१३** | **८७,७११,१६५** | **२०,३८९,७०५,९७९** |

| विवरण | बैंक | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैह्र नियन्त्रित स्वार्थ | कुल इक्विटी |
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियामक जगेडा कोष | उचित मोल (Fair value) कोष | पुनर्मूल्याङ्कन कोष | सञ्चित मुनाफा | अन्य जगेडा कोष | कुल रकम | | |
| **श्रावण १, २०७७ सालको मौज्दात** | ९,०८९,८१७,२९० | ४,१२४,४०२ | १,८८३,५९४,३२३ | ५८,९०७,३१६ | ४५१,९८२,५०८ | ११५,३१३,८०३ | ३८७,७५९,६३६ | ९३१,१५६,९४६ | ४९५,०६४,००२ | १३,४१७,७२०,२२४ | - | - |
| **गत वर्षको समायोजनहरु** | - | - | - | - | - | - | - | (२०,५९१,५४०) | - | (२०,५९१,५४०) | - | - |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| यस वर्षको नाफा | - | - | - | - | - | - | - | १,८०४,३४१,०६५ | - | १,८०४,३४१,०६५ | - | - |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - | - | - | - | ३९१,१०८,०६९ | - | - | १६,०२६,१२७ | ४०७,१३४,१९६ | - | - |
| उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान | - | - | - | - | - | ३९१,१०८,०६९ | - | - | - | ३९१,१०८,०६९ | - | - |
| पुनर्मूल्याङ्कनबाट भएका नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | १६,०२६,१२७ | १६,०२६,१२७ | - | - |
| नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विदेशी सञ्चालनको वित्तीय सम्पत्तिका रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | ३९१,१०८,०६९ | - | १,८०४,३४१,०६५ | १६,०२६,१२७ | २,२११,४७५,२६१ | - | - |
| जगेडा कोषमा सारिएको रकम | - | - | ३६०,८६८,२१३ | १६,०५०,७२१ | (१५३,६३७,८१७) | - | - | (४९९,४६५,१३०) | २७६,१८४,०१२ | - | - | - |
| जगेडा कोषबाट निकालिएको रकम | - | - | - | - | ६१,८४७,६७१ | (७०,४११,७४९) | - | ८,५६४,०७८ | - | - | - | - |
| **इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | | | |
| प्राप्त गरिएको संस्थाबाट सारिएको - तिनाउ मिसन डेभलपमेण्ट लिमिटेड | १,८४५,०३८,२४० | - | २१७,२५६,३०० | - | ७७,६६२,७४६ | ९,६१२,९४६ | - | २५,५५९,३६८ | ७७,२८६,२६१ | २,२५२,४१५,८६१ | - | - |
| प्राप्त गरिएको संस्थाबाट सारिएको - सिर्जना फाइनान्स लिमिटेड | ९१४,८८२,२०२ | - | १६७,०८९,२८० | - | २२,२७७,९०० | ६९,४८३,८२६ | - | ७८,०८८,६४७ | ५१,७५४,२१९ | १,३०३,५७६,०७३ | - | - |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरण: | | | | | | | | | | | | |
| बोनस शेयर निष्काशन | ७२७,१८५,३८३ | (४,१२४,४०२) | - | - | (९०,८७९,३८४) | - | - | (६३२,१८१,५९८) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (२७२,६९४,५१९) | - | (२७२,६९४,५१९) | - | - |
| अन्य | - | - | - | - | - | - | - | - | (३,८७९,६४५) | (३,८७९,६४५) | - | - |
| **कुल योगदान तथा वितरण** | ३,४८७,१०५,८२५ | (४,१२४,४०२) | ३८४,३४५,५८० | - | ९,०६१,२६२ | ७९,०९६,७७२ | - | (८०१,२२८,१०१) | १२५,१६०,८३५ | ३,२७९,४१७,७७० | - | - |
| **आषाढ २०७८ को अन्तिम मौज्दात** | १२,५७६,९२३,११५ | - | २,६२८,८०८,११६ | ७४,९५८,०३७ | ३६९,२५३,६२४ | ५१५,१०६,८९५ | ३८७,७५९,६३६ | १,४२२,७७७,३१० | ९१२,४३४,९७६ | १८,८८८,०२१,७०८ | - | - |

| विवरण | बैंक | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैंकका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | गैह्र नियन्त्रित स्वार्थ | कुल इक्विटी |
| | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटही घटबढ कोष | नियामक जगेडा कोष | उचित मोल (Fair value) कोष | पुनर्मूल्याङ्कन कोष | सञ्चित मुनाफा | अन्य जगेडा कोष | कुल रकम | | |
| **श्रावण १, २०७८ सालको मौज्दात** | १२,५७६,९२३,११५ | - | २,६२८,८०८,११६ | ७४,९५८,०३७ | ३६९,२५३,६२४ | ५१५,१०६,८९५ | ३८७,७५९,६३६ | १,४२२,७७७,३१० | ९१२,४३४,९७६ | १८,८८८,०२१,७०८ | - | - |
| **गत वर्षको समायोजनहरु** | - | - | - | - | - | - | २०,१३३,९५८ | ८०,८१३ | ११५,९९४,२२८ | १३६,२०८,९९९ | - | - |
| **२०७८ श्रावण १ गते समायोजित मौज्दात** | १२,५७६,९२३,११४ | - | २,६२८,८०८,११६ | ७४,९५८,०३७ | ३६९,२५३,६२४ | ५१५,१०६,८९५ | ४०७,८९३,५९४ | १,४२२,८५८,१२३ | १,०२८,४२९,२०५ | १९,०२४,२३०,७०७ | - | - |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | |
| यस वर्षको नाफा | - | - | - | - | - | - | - | २,००५,६१०,७९५ | - | २,००५,६१०,७९५ | - | - |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - | - | - | - | (२३५,७७४,१०६) | - | - | ३,४७८,०७२ | (२३२,२९६,०३५) | - | - |
| उचित मोल (Fair value) मा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान | - | - | - | - | - | (२३५,७७४,१०६) | - | - | - | (२३५,७७४,१०६) | - | - |
| पुनर्मूल्याङ्कनबाट भएका नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजनाको विमाङ्किक नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | ३,४७८,०७२ | ३,४७८,०७२ | - | - |
| नगद प्रवाह हेजिंगबाट भएको नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **विदेशी सञ्चालनको वित्तीय सम्पत्तिका रुपान्तरणमा सिर्जित सटही नाफा/नोक्सान** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | - | - | - | - | - | (२३५,७७४,१०६) | - | २,००५,६१०,७९५ | ३,४७८,०७२ | १,७७३,३१४,७६० | - | - |
| जगेडा कोषमा सारिएको रकम | - | - | ४०१,१२२,१५९ | - | ११२,०६१,९७९ | - | - | (८१३,१६६,९४४) | २९९,९८२,८०५ | - | - | - |
| जगेडा कोषबाट निकालिएको रकम | - | - | - | - | (१०१,४३९,४४०) | - | - | १०१,४३९,४४० | - | - | - | - |
| **इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोवार** | | | | | | | | | | - | | |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरधनीलाई लाभांश वितरण: | | | | | | | | | | | | |
| बोनस शेयर निष्काशन | १,६२४,०५०,८९१ | - | - | - | - | - | - | (९९९,०२२,६०३) | (६२५,०२८,२८८) | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (३८८,२५६,८०७) | - | (३८८,२५६,८०७) | - | - |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **कुल योगदान तथा वितरण** | १,६२४,०५०,८९१ | - | - | - | - | - | - | (१,३८७,२७९,४१०) | (६२५,०२८,२८८) | (३८८,२५६,८०७) | - | - |
| **आषाढ २०७९ को अन्तिम मौज्दात** | १४,२००,९७४,००६ | - | ३,०२९,९३०,२७५ | ७४,९५८,०३७ | ३७९,८७६,१६३ | २७९,३३२,७८९ | ४०७,८९३,५९४ | १,३२९,४६२,००३ | ७०६,८६१,७९३ | २०,४०९,२८८,६५९ | - | - |

(प्रमेश राज कायस्थ)
प्रमुख वित्त अधिकृत

(गणेश राज पोखरेल)
प्रमुख कार्यकारी अधिकृत

(राजन सिंह भण्डारी)
अध्यक्ष

(प्रकाश चन्द्र मैनाली)
सञ्चालक

(विजय ध्वज कार्की)
सञ्चालक

(सीता कार्की के. सी.)
सञ्चालक

(प्रबल जंग पाण्डे)
सञ्चालक

(सजन शर्मा)
सञ्चालक

(अनिल ज्ञवाली)
सञ्चालक

हाम्रो आजको मितिको संलग्न प्रतिवेदन अनुसार

सि. ए. केशब कुमार बुढाथोकी
प्रोप्राइटर
के के बुढाथोकी एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०७९/०६/०६
स्थान : नारायणहिटी पथ, काठमाडौं

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू

## (२०७९ आषाढ मसान्त)

## १. रिपोर्टिङ संस्था

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (यस पश्चात् "बैंक" भनी उल्लेख गरिएको) कम्पनी ऐन २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंकको रूपमा बैंकिङ्ग कारोवार गर्न इजाजतपत्र प्राप्त "क" वर्गको वित्तीय संस्था हो । बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, काठमाडौंमा रहेको छ। बैंकले बैशाख ७, २०६४ देखि विधिवत् रुपमा बैंकिङ्ग व्यवसाय गर्दै आएको छ। यस बैंकका शेयरहरू नेपाल स्टक एक्सचेन्जमा सूचीकृत छन् र "CZBIL" कोड अन्तर्गत ट्रेडिङ्ग भइरहेको छ । बैंकले नेपालमा व्यवसायिक बैंकिङ्ग कारोवार लगायत वाणिज्य बैंकहरुले प्रदान गर्ने सबै सेवाहरु बैंकको प्रधान कार्यालय, शाखाहरु, शाखा रहित बैंकिङ्ग सेवा इकाईहरु तथा एटीएमहरु मार्फत प्रदान गर्दै आएको छ।

बैंकले आर्थिक वर्ष २०७१/७२ मा दुई वटा "ग" वर्गका वित्तीय संस्थाहरु, नेपाल हाउजिङ मर्चेन्ट फाईनान्स लिमिटेड र पिपल्स फाईनान्स लिमिटेड प्राप्ति गरि बैशाख २५, २०७२ बाट संयुक्त कारोवार शुरू गरेको थियो । यसै गरी, बैंकले आर्थिक वर्ष २०७३/७४ मा प्रिमियर फाईनान्स लिमिटेडलाई प्राप्ति गरि श्रावण २, २०७३ बाट एकीकृत कारोवार शुरू गरेको थियो र आर्थिक वर्ष २०७६/७७ मा बैंकले "ख" वर्गको वित्तीय संस्था, सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरि आषाढ २०, २०७७ गतेबाट संयुक्त कारोवार शुरू गरेको थियो । बैंकले आर्थिक वर्ष २०७७/७८ मा बैंकले "ख" वर्गको वित्तीय संस्था, तिनाउ मिसन डेभलप्मेण्ट बैंक लिमिटेडलाई प्राप्ति गरि चैत्र १४, २०७७ बाट र "ग" वर्गका वित्तीय संस्था, सिर्जना फाइनान्स लिमिटेडलाई प्राप्ति गरि आषाढ २६, २०७८ बाट संयुक्त कारोवार शुरू गरेको छ।

### सहायक कम्पनीहरु

सि.बि.आई.एल. क्यापिटल लिमिटेड र सि.बि.आई.एल. सेक्यूरिटीज लिमिटेड यस बैंकको सहायक कम्पनीहरू हुन् ।

सि.बि.आई.एल. क्यापिटल लिमिटेड माघ १७, २०६२ मा कम्पनी ऐन, २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो। बैंकले फाल्गुण ३०, २०७२ मा सि.बि.आई.एल. क्यापिटल लिमिटेडमा इक्विटी लगानी गरि सहायक कम्पनी खडा गरेको थियो । सि.बि.आई.एल. क्यापिटल लिमिटेडको प्रमुख गतिविधिहरुमा मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गतका धितोपत्रको सार्वजनिक निष्काशन व्यवस्थापन, लगानी व्यवस्थापन, धितोपत्रको प्रत्याभूति सेवा, शेयर रजिष्ट्रार, सामूहिक लगानी कोषको योजना व्यवस्थापन तथा निक्षेप सदस्यको रुपमा कार्य गर्ने, संस्थागत परामर्श सेवा उपलब्ध गराउने लगायतका कार्यहरु पर्दछन् । बैंकको सि.बि.आई.एल. क्यापिटल लिमिटेडमा ५८.६० प्रतिशत स्वामित्व रहेको छ।

सि.बि.आई.एल. सेक्यूरिटीज लिमिटेड ज्येष्ठ २८, २०७६ मा कम्पनी ऐन, २०६३ अन्तर्गत सार्वजनिक कम्पनीको रूपमा दर्ता भएको थियो। बैंकले आषाढ २०,२०७६ मा सि.बि.आई.एल. सेक्यूरिटीज लिमिटेडमा इक्विटी लगानी गरि सहायक कम्पनी खडा गरेको थियो । सि.बि.आई.एल. सेक्यूरिटीज लिमिटेडको प्रमुख गतिविधिहरुमा धितोपत्र, मार्जिन ट्रेडिङ्ग, धितोपत्रमा लगानी र ग्राहकहरुलाई परामर्श र अन्य सम्बन्धित दलाली सेवाहरु प्रदान गर्नु हो । बैंकको सि.बि.आई.एल. सेक्यूरिटीज लिमिटेडमा शत प्रतिशत स्वामित्व रहेको छ।

### सम्बद्ध कम्पनीहरु

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड (NEPS) र मेरो माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड बैंकको सम्बद्ध कम्पनीहरु हुन् ।

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेड सात राष्ट्रिय स्तरका वाणिज्य बैंकहरुको सहकार्यमा प्रवर्द्धित संस्था हो, जसको उद्देश्य यी बैंकहरूको स्रोतलाई एकसाथ ल्याउने र सुरक्षित, भरपर्दो र विद्युतीय भुक्तानीमा नयाँ प्रविधिको द्रुत वृद्धिलाई समेट्न सक्षम एउटा साझा प्लेटफर्म स्थापना गर्ने हो । बैंकको नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स लिमिटेडमा ९.०९ प्रतिशत स्वामित्व रहेको छ।

मेरो माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड "घ" वर्गको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वित्तीय संस्था जसको उद्देश्य सामाजिक तथा आर्थिक सेवालाई सहज र सरल बनाएर व्यापारिक कौशलको विकाश गर्ने हो । बैंकको मेरो माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडमा ६.९० प्रतिशत स्वामित्व रहेको छ।

बैंक, सहायक कम्पनीहरु र सम्बद्ध कम्पनीलाई सामूहिक रूपमा "समूह" को रूपमा उल्लेख गरिएको छ।

## २. वित्तीय विवरण तयार पार्दाका आधारहरु

समूहको वित्तीय विवरणहरू प्रोदभावी लेखामा (Accrual Basis) आधारित भई तयार गरिएको छ। समूहको नगद प्रवाह विवरण प्रत्यक्ष विधि (Direct Method) प्रयोग गरि नगद आधारमा तयार गरिएको छ।

समूहको वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (एकीकृत वासलात), एकीकृत नाफा/नोक्सानको विवरण तथा एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, एकीकृत नगद प्रवाहको विवरण र लेखाङ्कनका टिप्पणीहरू सम्मिलित छन्। एकीकृत वित्तीय विवरण तयार गर्दा लागू गरिएका महत्वपूर्ण लेखा नीतिहरू बुँदा नम्बर ३ मा उल्लेख गरिएको छ। यी नीतिहरु अन्यथा उल्लेख नभएसम्म हरेक वर्ष निरन्तर लागु गरिएका छन्।

### २.१ अनुपालनाको घोषणा

समूहको वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal – ICAN) द्वारा अनुपालनको लागि जारी गरिएको व्यवस्था अनुसार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ का व्यवस्थाहरु, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरुको अधिनमा तयार पारिएका छन्।

समूहको आ.व. २०७८/७९ को कारोवार समावेश गरिएको यस वित्तीय विवरण सञ्चालक समितिको मिति २०७८/०६/०६ गते बसेको बैठकले शेयरधनीबाट स्वीकृत गर्नको लागि आगामी वार्षिक साधारण सभा समक्ष सिफारिस गरिएको हो।

### २.२ समीक्षा अवधि

समीक्षा अवधि भन्नाले नेपाली पात्रो (वि.सं.) अनुसार वर्षको श्रावण (मध्य जुलाई) को पहिलो दिनदेखि अर्को वर्षको आषाढ (मध्य जुलाई) को अन्तिम दिनसम्मको अवधि हो।

| | वि.सं. | इ.सं. |
|---|---|---|
| यस वर्ष | २०७८/७९ | २०२१/२२ |
| गत वर्ष | २०७७/७८ | २०२०/२१ |
| यस वर्षको अवधि | श्रावण १, २०७८ देखि | जुलाई १६, २०२१ देखि |
| | आषाढ ३२, २०७९ सम्म | जुलाई १६, २०२२ सम्म |
| गत वर्षको अवधि | श्रावण १, २०७७ देखि | जुलाई १६, २०२० देखि |
| | आषाढ ३१, २०७८ सम्म | जुलाई १५, २०२१ सम्म |

### २.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा (Functional and Presentation Currency)

समूह सञ्चालनमा भएको प्राथमिक आर्थिक वातावरणको मुद्रा - नेपाली रुपैयाँमा नै समूहको वित्तीय विवरणहरू प्रस्तुत तथा मापन गरिएको छ। वित्तीय जानकारीहरु पनि नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ। समीक्षा अवधिमा समूहको प्रस्तुतीकरण र कार्यात्मक मुद्रामा कुनै परिवर्तन आएको छैन। अन्यथा उल्लेख भएको बाहेक अंकहरुलाई निकटतम रुपैयाँमा उल्लेख गरिएको छ।

### २.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgment)

वित्तीय विवरण तयार गर्दा वित्तीय विवरणमा अभिलेख गरिएको सम्पत्ति र दायित्व (आकस्मिक सम्पत्ति र दायित्व सहित) तथा खर्च र आम्दानीको विवरण तयार गर्दा व्यवस्थापनले निश्चित अनुमान, धारणा र स्वविवेक अनुरुप निर्णय गरेको छ। व्यवस्थापनले वित्तीय विवरणको तयारीमा प्रयोग गरिएको अनुमान विवेकपूर्ण र उचित छ भन्ने विश्वास लिएको छ। यी अनुमानहरु वास्तविक नतिजा भन्दा फरक हुन सक्दछन्। अनुमान र धारणाहरूलाई निरन्तर रुपमा समीक्षा गरिन्छ। अनुमानहरुमा भएको परिवर्तन र संशोधनहरुलाई संशोधन भएको मितिबाट चालु तथा आउने अवधिमा लेखाङ्कन गरिन्छ।

आगामी वित्तीय वर्षहरूमा समायोजनको जोखिम उत्पन्न गराउन सक्ने अनुमान तथा धारणा निम्न बमोजिम छन् :

- नगद प्रवाह प्रक्षेपण गर्दा प्रयोग भएको मुख्य धारणाहरू
- परिभाषित लाभ दायित्वहरूको मापन
- प्रावधान, प्रतिवद्धता र आकस्मिकताहरू
- सम्पत्तिको खुद मूल्य निर्धारण
- जायजेथा र उपकरणहरूको उपयोगी जीवनको निर्धारण
- समूहको व्यवसाय निरन्तरताको आकलन
- जायजेथा र उपकरणहरूको उचित मोल (Fair Value) निर्धारण
- वित्तीय र गैह्र वित्तीय सम्पत्तिको क्षय नोक्सानी
- चालु तथा स्थगन करको आकलन

### २.५ लेखाङ्कन नीतिमा परिवर्तन

समूहले आफ्नो लेखा नीतिहरू सबै वर्षहरूमा समानान्तर रूपमा लागु गरेको छ भने केही रकमहरु अघिल्लो वर्षसँग तुलना गर्न पुनः वर्गीकरण गरिएको छ। त्रुटिहरूको सुधार र लेखा नीतिमा भएका कुनै परिवर्तनहरूलाई छुट्टै विवरण सहित उल्लेख गरिएको छ।

### २.६ जारी भई लागु नभएका रिपोर्टिङ्ग मानक

समूहको वित्तीय विवरण जारी गर्ने मितिसम्म जारी गरिएको तर कार्यान्वयनमा नल्याएका रिपोर्टिङ मानक निम्नानुसार रहेका छन् :

समूहले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी वैकल्पिक व्यवस्था (Carve outs) लागु गरेको छ र यसको गुणात्मक तथा गणात्मक प्रभाव लेखा सम्बन्धी टिप्पणीहरुमा उल्लेख गरिएको छ।

विभिन्न मितिमा International Accounting Standard Board (IASB) बाट जारी गरिएका र लागु हुने केही नयाँ मान र वर्तमान मानमा संशोधन र व्याख्या जारी भएका छन्। नेपाल लेखामान बोर्डबाट (Accounting Standard Board of Nepal) यसलाई NFRS मा समावेश गराएपछि यी मानहरु लागु हुनेछन्।

### २.७ डिस्काउन्टीङ्ग (Discounting)

समूहले वित्तीय सम्पत्ति वा दायित्वको परिशोधित लागत (Amortized cost) प्रभावकारी ब्याजदर (Effective Interest Rate) प्रयोग गरी गणना गर्दछ। परिशोधित ब्याजदर वित्तीय सम्पत्ति वा दायित्वको अवधि भित्र भविष्यमा हुने नगद भुक्तानी वा नगद प्रवाहहरूलाई डिस्काउन्टीङ्ग (Discounting) गर्दा त्यो वित्तीय सम्पत्ति वा दायित्वको किताबी मूल्य (carrying value) बराबर प्रतिविम्बित गर्ने दर हो। यदि अपेक्षित जीवन (Expected Life) भरपर्दो तरिकाले निर्धारण गर्न नसकिने भए अनुबन्धित जीवन (Contractual Life) प्रयोग गरिएको छ।

समूहले वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको कारोवार रकमले उचित मोल (Fair Value) प्रतिनिधित्व गर्दैन भन्ने लागेमा, उक्त वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको प्रारम्भिक उचित मोल (Fair Value) निर्धारण गर्दा भविष्यमा हुने नगद प्रवाहलाई विद्यमान ब्याजदरबाट डिस्काउन्टीङ्ग (Discounting) गरिन्छ।

### २.८ अघिल्लो अवधिका त्रुटिहरू

अघिल्लो अवधिका त्रुटिहरू वित्तीय विवरणमा चूक वा गलत जानकारीहरू हुन्। त्यस्ता त्रुटिहरू एक वा एक भन्दा बढी अघिल्लो अवधिसँग सम्बन्धित हुन सक्दछ। त्रुटिको सुधार गर्दा नयाँ विधि वा अनुमानको प्रयोग सबै पहिले प्रभावित भएका वर्षको वित्तीय विवरणहरूको सञ्चयी प्रभाव (Cumulative Effect) गणना गरेर गरिएको छ। यस्ता परिवर्तनहरू व्यवहारिक नहुने खण्डमा हालको अवधिको शुरुवाती मौज्दातमा अनुकुल समायोजन गरेर नयाँ अवधिमा लागु गरिन्छ।

### २.९ अघिल्लो वर्षको रकम

तुलना गर्न सजिलो गर्नका लागि आवश्यकता अनुसार अघिल्लो वर्षको रकमहरु पुनः वर्गीकरण गरिएको छ।

### २.१० वस्तुगत महत्व र एकत्रीकरण (Materiality and Aggregation)

NFRS 1 वित्तीय विवरणहरूको प्रस्तुतिकरण (Presentation of Financial Statements) बमोजिम हरेक समान प्रकृतिको उल्लेखनीय वस्तुहरू (Material Items) लाई वित्तीय विवरणमा छुट्टै प्रस्तुत गरिएको छ। भिन्न प्रकृतिका वस्तुहरू तथा कार्यहरुलाई भने उल्लेखनीय (Material) नभएता पनि अलग्गै प्रस्तुत गरिएको छ।

### २.११ निरन्तरता (Going Concern)

समूहको सञ्चालक समिति भविष्यमा समूहको व्यवसाय अनवरत रुपमा चलिरहनका लागि पर्याप्त स्रोत तथा साधनहरु छन् भनि विश्वस्त छ। यस सम्बन्धी मूल्याङ्कन गर्न सञ्चालक समितिले विभिन्न वर्तमान तथा भविष्यको सम्भावित अवस्था, वर्तमान तथा भविष्यको नाफा, नगद प्रवाह र स्रोतको प्रक्षेपण जस्ता विषयहरुमा गहन छलफल तथा विमर्श गरेको छ। तसर्थ वित्तीय विवरण निरन्तरता (Going Concern) को सिद्धान्तको आधारमा तयार गरिएको छ।

### २.१२ अंगीकार नगरिएका नयाँ मानक र व्याख्या

चालु आर्थिक वर्षमा समूहले NFRS मा तोकिए बमोजिमको केही मापदण्डहरू बाध्यकारी नभएकोले लागू गरिएको छैन र वैकल्पिक व्यवस्था (Carve out) बमोजिम समायोजन गरिएको छ, जसले गर्दा खुद नाफा र सञ्चित आय प्रभावित भएको छ।

## ३. आधारभूत लेखा नीतिहरु

समूहको वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका आधारभूत लेखा नीतिहरु तल उल्लेख गरिएका छन्। अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ। वित्तीय विवरणहरूको तयारीका लागि निश्चित लेखा अनुमानहरूको प्रयोग आवश्यक पर्दछ। वित्तीय विवरणहरू तयार गर्नका लागि गरिएका महत्वपूर्ण निर्णय, अनुमानहरू र तिनका प्रभावहरू विस्तृतमा उल्लेख गरिएको छ।

### ३.१ मापनको आधार

वित्तीय विवरण निम्न वस्तुगत महत्वको आधारमा उल्लेख गरिए बाहेक ऐतिहासिक मूल्यको आधारमा तयार पारिएको छ :

- परिशोधित लागत (Amortized Cost) मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- नाफा-नोक्सान हिसाबबाट उचित मोल (Fair Value) मा मापन गरिने गैह्र व्युत्पन्न वित्तीय साधनहरू उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- व्युत्पन्न वित्तीय साधनहरू उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- Inventory लाई लागत वा खुद मूल्य जुन कम हुन्छ त्यसमा मूल्याङ्कन गरिएको छ।
- परिभाषित लाभ दायित्वहरूको लागि परिभाषित लाभ दायित्वको वर्तमान मूल्यमा योजनागत सम्पत्तिहरूको उचित मोल (Fair Value) घटाई प्रस्तुत गरिएको छ।
- लगानी जायजेथालाई लागतमा मापन गरिएको छ।
- नगद भुक्तानी गरिएको दायित्व, शेयरमा आधारित भुक्तानी व्यवस्थालाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- लगानी सुरक्षणपत्रहरुलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- व्यापारिक उद्देश्यका लागि राखिएको बण्ड, ट्रेजरी बिल, इक्विटी आदिहरूलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ।
- सम्पत्तिको क्षय नोक्सानीलाई उचित मोल (Fair Value) तथा निसर्ग मोल (Disposed Cost) मा मापन गरिएको छ।

- व्यवसाय संयोजनबाट प्राप्त सम्पत्ति र दायित्वहरू उचित मोल (Fair Value) मा मापन गरिएको छ, र
- मानकहरूद्वारा प्रदान गरिएका अन्य आवश्यकताहरू वा विकल्पहरू लागु गरिएको छ।

### ३.२ एकीकरणको आधार

यदि कुनै कम्पनीसँग, अर्को संस्था वा व्यवसायको वित्तीय र सञ्चालन नीतिहरू नियन्त्रण गर्न सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष शक्ति छ भने त्यस्ता संस्था वा व्यवसायलाई सहायक कम्पनीको रूपमा वर्गीकृत गरिन्छ। एकीकृत वित्तीय विवरणले बैंक र यसका सहायक कम्पनीहरूको नतिजालाई एउटै कम्पनीको रुपमा प्रस्तुत गर्दछ।

वित्तीय विवरणमा प्राप्ति गरिएको संस्थाको पहिचान योग्य सम्पत्ति, दायित्व र आकस्मिक दायित्वहरुलाई प्राप्त गर्ने मितिको उचित मोल अनुसार लेखाङ्कन गरिएको छ। प्राप्ति गरिएको संस्थाको नतिजालाई प्राप्त गरिएको मितिबाट एकीकृत आय विवरणमा समावेश गरिएको छ। नियन्त्रण सकिएको मितिबाट यस्ता संस्थाहरुलाई भिन्न (deconsolidate) गरिने छ।

NFRS 10 एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) अनुसार समूहको वित्तीय विवरणहरुले बैंक र सहायक कम्पनिहरुको वित्तीय विवरण समेटेको छ।

#### ३.२.१ सहायक कम्पनीहरु

सहायक कम्पनीहरु बैंकको नियन्त्रणमा रहेका कम्पनीहरु हुन् । कुनै संस्थासँगको संलग्नताको कारण परिवर्तनशील प्रतिफलको अधिकार भएमा र त्यस्तो संस्थाको नाफामा असर पार्ने शक्ति भएमा बैंकले सो संस्थालाई नियन्त्रण गर्छ। सहायक कम्पनीहरुको वित्तीय विवरणहरु नियन्त्रण शुरू भएको मितिदेखि नियन्त्रण सकिएको मितिसम्म एकीकृत वित्तीय विवरणमा समेटिएको छ। बैंकले आफ्नो नियन्त्रणमा एक वा एकभन्दा बढी तत्वहरु परिवर्तन भएका छन् कि भनेर पुनर्मूल्याङ्कन गर्दछ। एकै किसिमका कारोवार तथा घटनाहरूका लागि समान लेखा नीति प्रयोग गरेर वित्तीय विवरण तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणहरू एकै आर्थिक वर्षान्तको लागि तयार गरिएको छ। सहायक कम्पनीलाई नगद लाभांश तथा कर्जा चुक्ता गर्नका लागि मुख्य कम्पनी (holding company) मा रकम पठाउन कुनै किसिमको प्रतिबन्ध छैन। बैंकको दुबै सहायक कम्पनीहरू नेपालमा संस्थापना भएका हुन्।

#### ३.२.२ व्यवसायिक संयोजन (Business Combination)

व्यवसायिक संयोजन प्राप्ति विधि (Acquisition Method) प्रयोग गरी लेखाङ्कन गरिन्छ। प्राप्ति मितिमा, गैह्र नियन्त्रण स्वार्थको रकम उचित मोल वा गैह्र नियन्त्रण स्वार्थको पहिचान योग्य खुद सम्पत्तिको अनुपातिक शेयरमा मापन गरिएको छ। प्राप्तिसँग सम्बन्धित खर्चहरुलाई खर्च गरिएको तथा सेवाहरू प्राप्त गरेको अवधिमा खर्च लेखिएको छ।

समूहले कारोवारको आधारमा गैह्र नियन्त्रण स्वार्थलाई उचित मोलमा मापन गर्ने वा प्राप्ति मितिमा पहिचान योग्य सम्पत्तिको अनुपातिक शेयरमा मापन गर्ने भनेर छनौट गर्दछ। व्यवसायिक संयोजनको क्रममा ऋण वा इक्विटी जारीसँग सम्बन्धित बाहेकका लागतलाई खर्च भए अनुसार खर्च लेखिएको छ।

#### ३.२.३ गैह्रनियन्त्रण स्वार्थहरूको प्राप्ति

गैह्रनियन्त्रण स्वार्थहरूको प्राप्तिलाई शेयरधनीसँगको कारोवारको रुपमा लेखाङ्कन गरिन्छ। त्यस कारण, त्यस्ता कारोवारको परिणाम स्वरूप कुनै ख्याति (Goodwill) लेखाङ्कन गरिएको छैन।

#### ३.२.४ नियन्त्रण गुमाउनु (Loss of Control)

समूहले सहायक कम्पनीको नियन्त्रण गुमाएमा आफ्नो एकीकृत वित्तीय विवरणबाट सहायक कम्पनीको सम्पत्ति तथा दायित्व हटाउँछ, गैह्र नियन्त्रित स्वार्थको रकम तथा सहायक कम्पनीसँग सम्बन्धित इक्विटीमा सञ्चित रुपान्तरण नोक्सानलाई पनि हटाउँदछ। साथै, पहिल्यै अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको मुख्य कम्पनीको तत्वहरुलाई नाफा/नोक्सान वा सञ्चित नाफामा उपयुक्त ढंगबाट पुनर्वर्गीकरण गरिन्छ। नियन्त्रण गुमाउँदा हुने Surplus वा नोक्सानलाई नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ। पूर्व सहायक

कम्पनीमा समूहको कुनै स्वार्थ रहेमा त्यस्ता स्वार्थहरु नियन्त्रण गुमाएको मितिको उचित मोलमा मापन गरिन्छ। यसपछि, यसलाई समूहले कायम गरेको स्वार्थको प्रभावको आधारमा इक्विटीमा लेखाङ्कन गरिएको लगानी वा समूहको वित्तीय उपकरणको लेखाङ्कन नीति अनुसार लेखाङ्कन गरिन्छ।

**३.२.५ एकीकरणमा हटाईएका कारोवार**

अन्तर समूह कारोवारबाट हुने सबै अन्तर समूह मौज्दात, आम्दानी र खर्च (विदेशी मुद्रा सटहीबाट प्राप्त हुने आम्दानी र नोक्सान बाहेक) लाई एकीकृत वित्तीय विवरण तयार गर्दा हटाईएको छ। सहायक र मुख्य कम्पनीहरू बीचको लेनदेनको परिणामस्वरूप भएका प्राप्त भई नसकेको लाभ र नोक्सानलाई पनि समूहको स्वार्थ रहेको हदसम्म हटाइएको छ।

**३.३. नगद र नगद समान**

नगद र नगद समान भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, झिक्न मिल्ने नेपाल राष्ट्र बैंकमा रहेका मौज्दात, प्राप्तिको मितिबाट तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको तरल वित्तीय सम्पत्ति तथा नगदमा सजिलै रूपान्तरण गर्न सकिने अति तरल वित्तीय सम्पत्ति बुझिन्छ। यस्ता सम्पत्तिहरुमा मूल्यमा हुने परिवर्तनको कारणले उल्लेखनीय जोखिम रहेको हुँदैन।

नगद र नगद समानलाई वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्तिको रूपमा वर्गीकृत गरी परिशोधित मूल्यमा (Amortised Cost) मापन गरिन्छ।

बैंकको नगद प्रवाहको विवरण NAS ७ नगद प्रवाहको विवरण (Statement of Cash Flows) अनुसार 'प्रत्यक्ष विधि' प्रयोग गरेर तयार गरिएको छ।

**३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

**३.४.१ पहिचान**

समूहले उपकरणको प्रावधानहरुसँग अनुबन्धित भएको मितिमा मात्रै प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ। समूहले कर्जा तथा सापटी, निक्षेप तथा ऋणपत्र र सहायक आवधिक दायित्वको प्रारम्भिक लेखाङ्कन बैंक उपकरणको प्रावधानहरूसँग अनुबन्धित मितिमा गर्दछ। समूहले वित्तीय उपकरणहरु, जस्तै शेयर, ऋणपत्र, सुरक्षणपत्र, सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंकको ऋणपत्र र निक्षेप लिलामी, रिभर्स रिपो, आउट राइट परचेज मा गरेको लगानी खरिद गर्ने प्रतिवद्धता गरेको मितिबाट लगानीमा लेखाङ्कन गर्दछ। नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त सम्पत्ति खरिद बिक्रि भएको मितिमा गरिन्छ।

**३.४.२ वर्गीकरण**

**क) वित्तीय सम्पत्ति**

समूहले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि अपनाइएको व्यावसायिक मोडल (Business model) र वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत वा उचित मोलमा मापन गर्ने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्दछ। वित्तीय सम्पत्तिको दुई वर्गहरु निम्नानुसार रहेका छन्।

**अ) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति**

समूहले देहायको दुवै शर्त पूरा भएमा वित्तीय सम्पत्तिलाई परिशोधित लागतमा मापन गर्ने वर्गमा वर्गीकरण गर्दछ :

- अनुबन्धित नगद प्रवाह संकलन गर्ने उद्देश्यले व्यवसायिक मोडेलमा धारण गरिएको सम्पत्ति र
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुने जुन मूल रकमको साँवा वा ब्याज रकमको मात्र भुक्तानी हो।

### आ) उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति

परिशोधित लागत (Amortized cost) मा मापन नगरिएको वित्तीय सम्पत्तिलाई उचित मोलमा मापन गरिएका छन् । उचित मोलमा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहायको वर्गमा पुनःवर्गीकरण गरिएको छ :

- **नाफा–नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति**

  व्यापारको लागि लिइएका वित्तीय सम्पत्तिलाई नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिन्छ। प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्ध खर्चलाई नाफा-नोक्सानमा मापन गरिएको छ। त्यस पश्चात्त सो सम्पत्तिलाई उचित मोलमा मापन गरिएको छ र उचित मोलको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ ।

- **अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति**

  इक्वीटी उपकरणमा गरेको लगानी जुन व्यापारको लागि राखिएको हुँदैन र अन्य विस्तृत आम्दानीद्वारा उचित मोलमा मापन गर्ने मनसायमा व्यवस्थापनले अपिरवर्तनीय निर्णय गरेको हुन्छ, त्यस्ता सम्पत्तिलाई अन्य विस्तृत आम्दानीद्वारा उचित मोलमा गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरिएको छ। त्यसता सम्पत्तिलाई उचित मोलमा मापन गरिएको छ र उचित मोलको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

## ख) वित्तीय दायित्व

वित्तीय दायित्वहरुलाई समूहले देहाय बमोजिम वर्गीकरण गरेको छ :

### अ) नाफा–नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय दायित्व

व्यापारको लागि लिइएका वित्तीय दायित्वलाई नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिन्छ । प्रारम्भको अभिलेखमा खरिदसँग प्रत्यक्ष सम्बन्ध खर्चलाई नाफा-नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ । त्यस पश्चात् सो दायित्वलाई उचित मोलमा मापन गरिएको छ र उचित मोलको फरकलाई नाफा-नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

### आ) परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्व

नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापित वित्तीय दायित्व बाहेकका वित्तीय दायित्वलाई प्रभावकारी ब्याजदरको आधार प्रयोग गरी परिशोधित मूल्यमा लेखाङ्कन गरिन्छ ।

## ३.४.३ प्रारम्भिक मापन

नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा दायित्वलाई सुरुको उचित मोलमा प्रत्यक्ष संलग्न कारोवार रकम जोडी मापन गरिन्छ । नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्ति र दायित्वसँग सम्बन्ध भएको कारोवार लागतलाई नाफा/नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

### पछिको मापन (Subsequent Measurement)

वित्तीय सम्पत्ति र दायित्वलाई वर्गीकरणको आधारमा उचित मोलमा वा परिशोधित मूल्यमा मापन गरिन्छ। परिशोधित लागतमा मापन गरिने वर्गमा वर्गीकृत सम्पत्ति वा दायित्व प्रभावकारी ब्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ।

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुनर्भुक्तानीलाई घटाई, प्रभावकारी ब्याज विधिद्वारा मापन गरिएको सञ्चित परिशोधन (प्रारम्भिक रकम र परिसोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा संकलन नहुने कारण हुने कमिलाई घटाई परिणाम स्वरुप आएको रकमलाई बुझिन्छ ।

उचित मोलमा मापन गरिएको वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् पुनः उचित मोलमा मापन गरिन्छ। नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्तिको उचित मोलमा आएको फरकलाई नाफा-नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट उचित मोलमा मापन गरिने वित्तीय सम्पत्तिको उचित मोलमा आएको फरकलाई अन्य विस्तृत आम्दानी हिसाबमा लेखाङ्कन गरिन्छ।

### ३.४.४ पहिचानबाट हटाउनु (De-recognition)

#### क) वित्तीय सम्पत्ति पहिचानबाट हटाउनु (De-recognition)

जब कुनै वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ, वा जब समूहले कारोवारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ, अथवा समूहले न त प्रतिफल र जोखिम हस्तान्तरण गर्छ, न त प्रतिफल र जोखिम प्राप्त गर्ने अधिकार राख्दछ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन, त्यस बेला समूहले वित्तीय सम्पत्तिलाई पहिचानबाट (De-recognize) हटाउँदछ।

यदी हस्तान्तरण गरिएको वित्तीय सम्पत्तिमा समूहको कुनै स्वार्थ कायम रहेको छ भने त्यसलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिन्छ। वित्तीय सम्पत्ति पहिचानबाट हटाउँदा सम्पत्तिको किताबी मूल्य र प्राप्त प्रतिफल तथा पहिचान नगरिएको सञ्चयी लाभ तथा नोक्सानको योगको भिन्नतालाई नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

यदि समूहले कुनै लेनदेनमा वित्तीय विवरणमा देखाइएको सम्पत्तिलाई हस्तान्तरण गर्दछ, तर सो सम्पत्तिसँग सम्बन्धित सम्पूर्ण जोखिम तथा लाभ आफैसँग राख्दछ भने त्यस्तो सम्पत्ति पहिचानबाट हटाइदैंन। जस्तै : Repurchase करार।

#### ख) वित्तीय दायित्व पहिचानबाट हटाउनु (De-recognition)

दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्ध भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ (De-recognize गरिन्छ)। जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नयाँ दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्व पहिचानबाट हटाइन्छ (De-recognize गरिन्छ) र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ। मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

### ३.४.५ उचित मोलको निर्धारण

"उचित मोल" त्यो मूल्य हो जुन मापन मितिमा क्रमिक लेनदेन गर्ने बजार वा त्यो नभएको अवस्थामा समूहको पहुँचमा भएको लाभदायक र नजिकको बजार सहभागीहरू बीच व्यवस्थित कारोवार भएको अवस्थामा सम्पत्ति बेच्दा लिइन्छ वा दायित्व हस्तान्तरण गर्दा तिरिन्छ। दायित्वको उचित मोलले यसको कार्यान्वयन जोखिम प्रतिविम्वित गर्दछ।

उपलब्ध भएसम्म समूहले उपकरणको मूल्याङ्कन सक्रिय बजारमा उक्त उपकरणका असमायोजित सूचीकृत मूल्यहरूबाट गर्दछ। सक्रिय बजारमा सम्पत्ति वा दायित्वको पर्याप्त कारोवार भई मूल्य निर्धारणको जानकारी निरन्तर रुपमा प्राप्त हुन्छ। यदि सक्रिय बजारमा सूचीकृत मूल्य उपलब्ध छैन भने समूहले सान्दर्भिक अवलोकन योग्य आधारहरुको अधिकतम् प्रयोग गरी मूल्य निर्धारणका विधिहरू प्रयोग गर्दछ। छनौट गरिएको मूल्याङ्कन विधिले बजार सहभागीहरूले लेनदेनको मूल्य निर्धारणमा ध्यान दिने सबै कारकहरू समाहित गर्दछ।

"उचित मोल" निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

**तह १:** उचित मोल मापन ती हुन् जुन समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालिएको हुन्छ।

**तह २:** उचित मोल मापन भन्नाले सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्कृय बजारमा समान प्रकृतिका (Identical or similar) उपकरणको लागि सूचिकृत मूल्यहरू जहाँ वित्तीय उपकरणहरू मूल्याङ्कन गर्दा सबै महत्वपूर्ण आधारहरु अवलोकन योग्य हुन्छ।

**तह ३:** उचित मोल ती हुन् जहाँ एक वा एक भन्दा बढी अवलोकन गर्न नसकिने (unobservable) आधारहरु प्रयोग भई मापन हुन्छन् ।

प्रारम्भिक मान्यतामा वित्तीय साधनको उचित मोलको उत्तम प्रमाण भनेको कारोवार मूल्य हो अर्थात् लेनदेनमा दिइएको वा प्राप्त गरिएको प्रतिफलको (Consideration) उचित मोल । यदि समूहले कुनै सम्पत्तिको प्रारम्भिक पहिचानमा उचित मोल, लेनदेन मोल भन्दा भिन्न पाउँछ, र त्यो उचित मोल न त सक्रिय बजारमा असमायोजित सूचिकृत (Unadjusted quoted) मूल्यहरूबाट निकालेको हुन्छ, न त सक्रिय बजारमा समान प्रकृतिका (Similar) उपकरणका लागि सूचिकृत मूल्यहरू वा निष्क्रिय बजारमा समान प्रकृतिका (Identical or similar) उपकरणको लागि सूचिकृत मूल्यहरूबाट निकालिएको हुन्छ, त्यस्तो वित्तीय उपकरणलाई, उचित मोल र लेनदेन मोलको भिन्नतालाई समायोजन गरि मापन गरिन्छ । त्यस्ता भिन्नतालाई उपकरणको अवधि भित्र पुनः उपयुक्त आधारमा वा उपकरणको लेनदेन कारोवार समाप्त हुनु अगावै नाफा-नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । तर वित्तीय सम्पत्ति तथा दायित्वको उचित मोल अवलोकन योग्य सक्रिय बजारबाट आंकलन गरिएको अवस्थामा लेनदेन मोल र उचित मोलको भिन्नतालाई नाफा-नोक्सान हिसाबमा तुरुन्तै लेखाङ्कन गरिन्छ ।

### ३.४.६ अफसेटिङ्ग (Offsetting)

समूहसँग अफसेट (Offset) गर्ने कानुनी अधिकार प्राप्त हुँदा र उक्त सम्पत्ति तथा दायित्वलाई खुद आधार (Net Basis) मा राफसाफ गर्ने नियत राखेको अवस्थामा मात्र वित्तीय सम्पत्ति र वित्तीय दायित्वलाई अफसेट (Offset) गरी खुद रकम (Net Amount) लाई वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । समूहको व्यापारिक गतिविधि जस्ता समान कारोवारको नाफा तथा नोक्सानलाई वा NFRS बमोजिम अफसेट गर्न मिल्ने आम्दानी तथा खर्चलाई अफसेट (Offset) गरि देखाइएको छ ।

### ३.४.७ वित्तीय सम्पत्तिको क्षय नोक्सानी

समूहले हरेक आर्थिक वर्षको प्रतिवेदन मिति (Reporting Date) मा आफ्नो नाफा-नोक्सान हिसाबबाट उचित मोलमा लेखाङ्कन नभएका वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षय नोक्सानीको वस्तुगत प्रमाण (Objective Evidence) भए वा नभएको समीक्षा गर्दछ । यदि सम्पत्तिको प्रारम्भिक लेखाङ्कन पछि हुने एक वा बढी घटनाहरूको परिणाम स्वरूप हानीको वस्तुगत प्रमाण (Objective Evidence) छ र त्यो नोक्सानीको घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहको भविष्यमा हुने अपेक्षित नगद प्रवाहमा पर्ने प्रभाव विश्वसनीय तरिकाले अनुमान गर्न सकिन्छ भने, वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षय नोक्सानी लेखाङ्कन गरिन्छ ।

वित्तीय सम्पत्तिमा क्षय नोक्सानी भएको वस्तुगत प्रमाणमा संकेतको समीक्षा गर्न निम्न कुराहरु विचार गर्दछ :

- ऋणीलाई उल्लेखनीय वित्तीय कठिनाई भएमा
- ऋणी कर्जा तिर्न असक्षम भएमा
- समूहले विचार नगरेको शर्तमा कर्जा वा सापटीको पुनःसंरचना भएमा
- ऋणी टाट पल्टिने देखिएमा
- धितोको सक्रिय बजार नहुने भएमा वा
- सम्पत्तिहरूसँग सम्बन्धित अन्य अवलोकन योग्य तथ्याङ्क जस्तै ऋणीको भुक्तानी अवस्थामा प्रतिकुल परिवर्तनहरू र ऋणीको समूहको आर्थिक वातावरणले कर्जा भुक्तानीको असक्षमतामा मेल देखाएमा ।

इक्विटी धितोपत्रमा गरिएको लगानीको लागि यसको उचित मोलमा उल्लेखनीय वा लामो समयसम्म गिरावट आई लागत भन्दा तल पुग्नु क्षय नोक्सानीको वस्तुगत प्रमाण (Objective Evidence) हो ।

ऋणीलाई आर्थिक कठिनाइ भएको खण्डमा समूहले धितो जफत गर्नुको सट्टा कर्जाको पुनः संरचना गर्ने गर्दछ । यसरी पुनःसंरचना गर्न भुक्तान अवधी विस्तार गरि नयाँ कर्जा सम्झौता गरिन्छ । एक पटक पुनः सम्झौता भएपछि, सर्त परिवर्तन हुनु अघिकै प्रभावकारी ब्याजदर अनुसार क्षय नोक्सानी मापन गरिन्छ । व्यवस्थापनले पुनः संरचना गरिएका कर्जा भविष्यमा भुक्तानी हुन्छ या हुँदैन भनि निरन्तर समीक्षा गर्दछ । यसरी पुनः संरचना गरिएको कर्जाहरु पहिलेकै प्रभावकारी ब्याजदर अनुसार एकल क्षय नोक्सानी र सामुहिक क्षय नोक्सानीको विधिअनुसार निरन्तर समिक्षा गरिन्छ ।

## परिशोधित लागतमा मापन गरिएको सम्पत्तिमा क्षय नोक्सानी

समूहले कर्जा तथा सापटी र लगानी धितोपत्रमा क्षय नोक्सानीको संकेत भए वा नभएको समीक्षा एकल र सामूहिक स्तर दुबै तहमा गरिन्छ। समूहले सर्वप्रथम एकल रूपमा महत्वपूर्ण सम्पत्तिमा क्षय नोक्सानीको संकेत भए वा नभएको समीक्षा गर्दछ र एकल रूपमा महत्वपूर्ण नभएका लाई सामूहिक रूपमा मूल्याङ्कन गरिन्छ।

क्षय नोक्सान भएको संकेतको प्रमाणले क्षय नोक्सानी भएमा त्यस्तो क्षय नोक्सानी रकम, सम्पत्तिको किताबी मूल्य र भविष्यको अपेक्षित नगद प्रवाहको वर्तमान मूल्य बीचको भिन्नतामा मापन गरिन्छ। सम्पत्तिको किताबी मूल्यलाई क्षय नोक्सानी व्यवस्था खाताको प्रयोग मार्फत घटाइन्छ र उक्त कर्जाको क्षय नोक्सानी व्यवस्था रकमलाई नाफा/नोक्सान विवरणमा पहिचान गरिन्छ।

महत्वपूर्ण कर्जा तथा सापटी र लगानी धितोपत्रलाई एकल क्षय नोक्सानीका लागि मूल्याङ्कन गरिन्छ। एकल क्षय नोक्सानी नभएका महत्वपूर्ण कर्जा तथा सापटीलाई सामुहिक क्षय नोक्सानीका लागि मूल्याङ्कन गरिन्छ। व्यक्तिगत रूपमा महत्वपूर्ण नभएको कर्जा तथा सापटी र लगानी धितोपत्रहरुलाई समान जोखिमको आधारमा समूह बनाएर सामूहिक क्षय नोक्सानीका लागि मूल्याङ्कन गरिन्छ।

कर्जा तथा सापटी पोर्टफोलियोको क्षय नोक्सानी पोर्टफोलियोको विगतको व्यवहारको अनुभवको आधारमा गरिन्छ। सामुहिक नोक्सानीको आंकलन गर्दा समूहले ऋण नतिर्ने सम्भावना (Probability of default), असुलीको समय र नोक्सानी रकमको ऐतिहासिक प्रवृत्ति आदिको विश्लेषण गरिन्छ र त्यसमा व्यवस्थापनले आर्थिक र कर्जाको वर्तमान अवस्था हेरेर वास्तविक नोक्सानी ऐतिहासिक प्रवृत्तिभन्दा बढी वा कम हुने समिक्षा गर्दछ। डीफल्ट दर, नोक्सानी दर र भविष्यमा पुनः प्राप्तिको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूसँग तुलना गरि उपयुक्त भए नभएको सुनिश्चित गरिन्छ।

परिशोधित लागतमा मापन गरिएको सम्पत्तिको क्षय नोक्सान रकम, सम्पत्तिको किताबी मूल्य र भविष्यको अपेक्षित नगद प्रवाहलाई सम्पत्तिको पहिलेको प्रभावकारी ब्याजदरले डिस्काउन्ट गर्दा आउने वर्तमान मूल्य बीचको भिन्नतामा मापन गरिन्छ।

कर्जा तथा सापटीको क्षय नोक्सानी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको वैकल्पिक व्यवस्था (Carve out) अनुसार, नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र ICAN ले तोकेको NFRS 9 को अनुच्छेद ५.५ अनुसार निर्धारण गरिएको रकममा जुन बढी हुन्छ, त्यसै अनुसार गरिन्छ।

भविष्यमा असुली हुने वास्तविक सम्भावना नरहेमा र समूहलाई सम्पूर्ण धितोको प्राप्ति वा हस्तान्तरण भएको अवस्थामा कर्जा र कर्जासँग सम्बन्धित क्षय नोक्सानी व्यवस्थालाई पूर्ण रुपमा अपलेखन गरिन्छ। पछिल्ला वर्षका क्षय नोक्सानी पहिचान पश्चात् केही घटनाको कारणले क्षय नोक्सानी वृद्धि भएमा वा घटेमा, व्यवस्था खाता समायोजन गरी प्रारम्भिक रुपमा पहिचान गरिएको क्षय नोक्सानी वृद्धि गरिन्छ वा घटाइन्छ। भविष्यमा, अपलेखन पछि असुली भएमा असुलीलाई "गैह्र सञ्चालन आम्दानी" मा पहिचान गरिन्छ।

## अन्य विस्तृत आम्दानी मार्फत उचित मोलमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको क्षय नोक्सानी

इक्विटीमा गरिएको लगानीको उचित मोलमा उल्लेखनीय वा लामो समयसम्म गिरावट आई लागत भन्दा तल पुग्नु क्षय नोक्सानिको संकेत हो। क्षय नोक्सानीलाई इक्विटीको उचित मोल कोषमा सञ्चित नोक्सानिलाई नाफा वा नोक्सानमा पुनर्वर्गीकरण गरिन्छ। इक्विटीबाट नाफा वा नोक्सानमा पुनःवर्गीकृत गरिएको सञ्चयी घाटा (Cumulative loss) भनेको खरीद मूल्यमा हालको उचित मोलमा पहिले नाफा नोक्सान खातामा पहिचान गरिएको क्षय नोक्सानी घटाइ आउने रकमको भिन्नता हो।

### ३.५ व्यापारिक सम्पत्ति

व्यापारिक सम्पत्ति भनेका ती सम्पत्ति हुन् जुन सम्पत्ति समूहले मुख्यतय निकट अवधिमा विक्री गर्न वा छोटो अवधिमा नाफा कमाउने प्रयोजनका निम्ति राखिएको हुन्छ। व्यापारिक सम्पत्तिहरुमा व्यापारिक प्रयोजनको लागि राखिएको गैह्र व्युत्पन्न वित्तीय सम्पत्तिहरु (Non-derivative financial assets) जस्तै सरकारी ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरुले जारी गरेका ऋणपत्रहरु, ट्रेजरी विल्स, इक्विटी आदि पर्दछ। यदि व्यापारिक सम्पत्ति ऋण उपकरण हो भने, परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्तिको जस्तै लेखा नीति लागु हुन्छ, त्यसै गरी व्यापारिक सम्पत्ति इक्विटी उपकरण भएमा, उचित मोलमा नाफा नोक्सान हिसाब मार्फत मापन गरिएको वित्तीय सम्पत्तिको जस्तै लेखा नीति लागु गरिन्छ।

## ३.६ व्युत्पन्न सम्पत्ति र व्युत्पन्न दायित्वहरु (Derivative assets and Derivative liabilities)

व्युत्पन्न सम्पत्तिहरू र व्युत्पन्न दायित्वहरूले अधिकार र दायित्वहरू सिर्जना गर्दछ जसले अन्तर्निहित प्राथमिक वित्तीय उपकरणमा भएको एक वा बढी वित्तीय जोखिमहरु वित्तीय पार्टीहरूमा स्थानान्तरण गर्दछ। यद्यपि सामान्य रूपमा तिनीहरू करारको सुरुमा वा करारको अन्त्यमा अन्तर्निहित प्राथमिक वित्तीय साधनको स्थानान्तरण गराउँदैन।

व्युत्पन्न सम्पत्ति र व्युत्पन्न दायित्वहरु यसको अन्तर्निहित वित्तीय उपकरणको (Underlying) मूल्यमा भएको परिवर्तनको साथ परिवर्तन हुन्छ। Forward, Futures, Options or Swap करारहरू व्युत्पन्न उपकरणहरुको (Derivative) उदाहरणहरू हुन्। ब्याजदर, धितोपत्र मूल्य, वस्तु मूल्य, विनिमय दर, मूल्य सूचकांक, आदि लाई अन्तर्निहितको (Underlying) रुपमा लिन सकिन्छ।

व्युत्पन्न वित्तीय साधनहरू वित्तीय साधनको परिभाषामा पर्दछन् र नाफा-नोक्सानको माध्यमबाट उचित मोलमा मापन गरिने व्युत्पन्न वित्तीय सम्पत्ति वा व्युत्पन्न वित्तीय दायित्व को रूपमा लेखाङ्कन गरि उचित मोलको फरकलाई नाफा-नोक्सान हिसाब मार्फत लेखाङ्कन गरिन्छ। NFRS 9 "Financial instruments" अनुसार समूहले व्युत्पन्न उपकरण लाई हेजिंग योग्य उपकरणको रूपमा तोकेको छैन र हेज लेखा लागु गरेको छैन।

## ३.७ विदेशी मुद्रा

### विदेशी मुद्रा कारोवार

विदेशी मुद्रामा भएको कारोवारलाई कारोवार भएको मितिको स्पट (Spot) विनिमय दरमा व्यवहारिक (Functional) मुद्रामा रूपान्तरण गरिन्छ। प्रतिवेदन (Reporting) मितिमा विदेशी मुद्रामा भएका मौद्रिक सम्पत्ति र दायित्वहरू त्यस मितिको स्पट (Spot) विनिमय दरमा व्यवहारिक मुद्रामा रूपान्तरण गरिन्छ र त्यसरी उत्पन्न हुने सबै भिन्नताहरूलाई नाफा-नोक्सान विवरणको 'अन्य सञ्चालन आय' मा देखाइन्छ।

उचित मोलमा मापन गरिएका विदेशी मुद्रामा व्यक्त गरिएका गैह्र मौद्रिक सम्पत्ति र दायित्वहरू उचित मोलमा निर्धारण गर्ने दिनको स्पट विनिमय दरमा व्यवहारिक मुद्रामा रूपान्तरण गरिन्छ र त्यसरी उत्पन्न हुने सबै भिन्नताहरूलाई नाफा-नोक्सान विवरणमा मापन गरिन्छ।

आर्थिक वर्षको अन्त्यमा, यदि पुनर्मूल्याङ्कन नोक्सान भएमा, नाफा-नोक्सान विवरणमा खर्च लेखिन्छ भने नाफा भएमा आम्दानी जनाइन्छ र यस्तो नाफाको २५ प्रतिशत रकम बैंक तथा वित्तीय संस्था ऐन २०७३ अनुसार इक्विटीमा भएको परिवर्तनको माध्यमबाट "सटही घटबढ कोष" मा विनियोजित गरिन्छ।

विदेशी मुद्रामा ऐतिहासिक लागतमा मापन गरिएको गैह्र मौद्रिक सम्पत्ति र दायित्वहरू प्रारम्भिक कारोवारको मितिको विनिमय दरमा रूपान्तरण गरिन्छ। फरवार्ड एक्सचेन्ज करार प्रतिवेदन मितिको फरवार्ड बजार मूल्यमा मापन गरिन्छ र परिणामस्वरूप आउने प्राप्त भई नसकेको खुद नाफा वा नोक्सानलाई (Unrealised gain or loss) नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ।

## ३.८ सम्पत्ति र उपकरण

### क) लेखाङ्कन र मापन

यदि सम्पत्ति र उपकरणसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू समूहमा प्रवाहित हुने सम्भावना रहेको र लागत विश्वसनीय ढंगमा मापन गर्न सकिन्छ भने सम्पत्ति र उपकरणलाई पहिचान (Recognize) गरिन्छ। सम्पत्तिको खरिद गर्दा लाग्ने प्रत्यक्ष खर्चहरुलाई सम्पत्तिको कुल मूल्यमा देखाईएको छ।

स्वनिर्मित सम्पत्तिको लागतमा निम्न रकम समावेश हुन्छन्ः

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च
- कुनै पनि सम्पत्तिलाई काम गर्ने अवस्थामा ल्याउनको लागि प्रत्यक्ष रूपमा लागेको अन्य लागतहरू ; र
- पूँजीकृत ऋण लागत

नियमित खरिद पछिको खर्चहरुबाट भविष्यका आर्थिक लाभहरू समूहमा प्रवाहित हुन्छ भने खर्चहरु पूँजीकरण गरिन्छ। सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने खर्च भने मर्मत सम्भार खर्चको रुपमा लेखाङ्कन गरिन्छ।

सम्पत्ति र उपकरणहरू लागत मूल्यमा सञ्चित ह्रास कट्टी र सञ्चित क्षय नोक्सानी घटाएपछि आउने रकममा मापन गरिएको छ। प्रतिवेदन मितिमा कुनै पनि सम्पत्ति र उपकरण वर्गको पुनर्मुल्यांकन मोडलमा वा उचित मोलमा मापन गरिएको छैन।

सम्पत्तिको पुनर्मूल्याङ्कनमा, किताबी रकममा भएको कुनै वृद्धिलाई 'अन्य विस्तृत आम्दानी' मा हिसाब गरि, पूँजी कोष अन्तर्गत इक्विटीमा जम्मा गरिन्छ वा सोही सम्पत्तिको अघिल्लो पुनर्मूल्याङ्कनमा मूल्य घटेर नाफा नोक्सान खातामा खर्च लेखिए बराबरको रकमलाई उल्टूयाइन्छ। यस अवस्थाको पुनर्मूल्याङ्कनमा भएको वृद्धिलाई पहिले खर्च लेखेको हदसम्म आयको रूपमा लेखाङ्कन गरिन्छ। पुनर्मूल्याङ्कनमा घटेको रकमलाई भने नाफा/नोक्सान हिसाबमा खर्चको रूपमा लेखाङ्कन गरिन्छ वा पूँजी कोषमा रहेको जम्मा रकमसम्ममा अन्य विस्तृत आयमा खर्च गरिन्छ। अन्य विस्तृत आयमा लेखाङ्कन गरिएको घटेको रकमले पूँजी कोष अन्तर्गत इक्विटीमा जम्मा भएको रकम घटाइन्छ। सम्पत्ति पुनर्मूल्याङ्कन कोषमा बाँकी रहेको रकम सम्पत्तिको निसर्ग पश्चात सञ्चित आयमा स्थानान्तरण गरिन्छ।

**ख) पूँजीगत कार्य प्रगति (Capital work in Progress)**

पूँजीगत कार्य प्रगतिहरू लागत मूल्यमा मापन गरिएको छ। यसमा पूँजीकृत गर्न बाँकी रहेका भवनहरू र प्रणाली विकासमा प्रत्यक्ष रूपमा गरिएका खर्चहरू पर्दछन्। पूँजीगत कार्य प्रगतिहरू प्रयोगको लागि उपलब्ध भए पछि पूँजीकृत गरिन्छन् र प्रयोगकोलागि उपलब्ध भन्नाले सम्पत्ति र उपकरण व्यवस्थापनले चाहेको स्थान र स्थितिमा उद्देश्यको हिसाबले सञ्चालन गर्न सक्षम भएको भन्ने बुझिन्छ। पूँजीगत कार्य प्रगतिहरूलाई लागत मूल्यमा सञ्चित क्षय नोक्सानी घटाइ मापन गरिन्छ।

**ग) ह्रास**

सम्पत्ति र उपकरणहरु ह्रासकट्टी प्रयोगको लागि उपलब्ध भएको मिति देखि व्यवस्थापनले तय गरेको प्रयोग योग्य अवधि भरिमा समदर विधि प्रयोग (Straight Line Method) गरी गणना गरिन्छ। ह्रासकट्टी नाफा-नोक्सान खातामा लेखाङ्कन गरिन्छ। लिज होल्ड सम्पत्ति भने पट्टा अवधि वा प्रयोग योग्य अवधि जुन कम हुन्छ त्यसमा ह्रासकट्टी गरिन्छ। जग्गामा ह्रासकट्टी गरिएको छैन। सम्पत्ति र उपकरणलाई बिक्रीको लागि उपलव्ध वर्गमा वर्गीकृत गरिएपछि वा पहिचान योग्य नभएपछि ह्रासकट्टी गर्न बन्द गरिन्छ। सम्पत्ति प्रयोग गर्ने अधिकारलाई पट्टा अवधि भरिमा समदर बिधि प्रयोग गरि ह्रासकट्टी गरिएको छ।

बैंकका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम रहेको छ।

| समूह | अनुमानीत उपयोग अवधि (वर्षमा) | ह्रासदर (%) |
|---|---|---|
| भवन | २० | ५ |
| फलामे फर्निचर | ६ | १६.६७ |
| काठको फर्निचर | ५ | २० |
| सवारी साधन | ७ | १४.२९ |
| कम्प्यूटर प्रिन्टर सहित | ४ | २५ |
| कार्यालय उपकरण | ५ | २० |

- लिज होल्ड तर्फको खर्चलाई पट्टा अवधि वा अधिकतम १० वर्ष जुन कम हुन्छ त्यसमा ह्रास कट्टी गरिएको छ।
- सफ्टवेयर खरीद र स्थापना लागतको पूँजीकृत मूल्यलाई अधिकतम पाँच वर्ष वा स्वामित्व अवधि भित्रमा ह्रास कट्टी गरिएको छ।
- रु. ५,००० भन्दा कमको सम्पत्तिलाई खरिद गरिएको वर्षमा नै खर्च लेखाङ्कन गरिन्छ।
- चालु वर्षमा खरिद गरेको वा बिक्री गरेको सम्पत्तिको लागि, अनुपातिक आधारमा प्रयोग गरिएको मितिसम्म ह्रासकट्टी गरिएको छ।

ह्रासकट्टी विधि, उपयोगि जीवन र शेष मूल्यलाई प्रत्येक प्रतिवेदन मितिमा समीक्षा र समायोजन गरिन्छ।

घ) **अपलेखाङ्कन (De-recognition)**

सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोगबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई अपलेखाङ्कन गरिन्छ । सम्पत्ति र उपकरणको अपलेखाङ्कनबाट उत्पन्न हुने लाभ वा नोक्सानलाई नाफा-नोक्सान विवरणमा समावेश गरिन्छ। जब प्रतिस्थापन खर्चलाई सम्पत्ति र उपकरणहरूको रुपमा लेखाङ्कन गरिन्छ, प्रतिस्थापित सम्पत्ति र उपकरणहरूको बाँकी रहेको किताबी रकमलाई अपलेखाङ्कन गरिन्छ । सारभूत निरीक्षण खर्चहरु पूँजीकृत गरिन्छ। त्यसरी पूँजीकृत गर्ने क्रममा, अघिल्लो निरीक्षण खर्चको बाँकी रहेको किताबी रकमलाई अपलेखाङ्कन गरिन्छ।

## ३.९ अमूर्त सम्पत्तिहरु

अमूर्त सम्पत्तिहरूमा समूहले खरीद गरेको सफ्टवेयर पर्दछ। सफ्टवेयर लागत मूल्यमा सञ्चित ह्रासकट्टी र सञ्चित क्षय नोक्सानी घटाए पछि आउने रकममा मापन गरिन्छ। सफ्टवेयरलाई, प्रयोगको लागि उपलब्ध मिति देखि समदर विधि अनुसार, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा अपलेखन गरिन्छ। हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच वर्ष रहेको छ। परिशोधन विधि, उपयोगी जीवन र शेष मोल (Residual value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र आवश्यकता अनुसार समायोजन गरिन्छ।

व्यवसायिक संयोजनमा खरिद मूल्य अधिग्रहण योग्य खुद सम्पत्तिको उचित मोल भन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातीको (Goodwill) रुपमा लेखाङ्कन गरिन्छ। प्रारम्भिक लेखाङ्कन पछि, ख्यातीको किताबी रकममा कुनै सञ्चित क्षति नोक्सानलाई घटाई मापन गरिन्छ। ख्यातीलाई अमूर्त सम्पत्तिसँग प्रस्तुत गरिएको छ।

### लेखाङ्कन

अमूर्त सम्पत्ति वस्तु वा सेवाको उत्पादन वा आपूर्तिमा प्रयोगकोलागि अरूलाई भाँडामा दिन वा प्रशासनिक उद्देश्यका लागि राखिएको भौतिक रुप नभएको पहिचान योग्य गैह्र मौद्रिक सम्पत्ति हो । लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ र भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना रहेको अवस्थामा अमूर्त सम्पत्ति लेखाङ्कन गरिन्छ। अमूर्त सम्पत्तिहरूलाई प्रारम्भिक रुपमा परल मूल्यमा अभिलेख गरिएको हुन्छ। समूहको अघिल्लो वित्तीय विवरण तथा अन्तरिम वित्तीय विवरणमा खर्चको रुपमा लेखाङ्कन गरेको खर्चलाई पछिल्लो मितिमा अमूर्त सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिएको छैन।

### कम्प्युटर सफ्टवेयर र लाइसेन्स

समूहले प्रयोग गर्नका लागि खरीद गरिएको हार्डवेयरसँग सम्बन्धित नभएका स्पष्ट रूपमा पहिचान गर्न सकिने र भरपर्दो रुपमा मापन गर्न सकिने कम्प्युटर सफ्टवेयर र लाइसेन्स जसले भविष्यमा आर्थिक लाभहरू समूहमा प्रवाहित गर्दछ, वित्तीय विवरणमा 'अमूर्त सम्पत्ति' अन्तर्गत लागत मूल्यमा सञ्चित ह्रास र सञ्चित क्षय नोक्सानी घटाइ समावेश गरिएको हुन्छ।

### नियमित खर्च (Subsequent Expenditure)

सफ्टवेयरमा गरिएको खर्चहरु भरपर्दो रुपमा मापन गर्न सकिने र सो खर्चले सफ्टवेयरको स्तरिय कार्यसम्पादन (Standard Performance) पहिले अनुमान गरिएको भन्दा बढी आर्थिक लाभहरू भविष्यमा उत्पादन गर्न सक्ने सम्भावना भए, त्यस्तो खर्चलाई पूँजीकृत गरिन्छ। अन्य सबै खर्चहरुलाई खर्च भए अनुसार खर्च लेखिन्छ।

ख्यातीलाई लागत मूल्यमा सञ्चित क्षय नोक्सानी घटाइ मापन गरिन्छ।

### अमूर्त सम्पत्तिको परिशोधन

ख्याती बाहेकका अमूर्त सम्पत्ति प्रयोगको लागि उपलब्ध भएको मिति देखि त्यस्ता सम्पत्तिको प्रयोगबाट समूहले प्राप्त गर्ने आर्थिक लाभको आधारमा व्यवस्थापनले तय गरेको यसको अनुमानित उपयोगी जीवनमा समदर विधि प्रयोग गरि नाफा-नोक्सानमा परिशोधित (Amortized) गरिन्छ। परिशोधन विधि, उपयोगी जीवन र शेष मोल (Residual value) प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र आवश्यकता अनुसार समायोजन गरिन्छ। समूहले अमूर्त सम्पत्तिको कुनै शेष मोल नभएको धारणा राख्दछ।

**अमूर्त सम्पत्तिको अपलेखाङ्कन**

अमूर्त सम्पत्तिको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोगबाट आर्थिक लाभको आशा नभएमा अमूर्त सम्पत्तिलाई अपलेखाङ्कन गरिन्छ। अमूर्त सम्पत्तिको अपलेखाङ्कनबाट उत्पन्न हुने नाफा वा नोक्सानलाई नाफा-नोक्सान विवरणमा समावेश गरिन्छ।

### ३.१० लगानी सम्पत्ति (Investment Property)

भाडामा लगाउन वा मूल्य वृद्धि हुने अपेक्षा सहित साधारणतया बिक्रीको लागि र आफ्नो स्वप्रयोगको लागि नराखिएको जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन्। समूहले लगानी सम्पत्तिमा खराब कर्जाको असुलीबाट प्राप्त सम्पत्ति (गैह्र बैंकिङ्ग सम्पत्ति) धारण गरेको छ।

लगानी सम्पत्तिलाई लागत मूल्यमा मापन गरिएको छ। कर्जाको सुरक्षण सकार गरि प्राप्त सम्पत्तिको पञ्चकृत मूल्यलाई सम्पत्तिको लागत मूल्यको रूपमा लिइन्छ।

लगानी सम्पत्तिहरूलाई निसर्ग गरेमा वा भविष्यमा आर्थिक लाभहरू अपेक्षित नभएमा अपलेखाङ्कन गरिन्छ। लगानी सम्पत्तिको अपलेखनबाट उत्पन्न हुने नाफा नोक्सानलाई नाफा-नोक्सान विवरणमा पहिचान गरिन्छ। जब लगानी सम्पत्तिको प्रयोग परिवर्तन भई सम्पत्ति र उपकरणको रूपमा पुनःवर्गीकृत हुन्छ, पुनःवर्गीकरणको मितिमा यसको उचित मोललाई सम्पत्ति र उपकरणको लागत मूल्यको रुपमा लिइन्छ।

### ३.११ आयकर

आयकर खर्चमा चालु कर र स्थगन कर समावेश हुन्छ। अन्य विस्तृत आम्दानीको विवरण र इक्विटीमा भएको परिवर्तनसँग सम्बन्धि विवरणमा समावेश भएको बाहेक चालु कर र स्थगन कर नाफा-नोक्सान विवरणमा गणना गरिन्छ।

**क) चालु कर**

चालु करमा यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन प्रतिवेदन मितिमा प्रचलित वा ठोस रूपमा प्रचलित करको दर प्रयोग गरी गणना गरिएको र अघिल्लो वर्षहरुको तिर्नु पर्ने कर समायोजन गरिएको रकम समेत पर्दछ।

**ख) स्थगन कर**

वित्तीय विवरणमा सम्पत्ति र दायित्वको कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरु र समायोजन गर्न बाँकी कर घाटामा स्थगन कर पहिचान गरिन्छ। स्थगन कर वासलातको मितिमा प्रचलित करको दर प्रयोग गरि निर्धारण गरिन्छ र स्थगन कर सम्पत्ति प्राप्त गर्दा अथवा स्थगन कर दायित्व फछ्र्यौट गर्दा उपयोग गरिन्छ। स्थगन गरिएको कर सम्पत्तिलाई भविष्यमा पर्याप्त करयोग्य आय सिर्जित भई उक्त करयोग्य आयमा समायोजन गर्न सकिने व्यवहारिक रुपले सुनिश्चितता नभएसम्म स्थगन कर सम्पत्तिलाई लेखाङ्कन गरिदैंन। स्थगन कर सम्पत्तिहरू प्रत्येक प्रतिवेदन मितिमा समीक्षा गरिन्छ र निश्चित रूपमा अपेक्षा गर्न सकिने रकमलाई मात्र प्रस्तुत गर्न उचित समायोजन गरिन्छ। स्थगन कर सम्पत्ति र कर दायित्वहरूलाई निम्न लिखित अवस्थामा अफसेट (Offset) गरिन्छ :

क) कर दायित्व र सम्पत्तिहरू समायोजन (Offset) गर्न कानूनी अधिकार रहेमा
ख) करहरू समान प्राधिकरणले समान संस्थामा लगाउने भएमा र
ग) समूहको कर दायित्व र सम्पत्तिहरू खुद आधार (Net Basis) मा राफसाफ गर्ने आशय भएमा वा कर सम्पत्ति र दायित्व एकैसाथ प्राप्त हुने भएमा।

### ३.१२ व्यवस्थाहरु र सम्भावित सम्पत्ति/दायित्वहरु

विगतको घटनाको परिणाम स्वरूप समूहको वर्तमान परिस्थितिबाट विश्वसनीय तरिकाले नाप्न सकिने सिर्जित वा कानुनी दायित्व र दायित्व पुरा गर्न आर्थिक लाभको बहिर्गमन हुने सम्भावना भए त्यस दायित्वलाई समूहले व्यवस्थाको रुपमा लेखाङ्कन गर्दछ। समूहले

सम्भावित दायित्वको खुलासा त्यति बेला गर्दछ जब सम्भावित दायित्व वा वर्तमान दायित्वको कारण सम्भवत स्रोतको बहिर्गमनको आवश्यकता पर्न पनि सक्दछ र नपर्न पनि सक्दछ । सम्भावित दायित्व वा वर्तमान दायित्व जसबाट समूहको स्रोतको बहिर्गमनका सम्भावना न्यून रहेमा समूहले त्यसको लागि कुनै व्यवस्था गर्दैन वा त्यसको खुलासा गर्दैन ।

समूहद्वारा गरिएको करारबाट समूहलाई प्रवाह हुने अपेक्षित लाभ भन्दा दायित्वको शर्तहरु पुरा गर्न लाग्ने अपरिहार्य लागत बढी हुने भएमा समूहले Onerous करार को व्यवस्था गर्दछ ।

व्यवस्थाहरु प्रत्येक आर्थिक वर्षको अन्त्यमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिविम्वित गर्न समायोजन गरिन्छ । यदि दायित्वको भुक्तानी गर्न संसाधनहरूको बहिर्गमनको सम्भावना नभएमा व्यवस्थालाई फिर्ता गरिन्छ । सम्भाबित सम्पत्तिहरू वित्तीय विवरणमा पहिचान गरिँदैन । सम्भावित सम्पत्तिलाई निरन्तर मूल्याङ्कन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित भएमा उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तित अवस्थाको अवधिमा लेखाङ्कन गरिन्छ ।

व्युत्पन्न करारका दायित्वहरुलाई सम्भावित दायित्व अन्तर्गतको फरवार्ड एक्स्चेन्ज करार (Forward exchange contract) को अन्तर्गत दायित्वमा देखाइन्छ । यसमा फरवार्ड एक्स्चेन्ज करारको Notional interest समावेश गरिन्छ । फरवार्ड एक्स्चेन्ज करारलाई वर्तमान बजार मूल्यमा ल्याइन्छ र वर्तमान बजार मूल्यमा भएको फरकलाई नाफा/नोक्सान हिसाबमा देखाइन्छ । फरवार्ड एक्स्चेन्ज करार फछ्र्यौटको बेलामा सम्बन्धित लेना/देना रकमलाई फछ्र्यौट गर्ने समयमा मापन गरिन्छ ।

### ३.१३ निक्षेप, निष्काशन गरिएका ऋणपत्र र सहायक आवधिक दायित्वहरू

निक्षेप, निष्काशन गरिएका ऋणपत्र र सहायक आवधिक दायित्वहरू समूहको ऋण स्रोतहरु हुन् ।

ग्राहकहरु र अन्य बैंकहरु तथा वित्तीय संस्थानहरुद्वारा खातामा जम्मा गरिएको रकम समूहको वित्तीय दायित्व निक्षेप अन्तर्गत पर्दछ ।

समूहले रकम जुटाउनका लागि जारी गरेको ऋणपत्र वित्तीय दायित्व उपकरण हुन् ।

सहायक आवधिक दायित्वहरू समूहद्वारा अन्य दायित्वहरूको तुलनामा कम प्राथमिकतामा जारी गरेको ऋणपत्र उपकरण हुन् । निक्षेप, निष्काशन गरिएका ऋणपत्र र सहायक आवधिक दायित्वहरू सुरुमा उचित मोलमा वृद्धिशील प्रत्यक्ष कारोवार लागत घटाएर मापन गरिन्छ, र पछि प्रभावकारी ब्याजदर (Effective interest rate) विधि प्रयोग गरी परिशोधित मूल्यमा (Amortized cost) मा मूल्याङ्कन गरिन्छ ।

### ३.१४ आम्दानीको लेखाङ्कन

आम्दानी अन्तर्गत ब्याज आम्दानी, शुल्क र कमिशन, विदेशी विनिमय आम्दानी, कार्ड आम्दानी, निसर्ग आम्दानी आदि समावेश हुन्छन् । आर्थिक लाभहरू प्रवाहित हुने सम्भावना प्रबल भएमा र त्यसको उपयुक्त मापन गर्न सकेमा मात्र आम्दानीको लेखाङ्कन गरिन्छ । आम्दानी प्राप्तिको सम्भावना नरहेको अवधिमा आम्दानीको लेखाङ्कन गरिदैन । आम्दानी मान्यताका आधारहरु निम्न अनुसार छन् :

**क) ब्याज आम्दानी**

NFRS को आवश्यकता अनुसार उचित मोलमा नाफा नोक्सान हिसाबमा वर्गीकृत बाहेकका ब्याज आम्दानीलाई नाफा नोक्सान विवरणमा प्रभावकारी ब्याजदर विधि प्रयोग गरी लेखाङ्कन गरिएको छ । प्रभावकारी ब्याजदर वित्तीय सम्पत्ति वा दायित्वको अवधि भित्र भविष्यमा हुने भुक्तानी वा प्रवाहहरूलाई डिस्काउन्टीङ्ग (Discounting) गर्दा उक्त वित्तीय सम्पत्ति वा दायित्व को किताबी मूल्य (Carrying value) बराबर प्रतिविम्बित हुने दर हो ।

प्रभावकारी ब्याजदर उपकरणको सबै शर्तहरु विश्लेषण गरि भविष्यमा हुने नगद प्रवाहको अनुमान गरि र भविष्यमा हुने नोक्सानीको अनुमान नगरि गणना गरिन्छ । प्रभावकारी ब्याजदरको गणना कारोवार लागत र शुल्क तिरेको वा प्राप्त गरेको रकमलाई प्रभावकारी ब्याजदरको मापनमा समावेश गरिएको छ । महत्वपूर्ण नभएका कारोवार शुल्क अर्थात वित्तीय सम्पत्ति वा दायित्वको १ प्रतिशत भन्दा कम वा बराबर तथा १ वर्ष सम्मको अवधि भएका वित्तीय सम्पत्ति वा दायित्वको लागि सिधै

नाफा-नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ र प्रभावकारी ब्याजदरको गणनामा लिइएको छैन । कारोवार शुल्कमा वित्तीय सम्पत्ति निष्काशन गर्दा लागेको वृद्धिशील लागतहरु समावेश गरिएका छन् ।

नाफा-नोक्सान विवरणमा प्रस्तुत गरिएको ब्याज आम्दानीमा निम्न आधारमा लेखाङ्कन गरिएका छन् :

- कर्जा तथा सापटी बाहेकका परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्तिहरुको ब्याज आम्दानी प्रभावकारी ब्याजदर विधि अनुसार लेखाङ्कन गरिएको छ । उक्त वित्तीय सम्पत्तिहरूमा सरकारी धितोपत्रमा लगानी, कर्पोरेट बण्डमा लगानी, नेपाल राष्ट्र बैंक बण्ड र निक्षेप उपकरणमा लगानी, रिभर्स रिपो, अन्तर बैंक लगानी आदि छन् ।
- उचित मोलमा मापन गरिएको लगानी धितोपत्रको ब्याज प्रभावकारी ब्याजदर विधि अनुसार गणना गरिएको छ ।
- छुट उपकरणहरू (Discounted instruments) जस्तै खरीद गरिएको बिलहरू (Bills discounted), Documents negotiation हरुको आय प्रभावकारी ब्याजदर प्रयोग गरि प्रोदभाबी आधारमा छुटको अवधिमा लेखाङ्कन गरिएको छ ।

समूहको व्यापारिक कारोवारसँग सम्बन्धित सबै व्यापारिक सम्पत्तिको ब्याज आम्दानीलाई व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मोलमा भएको परिवर्तनको साथ खुद व्यापारिक आयमा प्रस्तुत गरिएको छ ।

कारोवारसँग सम्बन्धित आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने यकिन भएमा मात्र आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ । नगद प्रवाहको अनिश्चितताका कारण कुनै-कुनै अवस्थामा आम्दानी प्राप्तिको समयमा वा अनिश्चितता हटेमा मात्र पहिचान गरिएको छ ।

कर्जा तथा सापटीबाट हुने ब्याज आम्दानीको लेखाङ्कन नेपाल राष्ट्र बैंकद्वारा जारी "ब्याज आम्दानी सम्बन्धी निर्देशन २०१९" को आधारमा गरिएको छ ।

**ख) शुल्क र कमिशन**

वित्तीय सम्पत्तिमा प्रभावकारी ब्याजदरको अभिन्न अंग रहेको शुल्क र कमिशनलाई प्रभावकारी ब्याजदरको मापनमा समावेश गरिन्छ । व्यवस्थापन शुल्क, सेवा शुल्क, सिन्डिकेशन शुल्क, विदेशी मुद्रा लेनदेन कमिशन, क्रेडिट कार्ड जारी गर्ने कमिशन र प्रतिवद्धता सहित अन्य शुल्क र कमिशनहरु सेवा प्रदान गरेपछि लेखाङ्कन गरिन्छ । जब कर्जाको प्रतिवद्धता सीमाको उपयोग गरिदैन, सम्बन्धित प्रतिवद्धता शुल्क प्रतिवद्धताको अवधि भरिमा समदर विधिमा लेखाङ्कन गरिन्छ । शुल्क र कमिशनको लेखाङ्कनका लागि निम्न आधारहरू अपनाइन्छ :

- समूहले प्रतिवद्धता जारी गर्दा रु. १० हजार रूपैयाँ सम्मको कमिशन बाहेकलाई ग्यारेन्टी अवधिमा आयको रूपमा लेखाङ्कन गरिन्छ । रु. १० हजार रूपैयाँ सम्मको ग्यारेन्टी कमिशनलाई ग्यारेन्टी गर्दा नै आयको रुपमा लेखाङ्कन गरिन्छ ।
- समूहद्वारा जारी गरिएको साइट लेटर अफ क्रेडिट (Sight Letter of Credit) को कमिशन जारी भएको बेलामा नै आयको रुपमा लेखाङ्कन गरिन्छ भने टाइम लेटर अफ क्रेडिट (Time Letter of Credit) लाई यसको समयावधिमा प्रोदभावी रुपमा आम्दानी लेखाङ्कन गरिन्छ ।
- अन्य शुल्क र कमिशन प्रोदभावी रुपमा आम्दानी लेखाङ्कन गरिन्छ ।

**ग) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्ने अधिकार स्थापित भइसकेपछि लाभांशलाई आम्दानी जनाइन्छ । लाभांश आयलाई खुद व्यापारिक आम्दानी र अन्य सञ्चालन आम्दानीमा इक्विटी उपकरणको वर्गिकरण अनुसार प्रस्तुत गरिएको छ ।

**घ) खुद व्यापारीक आम्दानी**

खुद व्यापारीक आम्दानी अन्तर्गत व्यापारिक सम्पत्ति/दायित्वको पाकेको ब्याज, लाभांश, उचित मोलमा परिवर्तन र विदेशी विनिमयमको कारोवारबाट श्रृजित लाभ/हानी पर्दछ । व्यापारीक आम्दानी र घाटालाई एकैसाथ समायोजन गरि नाफा-नोक्सान विवरणमा छुट्टै उल्लेख गरिएको छ ।

ङ) **अन्य सञ्चालन आम्दानी**

अन्य सञ्चालन आम्दानी अन्तर्गत व्यापारिक सम्पत्ति/दायित्वको उचित मोलमा भएको अवास्तविक परिवर्तन रकम र लाभांश, जायजेथा तथा उपकरण संयन्त्र र लगानी जायजेथाको बिक्रीबाट प्राप्त नाफा/नोक्सान, सुन बिक्रीबाट प्राप्त नाफा/नोक्सान र अन्य सञ्चालनसँग समन्धित आम्दानीहरु रहेको छ।

३.१५ **ब्याज खर्च**

निक्षेप सहित वित्तीय दायित्वको ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रभावकारी ब्याजदर विधि प्रयोग गरी लेखाङ्कन गरिएको छ। सबै व्यापारिक दायित्वहरुको ब्याज खर्च समूहको व्यापारिक कार्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने र व्यापारिक सम्पत्ति तथा दायित्वको उचित मोलमा हुने परिवर्तनको साथ खुद व्यापारिक आम्दानीमा प्रस्तुत गरिन्छ।

३.१६ **कर्मचारी लाभ (Employee Benefits)**

क) **अल्पकालीन कर्मचारी लाभ (Short Term Employee Benefits)**

अल्पकालीन अवधिको कर्मचारी लाभ दायित्वहरू Discount नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको समयमा खर्च लेखिएको छ। बोनस ऐन, २०३० ले तोकेको बोनस अन्तर्गत प्रदान गर्नु पर्ने रकमलाई कर्मचारीद्वारा प्रदान गरेको विगत सेवाको परिणामको रूपमा अल्पकालीन कर्मचारी लाभ दायित्व लेखाङ्कन गरिएको छ।

अल्पकालीन कर्मचारी सुविधामा निम्न लिखित कुरा समावेश छन् (यदि प्रतिवेदन मिति पछिको १२ महिना भित्र भुक्तान योग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान;
- नाफा बाँडफाँड र बोनस; र
- गैह्र नगद लाभहरु।

ख) **सेवा पछिको लाभ योजना (Post Employment Benefit Plan)**

सेवा पछिको लाभमा निम्न योजनाहरु समावेश छन् :

अ) **परिभाषित योगदान योजना (Defined Contribution Plan)**

परिभाषित योगदान योजना सेवा निवृत लाभ योजना हो जस अन्तर्गत समूहले निश्चित योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा व्यवहारिक दायित्व हुँदैन। परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ। भविष्यमा नगद रकम फिर्ता हुने वा कटौती उपलब्ध हुने हदसम्म अग्रिम भुक्तान गरिएको योगदानलाई सम्पत्तिको रूपमा लेखाङ्कन गरिन्छ। परिभाषित योगदान योजनामा कर्मचारीको सेवा प्रदान गरेको वर्षान्त देखि १२ महिना पछाडि भुक्तानी हुने हुँदा, त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिन्छ। समूहले कर्मचारीहरूलाई उपलब्ध गराएको परिभाषित योगदान योजना निम्न अनुसार छ।

- **कर्मचारी सञ्चय कोष**

  कानून बमोजिम, समूहका सबै कर्मचारीले कर्मचारी सञ्चयकोष लाभ प्राप्त गर्न हकदार हुन्छन। कर्मचारी सञ्चयकोष परिभाषित योगदान योजना अन्तर्गत कर्मचारी र समूह दुवैले पूर्व निर्धारित दर (हाल, आधारभूत तलब प्लस ग्रेडको १० प्रतिशत) अनुसार रकम योगदान गर्छन्। समूहले आफ्नो वार्षिक योगदान बाहेक सञ्चयकोषको लागि अन्य दायित्व पहिचान गर्दैन।

आ) **परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा निवृत लाभ योजना हो। लाभ योजनाहरूको सन्दर्भमा समूहको खुद दायित्वहरू प्रत्येक योजनाको लागि कर्मचारीले भविष्यमा प्राप्त गर्ने लाभ रकमको अनुमान लगाएका

हुन्छन् । त्यस लाभलाई वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । पहिचान  नगरिएका विगत सेवा लागतहरू र योजनागत सम्पत्तिहरूको उचित मोल दायित्वमा घटाइन्छ । Discount Rate प्रतिवेदन मितिमा उच्च गुणस्तरको समान Maturity मिति भएको कर्पोरेट बण्डको दर हो जसको अनुमानित अवधि समूहको दायित्वको अवधि समान हुन्छ । दायित्वको गणना वार्षिक रुपमा प्रोजेक्ट युनिट क्रेडिट (Projected Unit Credit) विधि प्रयोग गरी Actuary द्वारा गरिन्छ ।

समूहले परिभाषित लाभ योजनाबाट उत्पन्न विमाङ्किक नाफा वा नोक्सानलाई तुरुन्त अन्य विस्तृत आयमा लेखाङ्कन गर्दछ र परिभाषित लाभ योजनामा भएको खर्चलाई नाफा वा नोक्सान खाता मा लेखाङ्कन गदर्छ । उपदान समूहद्वारा कर्मचारीहरूलाई प्रदान गरिएको परिभाषित लाभ योजना हो ।

- **उपदान**

  समूहले भाद्र १, २०७४ भन्दा अघि भर्ना हुने कर्मचारीहरूको लागि विमांकिक मूल्याङ्कन (Actuary Valuation) को आधारमा उपदान लेखाङ्कन गर्दछ भने भाद्र १, २०७४ वा त्यस पश्चात् भर्ना हुने कर्मचारीहरूको लागि प्रोदभावी आधारमा कर्मचारी सेवा विनियमावली अनुसार उपदान लेखाङ्कन गर्दछ ।

**इ) अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

कर्मचारीहरूले सम्बन्धित सेवा प्रदान गरेको वित्तीय वर्षान्त पछि बाह्र महिनामा पुरा भुक्तानी नहुने आशा गरिएका लाभहरू दीर्घकालीन कर्मचारी लाभहरूमा समावेश हुन्छन् । समूहले सबै विमाङ्किक नाफा वा नोक्सान, सबै सेवा लागत र अन्य दीर्घकालीन कर्मचारी लाभहरू सम्वन्धित ब्याजलाई नाफा वा नोक्सान खातामा लेखाङ्कन गर्दछ । बिरामी बिदा र घर बिदा समूहले कर्मचारीहरूलाई प्रदान गरेको अन्य दीर्घकालीन कर्मचारी लाभ हुन् ।

- **विदा वापतको तलब (Leave Salary)**

  समूहका कर्मचारीहरूले तोकिएको अधिकतम सीमा सम्म बिदा सञ्चित गर्न सक्छन् । समूहका कर्मचारीहरूले कर्मचारी सेवा विनियमावली अनुसार सञ्चित बिदाको आंशिक भुक्तानी लिन सक्छन् । समूहले सञ्चित विदा वापतको दायित्व विमांकिक (Actuarial) मूल्याङ्कन को आधारमा लेखाङ्कन गर्दछ ।

**ई) समाप्ति लाभ (Termination Benefit)**

जब समूहले फिर्ता लिने यथार्थ परक सम्भावना बिना, स्वेच्छिक अवकाशलाई प्रोत्साहन गर्ने प्रस्तावको परिणाम स्वरूप समाप्ति लाभ (Termination benefit) प्रदान गर्ने औपचारिक विस्तृत योजनाको लागि प्रतिबद्ध हुन्छ तब समाप्ति लाभलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ । यदि समूहले स्वेच्छिक अवकाश प्रस्ताव गरेको छ र त्यस प्रस्ताव स्वीकार गरिने सम्भावना र संख्याको भरपर्दो अनुमान गर्न सकिन्छ भने प्रस्ताव गरिएको समाप्ति लाभलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ । यदि सुविधाहरू प्रतिवेदन मितिको १२ महिना भन्दा पछि भुक्तान योग्य छन् भने, त्यसलाई Discounting गरी हालको मूल्यमा ल्याइन्छ ।

## ३.१७ पट्टा (Lease)

**समूहले पट्टा लिँदा**

समूहले सम्पत्ति प्रयोगको अधिकारलाई पट्टाको प्रारम्भिक मितिमा लेखाङ्कन गर्दछ । पट्टा दायित्वको प्रारम्भिक मापनको रकममा प्रारम्भिक मिति वा पट्टा सुरु हुनु अघि गरिएको भुक्तानी समावेश गरि पट्टाबाट प्राप्त प्रोत्साहन र प्रारम्भमा पट्टा लिने व्यक्तिले गरेको कुनै पनि प्रत्यक्ष खर्चलाई घटाई सम्पत्ति प्रयोग गर्ने अधिकारको लागतमा निर्धारण गरिन्छ । लागतबाट सञ्चित ह्रास, सञ्चित क्षय तथा पट्टा दायित्वको पुनःमापन भएमा सो रकम समायोजन गरि सम्पत्ति प्रयोग गर्ने अधिकार  निर्धारण गरिन्छ । समूहले पट्टा प्रारम्भ भएको मितिदेखि सम्पत्तिहरूको उपयोगी जीवनको अन्त्यसम्म समदर विधि आधारमा सम्पत्तिको प्रयोगको अधिकारलाई ह्रास कट्टा गर्दछ ।

समूहले आफ्नो पट्टा दायित्व निर्धारण गर्दाको उक्त समयमा भुक्तानी नभएका सम्झौताहरुको वर्तमान मूल्यमा मापन गर्दछ । निश्चित

भुक्तानीहरूमा प्रोत्साहन प्राप्त हुन बाँकी रकम, परिवर्तनशील पट्टा भुक्तानीहरू, बाँकी मूल्य जमानत अन्तर्गत समूहले तिर्ने अपेक्षा गरिएको रकम, समूहले त्यो विकल्प लागु गर्न निश्चित भएमा खरिद विकल्पको यकिन मूल्य र पट्टा समाप्त गर्दा लाग्ने शुल्क घटाई निर्धारण गरिन्छ ।

**समूहले पट्टा दिँदा**

पट्टालाई वित्त पट्टा वा सञ्चालन पट्टामा दुई प्रकारमा वर्गीकृत गरिन्छ । यदि समूहको सम्पत्तिसँग सम्बन्धित सम्पूर्ण जोखिम तथा अवसरहरु काउन्टर पार्टीमा हस्तान्तरण हुने तर स्वामित्व हस्तान्तरण नहुने सम्झौताहरूलाई वित्त पट्टा मा वर्गीकृत गर्दछ । तर सम्पत्तिसँग सम्बन्धित सम्पूर्ण जोखिम तथा अवसरहरु काउन्टर पार्टीमा हस्तान्तरण गरिदैँन भने त्यसलाई सञ्चालन पट्टाको रूपमा वर्गीकृत गरिन्छ । समूहले सञ्चालन पट्टाबाट आएको भुक्तानीलाई समदर विधि आधारमा लिज अवधीसम्मको लागि आम्दानीको रुपमा लेखाङ्कन गर्दछ ।

## ३.१८ वित्तीय जमानत र कर्जा प्रतिवद्धता

वित्तीय जमानत भनेको भुक्तानी दिन असफल भएको अवस्थामा समूहले धारकलाई ऋण उपकरणको शर्तको आधारमा क्षतिपूर्ति दिन गरेको सम्झौता हो । कर्जा प्रतिवद्धता पूर्व निर्दिष्ट शर्त र शर्तहरू अन्तर्गत रहि कर्जा प्रदान गर्ने प्रतिवद्धता हो ।

वित्तीय जमानत र कर्जा प्रतिवद्धताहरू सम्भावित दायित्वको रूपमा लेखाङ्कन गरिन्छ र वित्तीय स्थितिको विवरणमा लेखाङ्कन गरिदैँन । वित्तीय जमानत र कर्जा प्रतिवद्धताबाट उत्पन्न दायित्वहरू भुक्तानी गरी कर्जा सापटमा समावेश गरिन्छ ।

## ३.१९ शेयर पूँजी र कोष

### क) शेयर पूँजी

समूहले पूँजीगत उपकरणहरूलाई उपकरणको अनुबन्ध शर्तहरूको आधारमा वित्तीय दायित्व वा इक्विटी उपकरणहरूको रूपमा वर्गीकृत गरेको छ । इक्विटीलाई समूहको कुल सम्पत्तिमा सम्पूर्ण दायित्व घटाए पछि बाँकी स्वार्थको रूपमा परिभाषित गरिएको छ । साधारण शेयरलाई समूहको इक्विटीको रूपमा वर्गीकृत गरिएको छ र त्यसको बाँडफाँडलाई इक्विटीमा भएको परिवर्तनको विवरणमा प्रस्तुत गरिएको छ ।

यस आ.व. को लागि समूहले नियामक निकायले तोकेको पूँजी पर्याप्तता अनुपात ११ प्रतिशत कायम गरेको छ ।

### ख) शेयर निष्काशन खर्च

शेयर निष्काशनमा प्रत्यक्ष रुपमा सम्बन्धित वृद्धिशील लागतलाई इक्विटी उपकरणको प्रारम्भिक मापनबाट घटाइ समायोजन गरिन्छ ।

## ३.२० प्रति शेयर आम्दानी

समूहले साधारण शेयरको लागि आधारभूत प्रति शेयर आम्दानी र डाइलुटेड प्रति शेयर आम्दानी प्रस्तुत गर्दछ । समूहको साधारण शेयरधनीहरुको लागि उपलब्ध नाफा वा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेको भारित औषत शेयर संख्याले भाग गरि आधारभूत प्रति शेयर आम्दानी गणना गरिएको छ । कुल नाफा र इक्विटी शेयर संख्याको भारित औषत संख्यालाई सम्भाव्य डाइलुटीभ साधारण शेयरले पार्ने असरलाई समायोजन गरि डाइलुटेड प्रति शेयर आम्दानी गणना गरिएको छ ।

## ३.२१ क्षेत्रगत प्रतिवेदन

समूहले क्षेत्रगत प्रतिवेदनलाई आम्दानी आर्जन गर्ने र खर्च गर्ने व्यवसायिक गतिविधिहरूका आधारमा पहिचान गरेको छ जसको नतिजालाई व्यवस्थापनले समीक्षा गरी प्रत्येक क्षेत्रलाई आवश्यक पर्ने स्रोत विनियोजन बारेमा निर्णय गर्दछ ।

बैंकले प्रदान गर्ने सेवा तथा प्रडक्टको प्रकृतिको आधारमा बैंकको प्रमुख व्यवसायिक क्षेत्रहरूमा बैंकिंग, ट्रेजरी, कार्ड र रेमिट्यान्स पर्दछ । व्यवसायिक क्षेत्रहरु बीचको कारोवारलाई निर्धारित ट्रान्सफर लागतमा कर्पोरेट अफिससँग लेखाङ्कन गरिन्छ । ट्रेजरी विभागले बैंकको कोष प्रबन्धकको रूपमा कार्य गर्दछ ।

क्षेत्रगत परिणाम निकाल्दा प्रत्यक्ष रूपमा त्यस क्षेत्रसँग सम्बन्ध राख्ने आम्दानी र खर्चका साथै उचित आधारमा छुट्याउन मिल्ने साझा आम्दानी र खर्चलाई गणना गरिएको हुन्छ। कर्पोरेट अफिससँग सम्बन्धित वा पहिचान गरिएका क्षेत्रहरूमा विनियोजन गर्न नसकिने आय, खर्च, सम्पत्ति र दायित्वहरू अविभाजित (Unallocated) हुन्छन्। अविभाजित वस्तुहरूमा मुख्यतया कर्पोरेट सम्पत्तिहरू (मुख्य रूपमा बैंकको कर्पोरेट भवन), प्रमुख कार्यालय सञ्चालन खर्च, र कर सम्पत्ति र उत्तरदायित्वहरू समावेश छन् जसलाई बैंकिङ्ग क्षेत्रमा वर्गीकृत गरिएको छ।

### ३.२२ बिक्रीको लागि राखिएको गैह्र चालु सम्पत्ति

गैह्र-चालु सम्पत्तिलाई (वा निसर्ग समूहहरू सम्पत्ति र दायित्वहरू सहित) बिक्रीको लागि राखिएको सम्पत्तिमा वर्गीकरण गरिएको छ र किताबी मूल्य वा यदि उक्त सम्पत्तिको किताबी मूल्य निरन्तर प्रयोगको माध्यमबाट भन्दा बिक्रीको माध्यमबाट प्राप्त हुने भएमा उचित मोलमा बेच्नको लागि लाग्ने खर्च घटाएपछिको मोलमा जुन कम हुन्छ त्यसमा मापन गरिन्छ। बिक्रीको लागि राखिएको सम्पत्तिमा ह्रास वा परिशोधनको हिसाब गरिदैन। प्रारम्भिक वर्गीकरण र त्यसपछिको मूल्याङ्कनमा हुने कुनै हानी-नोक्सानीलाई खर्चको रूपमा लेखाङ्कन गरिन्छ। बेच्नको लागि लाग्ने खर्च घटाएपछिको बढेको उचित मोललाई पहिले लेखाङ्कन गरिएको सञ्चित-हानी नोक्सानी भन्दा बढी नहुने गरी नाफा-नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

### ३.२३ गैह्र वित्तीय सम्पत्तिको हानी नोक्सानी

समूहले प्रत्येक प्रतिवेदन मितिमा सम्पत्तिको हानी नोक्सानीको क्षयको संकेत मूल्याङ्कन गर्दछ। यदि कुनै संकेत भएमा वा सम्पत्तिको वार्षिक हानी-नोक्सानी समिक्षा आवश्यक भएमा, समूहले सम्पत्तिको प्राप्ति योग्य रकम (Recoverable Amount) अनुमान गर्दछ। सम्पत्तिको पुनः प्राप्ति योग्य रकम नगद उत्पादन इकाईको (Cash Generating Unit) उचित मोलमा बिक्री गर्न लाग्ने खर्च घटाइ आएको रकम वा यसको प्रयोग मूल्य (Value in Use) मध्येको उच्च रकमलाई मानिन्छ। यदी सम्पत्ति वा नगद उत्पादन इकाई (Cash Generating Unit) को किताबी मूल्य यसको प्राप्ति योग्य रकम भन्दा बढी भएमा, सम्पत्तिको-हानी भएको मानिन्छ र यसलाई प्राप्ति योग्य रकममा लेखाङ्कन गरिन्छ। प्रयोग मूल्यको (Value in Use) मूल्याङ्कन गर्न उचित मूल्याङ्कन विधि प्रयोग गरी भबिष्यमा हुने अनुमानित नगद प्रवाहलाई पूर्व कर डिस्काउन्ट दर (Pre Tax Discount Rate) प्रयोग गरी उनीहरूको वर्तमान मूल्यमा ल्याइन्छ।

### ३.२४ प्रतिवेदन मिति पछिका घटनाहरु

NAS 10 'Events after Reporting Date' अनुसार प्रतिवेदन मिति पछिका सबै महत्वपूर्ण घटनाहरू विश्लेषण गरिएको छ र वित्तीय विवरणमा उचित समायोजन वा खुलासाहरू गरिएका छन्।

# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

## वित्तीय विवरणहरूका अनुसूचीहरू

## २०७९ साल आषाढ मसान्तको (जुलाई १६, २०२२)

### ४.१ नगद तथा नगद समान

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| नगद मौज्दात | ६,५८५,१५२,७२७ | ५,०६८,३३६,६७७ | ६,५८५,१४२,७२७ | ५,०६१,५५४,६७१ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १,२५२,९८२,१८७ | १,७९९,०४५,९०० | १,२५२,६२४,०९२ | १,७९९,०४५,९०० |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ५,९९१,१३७,०४२ | ८७९,५२४,१८० | ५,९९१,१३७,०४२ | ८७९,५२४,१८० |
| अन्य* | ४,०६३,८३७,४०९ | ३,८२२,९१६,९६८ | ४,०६३,८३७,४०९ | ३,८२२,९१६,९६८ |
| **कुल** | **१७,८९३,१०९,३६६** | **११,५६९,८२३,७२६** | **१७,८९२,७४१,२७०** | **११,५६३,०४१,७२०** |

*अन्य नगद तथा नगद समानमा अनिवार्य नगद मौज्दात (Cash Reserve Ratio) को लागि आवश्यक भन्दा बढि राखिएको मौज्दात लेखाङ्कन गरिएको हो ।

### ४.२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| नेपाल राष्ट्र बैंकमा रहेको वैधानिक मौज्दात | ४,२६६,५०८,०५३ | ३,७९६,४८७,७९७ | ४,२६६,५०८,०५३ | ३,७९६,४८७,७९७ |
| पुनः बिक्रिको सम्झौतामा खरिद गरिएको धितोपत्र | - | - | - | - |
| नेपाल राष्ट्र बैंकबाट लिन बाँकी अन्य निक्षेप र पाउनुपर्ने रकम | - | - | - | - |
| **कुल** | **४,२६६,५०८,०५३** | **३,७९६,४८७,७९७** | **४,२६६,५०८,०५३** | **३,७९६,४८७,७९७** |

### ४.३ बैंक तथा वित्तीय संस्थामा रहेको लगानी मौज्दात

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| स्वदेशी बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | - | ४९,६९१,०४० | - | ४९,६९१,०४० |
| विदेशी बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १,२३३,६३१,४५७ | २,८२५,१८३,७७१ | १,२३३,६३१,४५७ | २,८२५,१८३,७७१ |
| घटाउनेः क्षय (Impairment) को लागि व्यवस्था | - | - | - | |
| **कुल** | **१,२३३,६३१,४५७** | **२,८७४,८७४,८११** | **१,२३३,६३१,४५७** | **२,८७४,८७४,८११** |

### ४.४ व्युत्पन्न (Derivative) वित्तीय उपकरणहरू

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| **व्यापारिक लगानी** | | | | |
| ब्याजदर स्वाप | - | - | - | - |
| मुद्रा स्वाप | - | - | - | - |
| अग्रिम विनिमय सम्झौता | २,६५९,०८९ | ४७,००७,४९८ | २,६५९,०८९ | ४७,००७,४९८ |
| अन्य | - | - | - | - |

| जोखिम व्यवस्थापनको निम्ति | | | | |
|---|---|---|---|---|
| ब्याजदर स्वाप | - | - | - | - |
| मुद्रा स्वाप | - | - | - | - |
| अग्रिम विनिमय सम्झौता | - | - | - | - |
| अन्य | - | - | - | - |
| कुल | २,६५९,०८९ | ४७,००७,४९८ | २,६५९,०८९ | ४७,००७,४९८ |

## ४.५ अन्य व्यापारिक सम्पत्तिहरू

रकम रु. मा

| विवरण | समूह | | बैंक | |
|---|---|---|---|---|
| | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| ट्रेजरी विल | - | - | - | - |
| नेपाल सरकारको ऋणपत्र | - | - | - | - |
| नेपाल राष्ट्र बैंकको ऋणपत्र | - | - | - | - |
| स्वदेशी इजाजत प्राप्त संस्थाको ऋणपत्र | - | - | - | - |
| शेयरहरु | ५४०,५३२,५८५ | ६१५,१००,०३८ | ३२७,१३२,५२४ | ४५२,२७७,९८१ |
| अन्य* | २०७,८५५ | १४४,६१०,९५६ | २०७,८५५ | १४४,६१०,९५६ |
| **जम्मा** | **५४०,७४०,४४०** | **७५९,७१०,९९४** | **३२७,३४०,३७९** | **५९६,८८८,९३७** |
| धितोमा राखिएको (Pledged) | - | - | - | - |
| धितोमा नराखिएको (Non-pledged) | ५४०,७४०,४४० | ७५९,७१०,९९४ | ३२७,३४०,३७९ | ५९६,८८८,९३७ |

*अन्य व्यापारिक सम्पत्तिमा Vault मा राखिएको सुन तथा चाँदी समावेश छन् ।

रकम रु. मा

| धितोपत्रमा लगानी गरिएका अन्य व्यापारिक सम्पत्तिहरु | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) |
| **१. बैंकको सुचिकृत धितोपत्रमा लगानी** | | | | | | | | |
| १.१ सोल्टी होटेल लिमिटेड<br>०.१५ इक्विटी शेयर रु. १० प्रति शेयर | ४१ | ३० | ४४,४९८ | ४२,४८३ | ४१ | ३० | ४४,४९८ | ४२,४८३ |
| १.२ नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>१४,०३५.१० इक्विटी शेयर (१,९७५.४० बोनस शेयर सहित)<br>रु १०० प्रति शेयर | १४,९४४,११५ | १०,४८४,२१७ | १२,६४६,२३० | १८,५७५,७४५ | १४,९४४,११५ | १०,४८४,२१७ | १२,६४६,२३० | १८,५७५,७४५ |
| १.३ एशिएन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>०.९० इक्विटी शेयर रु. १०० प्रति शेयर | ४६२ | ५१७ | ४६२ | ९७१ | ४६२ | ५१७ | ४६२ | ९७१ |
| १.४ नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>०.०९६ इक्विटी शेयर रु. १०० प्रति शेयर | ५७ | ५५ | ५७ | ९२ | ५७ | ५५ | ५७ | ९२ |
| १.५ शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड<br>१६,८९६ इक्विटी शेयर (६९४.२३ बोनस शेयर सहित)<br>रु १०० प्रति शेयर | २४,८८४,४६१ | १३,६३५,०६८ | २१,९६७,७७९ | २०,८७६,६३० | २४,८८४,४६१ | १३,६३५,०६८ | २१,९६७,७७९ | २०,८७६,६३० |
| १.६ नेको इन्स्योरेन्स लिमिटेड<br>५,५८५.३० इक्विटी शेयर (९८४.८८ बोनस शेयर सहित)<br>रु. १०० प्रति शेयर | ६,३०६,३६१ | ३,८७६,१९९ | ५,१९१,४५४ | ४,६७१,४६५ | ६,३०६,३६१ | ३,८७६,१९९ | ५,१९१,४५४ | ४,६७१,४६५ |
| १.७ सिद्धार्थ इन्स्योरेन्स लिमिटेड<br>१ इक्विटी शेयर रु. १०० प्रति शेयर | ३३० | ५४४ | ३३० | ५१२ | ३३० | ५४४ | ३३० | ५१२ |
| १.८ प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड<br>२५.५० इक्विटी शेयर रु. १०० प्रति शेयर | १५,४२७ | ८,८७३ | १५,४२७ | १९,३०३ | १५,४२७ | ८,८७३ | १५,४२७ | १९,३०३ |
| १.९ लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड<br>०.८२ इक्विटी शेयर रु. १०० प्रति शेयर | १० | १,१६३ | १० | १,६०४ | १० | १,१६३ | १० | १,६०४ |
| १.१० प्राइम लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड<br>१.१५ इक्विटी शेयर रु. १०० प्रति शेयर | ५७० | ६५४ | ५७० | ९५४ | ५७० | ६५४ | ५७० | ९५४ |
| १.११ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड<br>०.७१ इक्विटी शेयर रु. १०० प्रति शेयर | ५८६ | ४७० | ५८६ | ८३५ | ५८६ | ४७० | ५८६ | ८३५ |
| १.१२ रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड<br>८,२८० इक्विटी शेयर रु. १०० प्रति शेयर | ५,०५५,०४६ | २,७७३,८०० | ४,३२६,७७१ | ४,२१६,८०० | ५,०५५,०४६ | २,७७३,८०० | ४,३२६,७७१ | ४,२१६,८०० |
| १.१३ सूर्य जीवन बीमा कम्पनी लिमिटेड<br>४६० इक्विटी शेयर रु. १०० प्रति शेयर | २५८,५३० | १७७,९९१ | १९१,६६७ | २५३,५५० | २५८,५३० | १७७,९९१ | १९१,६६७ | २५३,५५० |
| १.१४ एन एल जी इन्स्योरेन्स कम्पनी लिमिटेड<br>०.३९ इक्विटी शेयर रु. १०० प्रति शेयर | १२६ | १८५ | १२६ | ३९० | १२६ | १८५ | १२६ | ३९० |
| १.१५ लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड<br>०.१९ इक्विटी शेयर रु. १०० प्रति शेयर | ११३ | ७१ | ११३ | १३३ | ११३ | ७१ | ११३ | १३३ |
| १.१६ नेपाल पुनर्बीमा कम्पनी लिमिटेड<br>२,८३० इक्विटी शेयर रु. १०० प्रति शेयर | ३,६७७,५६६ | २,०८०,०५० | ३,२७०,००० | ३,१८८,००० | ३,६७७,५६६ | २,०८०,०५० | ३,२७०,००० | ३,१८८,००० |
| १.१७ नेपाल दुरसंचार कम्पनी लिमिटेड<br>३,६०० इक्विटी शेयर रु. १०० प्रति शेयर | ४,१६६,४९० | ३,१६४,०४० | ४,१६६,४९० | ३,९४२,००० | ४,१६६,४९० | ३,१६४,०४० | ४,१६६,४९० | ३,९४२,००० |

रकम रु. मा

| धितोपत्रमा लगानी गरिएका अन्य व्यापारिक सम्पत्तिहरु | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) |
| १.१८ चिलिमे जलविद्युत कम्पनी लिमिटेड<br>१.०४ इक्विटी शेयर रु. १०० प्रति शेयर | - | ४२५ | - | ६६६ | - | ४२५ | - | ६६६ |
| १.१९ रिडी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड<br>६.७६ इक्विटी शेयर रु. १०० प्रति शेयर | २,१८१ | ५,६६१ | ३६,०८९ | ६४,३७२ | २,१८१ | ५,६६१ | ३६,०८९ | ६४,३७२ |
| १.२० छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड<br>१.५२ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,६४६ | १,६६८ | २,७२४,०६८ | ३,४३४,६२४ | १,६४६ | १,६६८ | २,७२४,०६८ | ३,४३४,६२४ |
| १.२१ फर्स्ट माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड<br>१.२७ इक्विटी शेयर रु. १०० प्रति शेयर | १८३ | ८४३ | ४७१ | २,४४५ | १८३ | ८४३ | ४७१ | २,४४५ |
| १.२२ डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड<br>१.७९ इक्विटी शेयर रु. १०० प्रति शेयर | ९२४ | १,६८६ | ९२४ | २,५२० | ९२४ | १,६८६ | ९२४ | २,५२० |
| १.२३ महुली लघुवित्त वित्तीय संस्था लिमिटेड<br>२ इक्विटी शेयर रु. १०० प्रति शेयर | २,४३६ | २,३१० | ११,८०५ | १५,२६० | २,४३६ | २,३१० | ११,८०५ | १५,२६० |
| १.२४ एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड<br>०.२२ इक्विटी शेयर रु. १०० प्रति शेयर | १२० | १८९ | ६,६५६ | १८,८८० | १२० | १८९ | ६,६५६ | १८,८८० |
| १.२५ स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड<br>०.८९ इक्विटी शेयर रु. १०० प्रति शेयर | ६६५ | १,०४३ | ६६५ | १,२४४ | ६६५ | १,०४३ | ६६५ | १,२४४ |
| १.२६ आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड<br>१.१० इक्विटी शेयर रु. १०० प्रति शेयर | ७२६ | ६१० | ७२६ | ८६७ | ७२६ | ६१० | ७२६ | ८६७ |
| १.२७ नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड<br>१.२१ इक्विटी शेयर रु. १०० प्रति शेयर | ३ | १,०६९ | ३ | १,६०० | ३ | १,०६९ | ३ | १,६०० |
| १.२८ साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड<br>३.३१ इक्विटी शेयर रु. १०० प्रति शेयर | १४५ | ३,५२५ | ४,१८९ | १२५,७०२ | १४५ | ३,५२५ | ४,१८९ | १२५,७०२ |
| १.२९ निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड<br>०.५९ इक्विटी शेयर रु. १०० प्रति शेयर | १०५ | ६५१ | ४६१ | १,६०४ | १०५ | ६५१ | ४६१ | १,६०४ |
| १.३० एन आइ बि एल समृद्धि फण्ड १ | - | - | ३,४७७,८२० | ४,९९४,१५० | - | - | ३,४७७,८२० | ४,९९४,१५० |
| १.३१ एन आइ बि एल समृद्धि फण्ड २<br>५००,००० इकाई रु. १० प्रति इकाई | ५,०००,००० | ४,३३५,००० | ५,०००,००० | ५,४०५,००० | ५,०००,००० | ४,३३५,००० | ५,०००,००० | ५,४०५,००० |
| १.३२ एनएमबि हाइब्रिड फण्ड एल १<br>७७४,०६९ इकाई रु. १० प्रति इकाई | ७,७४०,६९० | ८,६६९,५७३ | ७,७४०,६९० | १०,५६६,०४२ | ७,७४०,६९० | ८,६६९,५७३ | ७,७४०,६९० | १०,५६६,०४२ |
| १.३३ नबिल इक्विटी फण्ड<br>८५७,५४९ इकाई रु. १० प्रति इकाई | ८,५७५,४९० | ८,५७५,४९० | ८,५७५,४९० | १२,५२०,२१५ | ८,५७५,४९० | ८,५७५,४९० | ८,५७५,४९० | १२,५२०,२१५ |
| १.३४ एन आइ बि एल प्रगति फण्ड<br>१,२३३,२२२ इकाई रु. १० प्रति इकाई | १२,३३२,२२० | १२,३५६,८८४ | १२,३३२,२२० | १८,३१३,३४७ | १२,३३२,२२० | १२,३५६,८८४ | १२,३३२,२२० | १८,३१३,३४७ |
| १.३५ कुमारी इक्विटी फण्ड<br>५००,००० इकाई रु. १० प्रति इकाई | ५,०००,००० | ५,०३५,००० | ५,०००,००० | ५,२५०,००० | ५,०००,००० | ५,०३५,००० | ५,०००,००० | ५,२५०,००० |
| १.३६ लक्ष्मी इक्विटी फण्ड<br>१४२,४७८ इकाई रु. १० प्रति इकाई | १,४२४,७८० | १,४१०,५३२ | १,४२४,७८० | १,९६६,१९६ | १,४२४,७८० | १,४१०,५३२ | १,४२४,७८० | १,९६६,१९६ |

रकम रु. मा

| धितोपत्रमा लगानी गरिएका अन्य व्यापारिक सम्पत्तिहरु | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) |
| १.३७ सिद्धार्थ इक्विटी फण्ड १,५०६,१४८ इकाई रु. १० प्रति इकाई | १५,०६१,४८० | १४,८८०,७४२ | १५,०६१,४८० | २१,१६१,३७९ | १५,०६१,४८० | १४,८८०,७४२ | १५,०६१,४८० | २१,१६१,३७९ |
| १.३८ सानिमा इक्विटी फण्ड २,२००,००० इकाई रु. १० प्रति इकाई | २२,०००,००० | २८,०५०,००० | २२,०००,००० | ३६,९३८,००० | २२,०००,००० | २८,०५०,००० | २२,०००,००० | ३६,९३८,००० |
| १.३९ सानिमा लार्ज क्याप फण्ड ५००,००० इकाई रु. १० प्रति इकाई | ५,०००,००० | ४,६६०,००० | ५,०००,००० | ५,२५०,००० | ५,०००,००० | ४,६६०,००० | ५,०००,००० | ५,२५०,००० |
| १.४० नबिल ब्यालेन्स फण्ड २ १००,००० इकाई रु. १० प्रति इकाई | १,०००,००० | १,०७८,००० | १,०००,००० | १,४१०,००० | १,०००,००० | १,०७८,००० | १,०००,००० | १,४१०,००० |
| १.४१ सिद्धार्थ इन्भेष्टमेण्ट ग्रोथ स्किम २ ७,९८९,४५९ इकाई रु. १० प्रति इकाई | ७९,८९४,५९० | ७८,२१६,८०४ | ७९,८९४,५९० | ११३,४५०,३१८ | ७९,८९४,५९० | ७८,२१६,८०४ | ७९,८९४,५९० | ११३,४५०,३१८ |
| १.४२ एनएमबि ५० १००,००० इकाई रु. १० प्रति इकाई | १,०००,००० | १,२९०,००० | १,०००,००० | १,४९५,००० | १,०००,००० | १,२९०,००० | १,०००,००० | १,४९५,००० |
| १.४३ सनराइज फर्स्ट म्युचुअल फण्ड २००,००० इकाई रु. १० प्रति इकाई | २,०००,००० | २,३००,००० | २,०००,००० | ३,२००,००० | २,०००,००० | २,३००,००० | २,०००,००० | ३,२००,००० |
| १.४४ सनराइज ब्लूचिप फण्ड ५००,००० इकाई रु. १० प्रति इकाई | ५,०००,००० | ४,३७०,००० | ५,०००,००० | ५,०८०,००० | ५,०००,००० | ४,३७०,००० | ५,०००,००० | ५,०८०,००० |
| १.४५ लक्ष्मी उन्नति कोष ५००,००० इकाई रु. १० प्रति इकाई | ५,०००,००० | ४,७८०,००० | ५,०००,००० | ६,३१०,००० | ५,०००,००० | ४,७८०,००० | ५,०००,००० | ६,३१०,००० |
| १.४६ हाइड्रोईलेक्ट्रीसिटी इनभेष्टमेन्ट कम्पनी लिमिटेड ६८,८१९ इक्विटी शेयर रु. १० प्रति शेयर | ६,०८२,५०० | १३,७६३,७३६ | २,८९६,४०० | १४,३०५,१४० | ६,०८२,५०० | १३,७६३,७३६ | २,८९६,४०० | १४,३०५,१४० |
| १.४७ मेरो माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | - | - | ४,१०० | १५४,६०० | - | - | ४,१०० | १५४,६०० |
| १.४८ डादी ग्रुप पावर लिमिटेड ३ इक्विटी शेयर रु. १०० प्रति शेयर | ८३ | ७१६ | ५७,९०० | ३९८,४३० | ८३ | ७१६ | ५७,९०० | ३९८,४३० |
| १.४९ अरुण काबेली पावर लिमिटेड | - | - | २९,५०० | १४७,४१४ | - | - | २९,५०० | १४७,४१४ |
| १.५० ग्लोबल आएमई समुन्नत योजना १ ३,७९७,२६८ इकाई रु. १० प्रति इकाई | ३७,९७२,६८० | ३७,९७२,६८० | ३७,९७२,६८० | ७७,००८,५९५ | ३७,९७२,६८० | ३७,९७२,६८० | ३७,९७२,६८० | ७७,००८,५९५ |
| १.५१ फरवर्ड माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड २१.६० इक्विटी शेयर रु. १०० प्रति शेयर | ५२० | ५१,५१६ | २,६०० | २२१,६०० | ५२० | ५१,५१६ | २,६०० | २२१,६०० |
| १.५२ नेशनल माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | - | - | १,९०० | २१९,७८३ | - | - | १,९०० | २१९,७८३ |
| १.५३ एन आई सी एशिया ग्रोथ फण्ड २,०००,००० इकाई रु. १० प्रति इकाई | २०,०००,००० | २२,३००,००० | २०,०००,००० | ३०,०००,००० | २०,०००,००० | २२,३००,००० | २०,०००,००० | ३०,०००,००० |
| १.५४ प्रभु इन्स्योरेन्स लिमिटेड - संस्थापक शेयर ३९,४३२.६८ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,७०२,९६७ | ८,४३८,५९४ | १,७०२,९६७ | १७,०५१,५२० | १,७०२,९६७ | ८,४३८,५९४ | १,७०२,९६७ | १७,०५१,५२० |
| १.५५ आर बी बी म्युचुअल फण्ड १ ५,००,००० इकाई रु. १० प्रति इकाई | ५,०००,००० | ४,६३५,००० | | | ५,०००,००० | ४,६३५,००० | | |
| १.५६ एन एम बी सरल बचत कोष ९,५०० इकाई रु. १० प्रति इकाई | ९५,००० | ९५,००० | | | ९५,००० | ९५,००० | | |

रकम रु. मा

| धितोपत्रमा लगानी गरिएका अन्य व्यापारिक सम्पत्तिहरु | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) |
| १.५७ मेगा म्युचुअल फण्ड १<br>४३६,३४० इकाई रु. १० प्रति इकाई | ४,३६३,४०० | ३,४८६,३५७ | | | ४,३६३,४०० | ३,४८६,३५७ | | |
| १.५८ कुमारी धनपति योजना<br>१०,००,००० इकाई रु. १० प्रति इकाई | १०,०००,००० | १०,०००,००० | | | १०,०००,००० | १०,०००,००० | | |
| १.५९ एनआईसी एशिया फ्लेक्सी क्याप फन्ड<br>१०,००,००० इकाई रु. १० प्रति इकाई | १०,०००,००० | १०,०००,००० | | | १०,०००,००० | १०,०००,००० | | |
| १.६० नबिल ब्यालेन्स फण्ड ३<br>१६,६८० इकाई रु. १० प्रति इकाई | १६६,८०० | १५७,२९२ | | | १६६,८०० | १५७,२९२ | | |
| **२. सहायक कम्पनिको सुचिकृत धितोपत्रमा लगानी** | | | | | | | | |
| २.१ सेन्चुरी कमर्सियल बैंक लिमिटेड<br>७ इक्विटी शेयर रु. १०० प्रति शेयर | ५९५ | १,२८१ | ५९५ | १,७४६ | - | - | - | - |
| २.२ लक्ष्मी बैंक लिमिटेड<br>१,८४९ इक्विटी शेयर रु. १०० प्रति शेयर | ६३३,०३६ | ३६७,९५१ | ६८३,३६४ | ७३०,३५५ | - | - | - | - |
| २.३ नेपाल बैंक लिमिटेड<br>२,५१८ इक्विटी शेयर रु. १०० प्रति शेयर | ९६२,५६६ | ७५०,३६४ | १,८७१,९८१ | १,९९३,५०० | - | - | - | - |
| २.४ नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड<br>२,६०७ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,१०५,०१५ | ६९०,८५५ | २,०६९,७४२ | १,९९४,१०० | - | - | - | - |
| २.५ एन आई सी एसिया बैंक लिमिटेड<br>६,००३ इक्विटी शेयर रु. १०० प्रति शेयर | ५,२८०,१७६ | ४,१७८,०८८ | ५,२८०,१७६ | ५,९६६,९८२ | - | - | - | - |
| २.६ प्राइम कमर्सियल बैंक लिमिटेड<br>५,१९६ इक्विटी शेयर रु. १०० प्रति शेयर | २,०१५,३१५ | १,३७६,९४० | २,४२३,७०७ | २,६४८,८७० | - | - | - | - |
| २.७ स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड<br>४,२८१ इक्विटी शेयर रु. १०० प्रति शेयर | २,४२८,७९७ | १,६९६,५६० | २,६७१,६१९ | २,५२५,७९० | - | - | - | - |
| २.८ कृषि विकास बैंक लिमिटेड | - | - | ८८७,६११ | ९३२,१३४ | - | - | - | - |
| २.०९ ग्लोबल आई एम् ई बैंक लिमिटेड<br>७,८१० इक्विटी शेयर रु. १०० प्रति शेयर | ३,२१०,५१० | १,९६३,४३४ | ३,२१०,५१० | ३,१३१,१०० | - | - | - | - |
| २.१० हिमालयन बैंक लिमिटेड<br>९७० इक्विटी शेयर रु. १०० प्रति शेयर | ४५०,८६९ | २९०,२२४ | २,५५०,९१३ | २,१८८,१६४ | - | - | - | - |
| २.११ एभरेष्ट बैंक लिमिटेड<br>१८४ इक्विटी शेयर रु. १०० प्रति शेयर | १२४,०८० | ८०,७७६ | १३१,४९८ | १३५,७९२ | - | - | - | - |
| २.१२ मेगा बैंक नेपाल लिमिटेड<br>३,७५२ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,२३१,३१५ | ८४७,९५२ | १,२३१,३१५ | १,२४८,०६० | - | - | - | - |
| २.१३ नबिल बैंक लिमिटेड | - | - | १,२४५,८२६ | १,३२५,०२५ | - | - | - | - |
| २.१४ एन एम बि बैंक लिमिटेड<br>३,८०१ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,४०२,२९९ | ९९२,०६१ | ३,०५५,१०० | ३,२३८,८४० | - | - | - | - |
| २.१५ प्रभु बैंक लिमिटेड<br>२,२०० इक्विटी शेयर रु. १०० प्रति शेयर | ९०४,३८० | ४५५,४०० | ३,१७६,८४० | ३,१५३,३०० | - | - | - | - |

रकम रु. मा

| धितोपत्रमा लगानी गरिएका अन्य व्यापारिक सम्पत्तिहरु | समूह | | | | बैंक | | | |
|---|---|---|---|---|---|---|---|---|
| | यस वर्ष | | गत वर्ष | | यस वर्ष | | गत वर्ष | |
| | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) | परल मूल्य (Cost) | उचित मूल्य (Fair value) |
| २.१६ सिद्धार्थ बैंक लिमिटेड | - | - | १,४२०,३०० | १,५१२,००० | - | - | - | - |
| २.१७ सानिमा बैंक लिमिटेड<br>३,००३ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,१९१,११६ | ८२८,८२८ | १,३९३,४०४ | १,४५५,९७० | - | - | - | - |
| २.१८ कुमारी बैंक लिमिटेड<br>४,४२३ इक्विटी शेयर रु. १०० प्रति शेयर | १,५१९,९२७ | ८४४,७९३ | १,६१०,९९२ | १,६४०,९३३ | - | - | - | - |
| २.१९ गरिमा विकास बैंक लिमिटेड | - | - | १,२८२,४६७ | १,३८५,०२४ | - | - | - | - |
| २.२० एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड<br>४८८ इक्विटी शेयर रु. १०० प्रति शेयर | २७१,३७३ | १५९,५७६ | ३७१,८५० | ३८४,७५० | - | - | - | - |
| २.२१ ज्योति विकास बैंक लिमिटेड | - | - | ३२२,७०० | ३३४,६०० | - | - | - | - |
| २.२२ कामना सेवा विकास बैंक लिमिटेड | - | - | १,२२१,९६० | १,३६१,८४० | - | - | - | - |
| २.२३ लुम्बिनी विकास बैंक लिमिटेड<br>२,५०० इक्विटी शेयर रु. १०० प्रति शेयर | १,२७३,१०४ | ८५२,५०० | २,०६१,६९२ | २,०९८,९८० | - | - | - | - |
| २.२४ मितेरी विकास बैंक लिमिटेड | - | - | १७६,५०० | १७५,८०० | - | - | - | - |
| २.२५ मुक्तिनाथ बैंक लिमिटेड | - | - | १,८१८,८२० | १,९३०,२६६ | - | - | - | - |
| २.२६ शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड | - | - | १६४,२६७ | २६३,७३० | - | - | - | - |
| २.२७ आइ सि एफ सि फाइनान्स लिमिटेड | - | - | ९०१,९१० | १,०६८,८०० | - | - | - | - |
| २.२८ श्री इनभेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | - | - | ६४३,८०० | ७८२,४०० | - | - | - | - |
| २.२९ सोल्टी होटेल लिमिटेड<br>१५ इक्विटी शेयर रु. १० प्रति शेयर | ३,४३२ | ३,०३८ | ३,४३२ | ३,९३० | - | - | - | - |
| २.३०अपि हाईड्रोपावर लिमिटेड<br>६ इक्विटी शेयर रु. १०० प्रति शेयर | २,४२९ | १,४६७ | २९,१४८ | २६,५९८ | - | - | - | - |
| २.३१ खानिखोला हाईड्रोपावर कम्पनी लिमिटेड | - | - | १,६०० | ४,४६४ | - | - | - | - |
| २.३२ युनिवर्सल पावर कम्पनी लिमिटेड | - | - | २,८९० | ३,१५० | - | - | - | - |
| २.३३ रिडी जलविद्युत कम्पनी लिमिटेड<br>१ इक्विटी शेयर रु. १०० प्रति शेयर | १ | ८३८ | १ | ८,६४० | - | - | - | - |
| २.३४ सानिमा माई हाइड्रो पावर कम्पनी लिमिटेड | - | - | १४७,५०० | १५३,९०० | - | - | - | - |
| २.३५ सान्जेन जल विद्युत कम्पनी लिमिटेड | - | - | ४५,२०० | ४४,९०० | - | - | - | - |
